# पहिलो – परिच्छेद

## शोध परिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक मदनमोहन मिश्रको जीवनी, व्यक्तित्व र कृतित्व रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका निमित्त प्रस्तुत गरिएको हो ।

### १.३ विषय परिचय

मदनमोहन मिश्रको जन्म १९९८ मार्गशुक्ल तृतीयाका दिन बाय्छे महापालटोल ललितपुरमा भएको हो । उनका पिताको नाम पं. मधुसूदन मिश्र र माताको नाम माहेश्वरी मिश्र हो । उनी २००८ सालदेखि साहित्य लेखनमा संलग्न रहेको पाइन्छ । बहुमुखी प्रतिभाका रूपमा उनले नेपाली साहित्यका विभिन्न विधा कविता, निबन्ध, हास्यव्यङ्ग्य, कला र संस्कृति सम्बन्धी अनुसन्धनात्मक ग्रन्थ रचनाका क्षेत्रमा कलम चलाएका छन् । उनी नेपाल भाषा (नेवारी) र नेपाली भाषा दुवै भाषा साहित्यको सिर्जनात्मक कार्यमा निरन्तर लागिरहेका छन् । प्रस्तुत शोधकार्यको प्रारम्भमा उनको जीवनी पक्षलाई विभिन्न शीर्षक दिएर अध्ययन गरिएको छ । आन्तरिक र बाह्य व्यक्तित्वका रूपमा विकसित मिश्रको व्यक्तित्व बहुआयामिक रहेको छ । यसमा मिश्रको व्यक्तित्व पक्षलाई गीतकार, कवि, निबन्धकार, समाजसेवी, शिक्षक, धार्मिक आदि व्यक्तित्वका रूपमा विभाजन गरी अध्ययन गरिएको छ ।

### १.४ समस्याकथन

प्रस्तुत शोधकार्यका शोधसमस्या निम्नलिखित रहेका छन् ।

(क) मदनमोहन मिश्रको जीवनी के कस्तो रहेको छ ?

(ख) मदनमोहन मिश्रको व्यक्तित्वलाई के-कस्तो रूपमा हेर्न सकिन्छ ?

(ग) मदनमोहन मिश्रको कृतित्वको विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका निम्न उद्देश्य रहेका छन्:

(क) मदनमोहन मिश्रको जीवनीका प्रमुख पक्षहरूको अध्ययन गर्नु ।

(ख) मदनमोहन मिश्रको व्यक्तित्वका विभिन्न पक्षलाई केलाउनु ।

(ग) मदनमोहन मिश्रको कृतित्वको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

मदनमोहन मिश्र करिब चार दशकदेखि साहित्य, कला र संस्कृतिका क्षेत्रमा सिर्जनात्मक कार्यमा संलग्न रहेका बहुआयामिक प्रतिभा हुन् । यिनले नेपाली साहित्यको विकासमा महत्वपूर्ण उत्तरदायित्व बहन गरेका छन् । तर पनि यिनका बारेमा विस्तृत रूपमा अध्ययन भएको पाइँदैन । यिनको जीवनी, व्यक्तित्व र समग्र कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी उनको साहित्यिक विश्लेषण गर्ने र मूल्य निर्धारण गर्ने काम पनि त्यति हुन सकेको छैन । यिनका बारेमा जे जति अध्ययन भएको छ त्यो सामान्य जानकारीमूलक मात्र भएको छ । यिनका बारेमा भएको केही पूर्वकार्यको समीक्षाको विवरण निम्नानुसार छ:

कान्तिपुरी महानगरी खण्डकाव्य २०५२ को भूमिका भागको मन्तव्य शीर्षकमा हुतराम वैद्यले मिश्रका कृतिहरूमा धर्म, संस्कृति कला, मात्र समावेश नभएर हास्यव्यङ्ग्यहरू पनि प्रयोग गरिएको कुरा बताएका छन् ।

ध्रुवकृष्ण दीपले 'कान्तिपुरी महानगरी' को भूमिका भागको 'मेरो भन्नु' शीर्षकमा मिश्रलाई हास्यव्यङ्ग्यलगायत विभिन्न विधामा बहुतै उत्साहपूर्वक कलम चलाउने परिश्रमी लेखनधर्मी व्यक्तित्व भनेका छन् ।

कान्तिपुरी महानगरी हास्यव्यङ्ग्यात्मक खण्डकाव्यका प्रकाशकले प्रकाशकीयमा लेखक मनमोहन मिश्रका रचना र उनले प्राप्त गरेका पुरस्कारको विवरण प्रस्तुत गर्दै आफ्नो अशक्ततालाई समेत बिर्सेर साहित्यिक सिर्जना गर्न सफल भएकोले त्यसको पुरस्कारस्वरूप उक्त पुस्तक प्रकाशित गरेको बताउँछन् ।

**भक्ति, शक्ति र संस्कृति** (२०५३) को भूमिकाभागको यो लेखक 'मेरो दृष्टि' मा शीर्षकमा पुरातत्व विभागका ऋद्धिबाबा प्रधानले मिश्रको सामान्य चिनारी गराउँदै उक्त कृतिको चर्चा गरेका छन् ।

**हाम्रो वागमती संस्कृति** (२०५३) को भूमिकामा रमेश विकलले मिश्रलाई बहुमुखी प्रतिभाका रूपमा चिनाउँदै उहाँको सांस्कृतिक सम्पदा जगेर्ना गर्ने प्रयास र उहाँको बहुआयामिक प्रतिभाको हार्दिक सराहना गरेका छन् ।

घटराज भट्टराईले लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठानद्वारा वि.सं. २०५६ सालमा प्रकाशित **नेपाली लेखककोश**को पृष्ठ ४६५ मा साहित्यकार मदनमोहन मिश्रका बारेमा सामान्य चर्चा गरेका छन् ।

**दश महाविद्या** (२०६४) का प्रकाशकले आफ्नो प्रकाशकीयमा उक्त कृतिका बारेमा प्रकाश पार्दै मिश्रलाई नेपाली मौलिक परम्परा एवं संस्कृतिका प्रखर ज्ञाताका रूपमा चिनाएको छ ।

## १.७ शोधकार्यको औचित्य

बहुमुखी व्यक्तित्वका धनी साहित्यकार मदनमोहन मिश्रले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । उनी सिर्जनात्मक क्षमताले खारिएका प्रतिभा भएर पनि चर्चामा आउन नसकेका साहित्यकार हुन् । त्यसैले उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गरिने पहिलो खोज अनुसन्धनात्मक कार्य स्वतः औचित्यपूर्ण हुने कुरा पुष्टि हुन्छ । यस शोधकार्यबाट आउने पिँढीलाई मिश्रका बारेमा तथा यिनका कृतिहरूका बारेमा वस्तुगत जानकारी उपलब्ध हुनेछ । साथै यस शोधकार्यबाट साहित्यकार मिश्रका बारेमा जिज्ञासु र अन्य साहित्यप्रेमीमा थोरै मात्र भए पनि तथ्य प्रस्तुत गरिने उद्देश्य रहेकाले यसको औचित्य देखिन्छ । यसैगरी नेपाली साहित्यको इतिहासलेखनका क्रममा एवम् साहित्यको खोज एव अन्वेषण गरी मूल्याङ्कन गर्ने क्रममा पनि यस शोधपत्रले टेवा पुऱ्याउने छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

मदनमोहन मिश्र नेपाली साहित्य र नेवारी साहित्यका समेत सर्जक हुन् । नेपाली साहित्यभित्रका सर्जक मिश्रको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षको अध्ययन, विश्लेषण र मूल्याङ्कनलाई लिई उनका काव्यकृतिको विशेष रूपमा विश्लेषण गर्दै अन्य उपलब्ध हुन सकेका कृतिहरूको सामान्य परिचय दिनु यस शोधकार्यको सीमा रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्य गर्दा सामग्रीसंकलनका लागि निम्न पद्धतिको प्रयोग गरिएको छः-

(क) पुस्तकालयीय पद्धति

(ख) क्षेत्रीय अध्ययन पद्धति - यसमा शोधनायकका साथै उनका पारिवारिक व्यक्ति, सहकर्मी र शुभेच्छुक व्यक्तिहरूसँग भेटवार्ता र अन्तर्वार्ता पद्धतिको प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद - शोधपरिचय

दोस्रो परिच्छेद - मदनमोहन मिश्रको जीवनी

तेस्रो परिच्छेद - मदनमोहन मिश्रको व्यक्तित्व

चौथो परिच्छेद - मदनमोहन मिश्रको कृतित्वको विश्लेषण र मूल्याङ्कन

पाँचौ परिच्छेद - उपसंहार

## १.११ भावी शोधकार्यका लागि सुझाव

प्रस्तुत शोधपत्र साहित्यकार मदनमोहन मिश्रको साहित्यिक योगदान र उनको व्यक्तित्वका बारेमा गरिएको पहिलो शोधकार्य हो । यसमा मिश्रको जीवनी र

व्यक्तित्वको सर्वाङ्गीण अध्ययन तथा उनका कृतित्वका सम्बन्धमा विवेचना गरिएको छ । कृतिहरूको विस्तृत अध्ययन र विश्लेषणका पछाडि उनका फुटकर कविता र लेखनिबन्धहरूको सामान्य सर्वेक्षण गरी नेपाली साहित्यमा उनको स्थान निर्धारण गरिएको छ । यस अध्ययनपछि पनि मिश्रका बारेमा शोधपत्र लेख्न चाहनेहरूका लागि प्रशस्त क्षेत्रहरू बाँकी रहेका देखिन्छन् । ती क्षेत्रहरूमध्ये केही सम्भावित शोध-शीर्षकहरू निम्न हुन सक्छन्:-

क) मदनमोहन मिश्रको निबन्धकारिता ।

ख) मदनमोहन मिश्रका निबन्धमा पाइने प्रकृति र साँस्कृतिक सम्पदा संरक्षण सम्बन्धी चेतना ।

# दोस्रो – परिच्छेद

## मदनमोहन मिश्रको जीवनी

### २.१ जन्म, जन्मस्थान र पारिवारिक स्थिति

मदनमोहन मिश्रको जन्म वि.सं. १९८८ माग शुक्ल तृतीयाका दिन बायुछे महापालटोल ललितपुरमा भएको हो । उनी पिता पण्डित मधुसूदन मिश्र र माता माहेश्वरी मिश्रका तेस्रो सन्तानका रूपमा जन्मिएका पुत्ररत्न हुन् ।[1] मधुसूदन र माहेश्वरी मिश्रका चार सन्तानमध्ये मदनमोहन तेस्रा हुन् । उनीभन्दा अगाडि स्व. दाजु हेमराज मिश्र र दिदी मिठू झा रहेका छन् भने उनीभन्दा पछाडि एकमात्र बहिनी सुभद्रा रहेकी छन् ।[2]

### २.२ बाल्यकाल

मदनमोहन मिश्रको जन्म निम्नमध्यमवर्गीय परिवारमा भएको थियो । उनी निम्नमध्यम परिवारमा जन्मिएकाले उनको बाल्यकाल सुख-दुःखसँग बितेको थियो । उनले बाल्यकालमा आमाबाबुको लाडप्यार भने प्रशस्तै पाएका थिए । उनले आफूभन्दा अगाडिका दाजु, दिदी र बहिनीसँग खेल्दै रमाउँदै आफ्नो बाल्यकाल बिताएका थिए ।

मिश्रको खेतबारी नभएको र बुबाको आयआर्जनको मूल स्रोत जजमानी भएकाले उनलाई बिहानबेलुका खान र लाउन समस्या परेको थियो । उनी ६-७ वर्षको उमेरमा बिरामी परेका थिए । १० वर्षको उमेरमा उनको व्रतबन्ध वैदिक विधिपूर्वक सम्पन्न भएको थियो [3]। मिश्रको बाल्यकाल केही समय मामाघरमा बितेको थियो भने बाँकी समय आफ्नै घरमा बितेको थियो । उनी नेवारी समुदायमा हुर्केकाले विविध चाडपर्व र जात्राहरूमा नाच्ने, रमाउने गर्दथे । आफ्नो टोलका साथीसङ्गतिसँग भकुण्डो, काठको पाटाजस्ता खेलहरू खेल्दै टोलटोलमा घुम्दै चञ्चले उनको बाल्यकाल बितेको थियो ।

---

[1] मदनमोहन मिश्रबाट प्राप्त जानकारी बमोजिम ।

[2] ऐजन ।

[3] ऐजन ।

## २.३ शिक्षादीक्षा

निम्नमध्यमवर्गीय परिवारमा जन्मिएका मदनमोहन मिश्रको अक्षराम्भ ५ वर्षको उमेरमा आफ्नै घरबाट भएको थियो । उनका पिता नेवारी पण्डित भएकाले उनलाई रूद्री, चण्डी, वेदादि शास्त्रहरूको ज्ञान थियो । त्यतिबेलाको नेपाली समाजमा ब्राह्मण र क्षत्रिय परिवारमा संस्कृत शिक्षा बढी प्रचलित थियो । त्यसै अनुरूप उनले पिताबाटै संस्कृतको 'नमो वागीश्वराय' बन्दना सिकेर अनौपचारिक शिक्षारम्भ गरेका थिए ।[४] तत्कालीन समयमा आफ्ना मातापितालाई ढोग गरेर पढ्ने चलन भएकाले उनी आफ्ना मातापिताको चरणकमलमा परेर मात्र पढ्ने गर्दथे । उनले संस्कृतको नमोः वागीश्वराय बन्दना कण्ठस्थ गरेपछि वर्णाक्षर, चाणक्य र पाण्डवगीता पनि आफ्ना पिताजीबाट सिकेका थिए ।

मदनमोहन मिश्रको औपचारिक शिक्षारम्भ भने १९९६ सालमा ८ वर्षको उमेरमा अंग्रेजी शारदा विद्यालयबाट भएको थियो । उनले उक्त विद्यालयमा सुरूमा फस्ट बुक र त्यसपछि तीन कक्षासम्म न्यू स्टडी क्लासरिडर पढेका थिए । तीन कक्षामा पढ्दापढ्दै बिरामी परेकाले उनले बीचैमा पढाइ छोडेका थिए । त्यसको केही वर्षपछि चौध-पन्ध्र वर्षको उमेरमा उनले रानीपोखरी संस्कृत पाठशालामा **रघुवंश काव्य, लघुसिद्धान्त कौमुदी र अमरकोश** जस्ता संस्कृत ग्रन्थहरू गुरू मंगलराज र सोमनाथ सिग्द्यालबाट पढ्न पाएका थिए ।[५] उनी दिउँसो संस्कृत पाठशाला रानीपोखरीमा पढ्थे भने बेलुका **नवीन प्रौढ** मा प्रौढशिक्षा पढ्ने गर्दथे । उनी रानीपोखरी संस्कृत पाठशालामा संस्कृत मध्यमा उत्तीर्ण नहुँदै टाइफाइड भएर बिरामी परेकाले उनले पढाइ छोडेर औचापरिक शिक्षा यहीँ समाप्त गरेका थिए । त्यसपछि उनले औपचारिक पढाइलाई निरन्तरता दिएनन् र अनौपचारिक रूपमा भनेस्वाध्ययन गरेका थिए ।

[४] ऐजन ।

[५] ऐजन ।

## २.४ विवाह र सन्तान

मदनमोहन मिश्रको २०१७ सालमा काठमाडौं यट्खाटोल निवासी स्व. रामनाथ झा र कौशल्या झाकी छोरी चन्द्रवदनसँग २७ वर्षको उमेरमा मागी विवाह भएको थियो ।[६]

मिश्र दम्पतीका एक छोरा र तीन छोरी गरी चारजना सन्तान छन् । उनकी जेठी छोरी सुनैना मिश्रले एम.ए. गरेकी छन् । उनको विवाह २०५६ सालमा भारत-निवासी डा. सुनीलचन्द्र झासँग भइसकेको छ । उनका पति हाल नुवाकोट मेडिकल कलेजमा कार्यरत छन् भने उनले पनि प्राध्यापन गरिरहेकी छन् । उनकी माहिली छोरी सुलोचना र कान्छी सम्पूर्णले क्रमशः बी.ए. र आइ कम गरेका छिन् । माहिली छोरी सुलोचनाको विवाह २०३१ सालमा कुसुन्ति ललितपुरनिवासी उद्योगी अच्युत लामिछानेसँग र कान्छी छोरी सम्पूर्णको विवाह २०३४ सालमा काठमाडौं निवासी व्यापारी केशप्रसाद मिश्रसँग सु-सम्पन्न भइसकेको छ ।[७] हाल दुवै दिदी-बहिनी शिक्षण पेशामा संलग्न छन् ।

मिश्रका सबैभन्दा कान्छा एक मात्र छोरा सुमंगलमोहन मिश्र हाल अष्ट्रेलियामा इञ्जिनियरिङ्ग अध्ययनरत छन् ।

मिश्र दम्पतीका तीन छोरीको विवाह भैसकेको र छोरा सुमंगलमोहन मिश्र पनि पढाइको सिलसिलामा अष्ट्रेलियामा रहेकाले दुई दम्पती मात्र ललितपुरस्थित आफ्नै निवासमा बुढ्यौली जीवन बिताइरहेका छन् । मिश्रकी श्रीमतीले तीन कक्षासम्म पढ्दापढ्दै आमा स्वर्गीय भएकाले पढाइ छोडेकी थिइन् । सानै उमेरमा आमा खसेकाले आफ्नो मामाघरमा हुर्केकी उनी कुशल गृहिणीका रूपमा रहेकी छन् ।

## २.५ दाम्पत्यजीवन र पारिवारिक स्थिति

मदनमोहन मिश्र र चन्द्रवदन मिश्रको करिब ४९ वर्ष लामो दाम्पत्य जीवन प्रायः सुखमय एवं आनन्दपूर्वक नै बितेको देखिन्छ । विवाहपछिको दाम्पत्य जीवन एक आपसमा सहयोगी, भरोसापूर्ण र सुखदुःखमा संवेदनशील र उत्साहप्रद नै रहेको

---

[६] मदनमोहन मित्रबाट प्राप्त जानकारी बमोजिम ।

[७] श्रीमती चन्द्रवदनसितको कुराकानीबाट प्राप्त जानकारीबमोजिम ।

पाइन्छ । उनी वैवाहिक जीवनमा श्रीमान् र श्रीमतीबीच कहिलेकाहीँ ठाकठुक पनि हुने गरेको बताउँछिन् । भारतको बद्रीनाथ जाँदा सामान्य विवाद भएर बोलचाल बन्द गरेको र श्रीमतीसँग कुरा नमिलेर नै 'बंगलामुखीदेखि बद्रीनाथसम्म' भन्ने काव्य लेखेको तीतो अनुभव उनी सुनाउँछन् ।[८] लोग्ने स्वास्नीको झगडा परालको आगो भनेझैं श्रीमान् र श्रीमतीबीचको कहिलेकाहीँको यस्तो विवाद दिगो नभएर क्षणिक मात्रा रहेको पाइन्छ । सामान्य झिनोमसिनो विवाद भए तापनि बाँकी वैवाहिक जीवन एक आपसमा भएका विश्वासपूर्ण र प्रेमपूर्ण विचार एवं जाँगरले गर्दा शान्त र रसमय रहेको पाइन्छ ।

मदनमोहन मिश्रको पारिवारिक स्थिति कमजोर रहेकाले उनको बाल्यकाल त्यति सुखद देखिँदैन । निम्नमध्यमवर्गीय परिवारमा जन्मिएको हुँदा उनी सुरूदेखि नै तडकभडकदेखि टाढा रहेका थिए । आफ्ना पिता, परिवार र गुरूजनबाट स्नेहपूर्ण व्यवहार र असल शिक्षा पाएका मिश्र अनुशासित थिए । अध्यात्मवादप्रति झुकाउ राख्ने परिवार भएकाले उनको घरमा नित्य पूजापाठ हुने गर्थ्यो । उनका पिता विविध धार्मिक कार्यक्रममा कथा, पुराण सुनाउने जजमानी गर्ने धर्मनिष्ठ व्यक्ति थिए र यही पेसाबाट घरखर्च चलाउने पनि गर्दथे ।[९] माता माहेश्वरी मिश्र पनि ईश्वरभक्त थिइन् । उनी जडीबुटीबाट घरेलु औषधी तयार पारी टोलमा लुतो खटिराको उपचार गर्ने गर्दथिन् । आमाबाबुको प्रेरणा र परिवारको संस्कारले आफूमा पनि ईश्वरप्रति अगाध आस्था रहेको कुरा मिश्र बताउँछन् ।

## २.६ बसोबास

मिश्रको पुर्ख्यौली मूल थलो धनुषा जिल्ला हो । मिश्रका पुर्खाहरूको बसोबास जनकपुरमा भए पनि अहिले उनीहरू धेरै पुस्तादेखि काठमाडौंको ललितपुरमा बसोबास गर्दै आएकाले उनी काठमाडौं ललितपुरका पुराना बासिन्दा भएका छन् ।[१०] हाल मदनमोहन मिश्र ललितपुरको तिछुँ गल्ली महापालटोलमा बसोबास गर्दै आएका छन् ।

---

[८] ऐजन ।

[९] मदनमोहन मिश्रबाट प्राप्त सूचना बमोजिम ।

[१०] मदनमोहन मिश्रसितको कुराकानीबाट प्राप्त जानकारी बमोजिम ।

## २.७ आर्थिक अवस्था

मदनमोहन मिश्रको आर्थिक अवस्था कमजोर रहेको पाइन्छ । उनको घरमा खेतीपाती गर्नलाई पनि जग्गा-जमिन थिएन । पिताको पनि जागिर थिएन र उनले धार्मिक कार्यक्रममा कथा, पुराण सुनाएर जजमानी गरी घरपरिवार चलाएका थिए । जसले गर्दा उनको परिवारमा आर्थिक अभाव रहेको पाइन्छ ।

मिश्रले आर्थिक समस्याका बाबजुद पनि संस्कृत मध्यमासम्मको अध्ययन गरेका थिए । उनको पैतृक सम्पत्ति प्रशस्त मात्रामा नभएकाले एउटा पुरानो घर पनि दुई दाजुभाइको अंशवण्डा परी नपुगेकाले मिश्र ७ वर्ष डेरामा बसेका थिए ।[११]

संस्कृत मध्यमासम्मको अध्ययन गरेका मिश्रमा धन कमाउने विशेष महत्वकांक्षा थिएन । संस्कृत मध्यमा पढ्दापढ्दै छोडेका मिश्रले जीविकोपार्जनका लागि अध्यापन पेसा अंगालेका थिए । उनले **चण्डी बाल विद्याश्रम**मा अध्यापन पनि गरी अर्थोपार्जनको सुरूवात गरे । पछि उनले कन्या निकेतनमा पनि अध्यापन गरेका थिए ।[१२] शिक्षण पेसामा आवद्ध मिश्रले शिक्षण कार्य सँगसँगै आफ्नो लेखनकार्यलाई पनि निरन्तरता दिएका थिए । उनले आफ्ना फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्नुका साथै पुस्तककार कृति निर्माण गरी आर्थिक लाभ लिएका थिए ।

हाल करिब ७५ वर्षको बुढ्यौली जीवन बिताइरहेका मिश्रको जीवन कष्टप्रद रहेकों छ । उनका तीन छोरीको विवाह भइसकेको छ भने छोरा पनि पढ्दै गरेकाले घरमा आयआर्जन गर्ने कोही पनि छैन । सिर्जनाप्रति निष्ठापूर्ण लगाउ भएका र सिर्जनाक्षेत्रमा अविरल कलम चलाउने मिश्र आर्थिक अभावले गर्दा आफूले चाहेजति कार्य गर्न नसकेको बताउँछन् ।[१३] बुढ्यौली र आर्थिक समस्या हुँदाहुँदै पनि सिर्जन कार्यमा निरन्तर लागिपरेका मिश्रका धेरैजसो रचनाहरू प्रकाशनको खोजीमा रहेका छन् । यस स्थितिमा उनका धेरै अप्रकाशित रचनाहरू प्रकाशित गर्न र चर्चा परिचर्चामा ल्याउन आर्थिक सहयोगको खाँचो देखिन्छ । मिश्र आफ्ना इच्छाहरू पूरा गर्ने साधनको रूपमा धनलाई हेर्छन् । सामान्यतया खानेलाउने इच्छाहरू बल्लतल्ल

---

[११] ऐजन ।

[१२] ऐजन ।

[१३] मदनमोहन मिश्रसितको मौखिक अन्तवार्ताबाट प्राप्त सूचना बमोजिम ।

पूरा भए तापनि रचनाको माध्यमबाट स्थापित हुने आफ्नो इच्छा अझै पूर्ण हुन बाँकी रहेको धारणा मिश्रको रहेको छ ।

मोटामोटीरूपमा हेर्दा आफ्नो जीवनभरको कमाइबाट ललितपुरको तिछुँ गल्लीमा निर्मित ८ कोठासहितको ३ तले घर मात्र मिश्रको सम्पत्ति हो । १ आना जग्गामा निर्मित उक्त भवनमा अहिले मिश्रपरिवारको जीवन बितिरहेको देखिन्छ ।

## २.८ कार्यक्षेत्र

अध्यापनबाट अवकाशप्राप्त बुढ्यौली जीवन बिताइरहेका मिश्रको सुरूमा अध्यापन नै मुख्य कार्यक्षेत्र भए पनि हाल मूल कार्यक्षेत्र साहित्य विषयको अध्ययन, चिन्तन, मनन, लेखन र प्रकाशन भएको देखिन्छ ।[१४] संस्कृत मध्यमासम्म अध्ययन गरेका मिश्र सुरूदेखि नै शिक्षणका साथसाथै साहित्य लेखनमा सक्रिय रूपमा लागेको पाइन्छ । उनले आफ्नो सिर्जनशीलतालाई निरन्तर बढाउँदै लगेकाले हालउनको मुख्य कार्यक्षेत्र साहित्यलेखन देखिन्छ ।

## २.९ भ्रमण

मदनमोहन मिश्र भ्रमणलाई विशेष रूचाउँछन् । भ्रमणबाट साहित्यिक रचनाको लागि प्रेरणा मिल्ने कुरा उनी स्वीकार्छन् । उनले अन्तर्राष्ट्रिय क्षेत्रमा भ्रमण गर्ने अवसर हालसम्म पनि पाएका छैनन् । आफ्नो देशका पनि सबै स्थानमा भ्रमण गर्न पाएका छैनन् । उनले स्वदेशका नारायणी, गण्डकी र वागमती अञ्चलका महत्वपूर्ण स्थानहरू र भारतका महत्वपूर्ण धार्मिक स्थलहरू बद्रीनाथ, हरिद्वार लगायत उडिसा र कलकत्ता क्षेत्रको भ्रमण गरेका छन् ।[१५]

## २.१० रूचि तथा स्वभाव

मदनमोहन मिश्र बाल्यकालदेखि नै अध्ययनशील, स्वाभिमानी र परिश्रमी स्वभावका थिए । मन्दिरैमन्दिरको सहर काठमाडौंमा जन्मिएकाले धार्मिक र स्थानीय लोकसंस्कृतिको प्रभावले उनको बालसुलभ प्रतिभा साहित्यिकसिर्जनातर्फ आकर्षित हुन पुगेको पाइन्छ । उनी सानै उमेरदेखि भावुक र मिजासिला प्रकृतिका थिए । उनकै भनाइअनुसार आफूले जान्दाका समयदेखि लिएर उनी हरेक घटनाबाट प्रभावित हुन्थे ।

[१४] ऐजन ।

[१५] मदनमोहनसँगको कुराकानीका आधारमा ।

चाहे त्यो घटना सामाजिक होस् या प्राकृतिक अथवा व्यक्तिगत नै किन नहोस् । उनी सामाजिक घटनाहरू वा टोलका झै-झगडा देख्दा पनि प्रभावित हुन्थे र त्यसप्रति आफ्नो असहमति महसुस गर्थे । मिश्रले यस्तो असहमति आफ्ना रचनामार्फत व्यक्त गरेका छन् । कुनै पनि विषयमा बढी चिन्तनशील हुनु, प्रतिदिन केही न केही रचना गर्न उद्यत हुनु मिश्रको मुख्य स्वभावभित्रै पर्दछ ।[१६] उनको आन्तरिकभन्दा पनि बढी बाह्य सामाजिक वातावरणमा रमाउने बानी रहेको पाइन्छ ।

मिश्रले आफ्नो पुर्ख्यौली संस्कारलाई छोडेका छैनन् र कुलपरम्पराअनुसारका धार्मिक कार्यहरू यथासमयमा पूर्ण गर्ने गर्दछन् । उनले कथा, पुराणका साथसाथै श्राद्ध र सप्ताह पनि सञ्चालन गरेका छन् । उनी आफ्ना आवश्यक नित्यकर्म र पाठपूजालाई सकेसम्म निर्वाह गर्न रूचाउँछन् । धर्मप्रति आस्था राख्ने नेवारी ब्राह्मण परिवारमा जन्मिएकोले र काठमाडौंको वातावरण धार्मिक तथा भक्तिप्रधान भएकाले पनि उनी ज्यादै आस्तिक छन् । उनले धर्म र कलासंस्कृतिसम्बन्धी थुप्रै लेखरचनाहरू प्रकाशित गरेका छन् र उनी मूलतः धर्म, कला र संस्कृतिसम्बन्धी लेखनमा नै बढी लागि परेको देखिन्छ ।

मिश्रको साहित्यमा रूचि भएकाले शारीरिक परिश्रमभन्दा बौद्धिक-मानसिक परिश्रममा लाग्न रूचाउने खेलकुदमा रूचि कम रहेको देखिन्छ । यद्यपि प्रारम्भिक बाल्यकाल र अध्ययनकालमा भने उनी भकुन्डो, काठको पाटा र कपर्दी आदि खेल खेल्न रूचाउँथे ।[१७]

मानिसका विभिन्न रूचि हुन्छन् । खाना र पोसाकसम्बन्धी रूचिको जीवनमा ठूलो महत्व रहन्छ । मिश्रको भनाइअनुसार उनी श्रृङ्गाररसका प्रेमी थिए । उनी बाल्य अवस्थादेखि नै गुलियो वस्तु बढी मन पराउँथे । उनी पीरो, अमिलो र जथाभावी खाना रूचाउँदैनन् । पोसाकको विषयमा उनलाई क्रीम रङ्गका कपडाहरू बढी मन पर्दछन् भने रातो भडक्किलो कपडाहरू उनी मनपराउँदैनन् । उनी दौरासुरूवाल, कमिजसुरूवाल, धोती कमिज, लङ्गौटी आदि पोसाक रूचाउँछन् ।[१८] मिश्रको जीवन सादा र विचार उच्च देखिन्छ । खर्चिलो तडकभडक मननपराउने सरल, मृदुभाषी र

[१६] मदनमोहन मिश्रकी कान्छी छोरी सम्पूणबाट प्राप्त जानकारी बमाजिम ।

[१७] मदनमोहन मिश्रसँगको कुराकानीको आधारमा ।

[१८] श्रीमती चन्द्वदनबाट प्राप्त सूचना बमोजिम ।

नम्र मिजासका व्यक्ति मिश्र बाहिर सिङ्गारिनुलाई उति महत्व दिँदैनन् । उनी पुरानो वस्तु तुरून्त त्याग्न मन पराउँदैनन्, पुराना चिज नै बढी प्यारो मान्छन् र त्यसप्रतिको आफ्नो प्रेमलाई तुरून्त टुक्र्याउन खोज्दैनन् ।

मिश्र सङ्गीतप्रेमी छन् । उनी शास्त्रीय छन्द र लोकलय दुवैलाई मन पराउँछन् । शास्त्रीय छन्दहरूमा पनि शार्दूलविक्रीडित छन्दका प्रेमी छन् । यसका साथसाथै मन्दाक्रान्ता, शिखरिणी, मालिनी आदि छन्दहरू उनलाई मनपर्छ । उनी स्थानीय लोकलय र लोकगीत मन पराउँछन् । उनलाई मनपर्ने सङ्गीतका उपकरणमध्ये सर्वप्रिय उपकरण सितार हो । उनी भजनकीर्तनमा रमाउने र भजनकीर्तनहरूमा सुनिने शास्त्रीय धुनमा ज्यादै आकृष्ट हुन्छन् ।

## २.११ लेखनका लागि प्रेरणा र प्रभाव

मदनमोहन मिश्रका मामाले साहित्यसिर्जना गर्ने गर्दथे । उनी केही समय मामाघरमा बसेकाले आफूमा मामाबाट पनि प्रभाव परेको बताउँछन् । मिश्र धार्मिक वातावरणमा हुर्किएका थिए । उनका पिता पण्डित भएकाले धार्मिक कार्यक्रम संचालन गरी कथा, पुराण सुनाउने गर्दथे जसले गर्दा उनमा पिताको प्रभाव परेको उनी बताउँछन् ।[१९] साथै मिश्र नेवारी वातावरणमा हुर्केबढेकाले विभिन्न चाडपर्व जात्राहरू लगायतका स्थानीय लोकसंस्कृतिको झङ्कारबाट उनले प्रभाव ग्रहण गरेको देखिन्छ । २००७ सालको प्रजातन्त्र प्राप्तिपछि मिश्र विविध साहित्य सम्मेलनमा भाग लिन्थे र आफूले त्यहाँ सुनाएका साहित्यिक रचनाबाट पनि प्रभाव ग्रहण गरेको उनी बताउँछन् । मिश्रका लेखरचना उनकी आमाले बत्ती कात्दै सुन्ने र सुनाउन आग्रह गर्ने गरेकाले पनि उनलाई साहित्यिक लेखनको लागि प्रेरणा मिलेको बताउँछन् । कृति पूर्ण भएपछि शुभचिन्तक जुनु अमात्यले पाँच सय रूपैया पुरस्कार दिएकाले पनि मिश्रलाई साहित्यिक प्रेरणा र हौसला प्राप्त भएको थियो । साथै डा. चन्द्रबहादुर जोशी र शक्तिनन्दन शर्मा जस्ता गुरूजनबाट पनि आफू प्रेरणा प्राप्त गरेको उनी बताउँछन् ।[२०] घाँसीले गाएका गीत सुनेर पनि मिश्रलाई लेखनमा प्रेरणा मिलेको देखिन्छ । २००३३ सालदेखि खुलेको मंगल पुस्तकालयमा गएर अध्ययन गर्नेगरेको र त्यही पुस्तकालयमा रहेको ‘कामायनी’ भन्ने हिन्दी काव्य पढेर त्यसैको प्रभावमा सीताहरण खण्डकाव्य लेखेको कुरा पनि मिश्र बताउँछन् ।

---

[१९] मदनमोहन मिश्रबाट प्राप्त मौखिक सूचना बमोजिम ।

[२०] ऐजन ।

## २.१२ लेखनको प्रारम्भ र प्रकाशन

मदनमोहन मिश्रले नेपाली साहित्यका विविध विधा कविता, निबन्ध, हास्यव्यङ्ग्य र कलासंस्कृतिसम्बन्धी अनुसन्धनात्मक ग्रन्थलेखनमा कलम चलाएका छन् । उनको सृजनयात्रा भने कविता लेखनबाट सुरू भएको हो । मिश्रले नेपाली र नेपाल दुवै भाषामा साहित्य रचना गरेका छन् ।

मिश्र २०३८ सालदेखि साहित्यलेखनमा संलग्न भएको पाइन्छ । उनको पहिलो रचना 'बिहान' नामक कविता हो ।

मदनमोहन मिश्रका रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । **गोरखापत्र दैनिक**मा 'घण्टाकर्ण' र अरू संस्कृतिसम्बन्धी रचना तथा **राइजिङ नेपाल**मा अष्टमङ्गल, पर्स **पेक्टिभ**मा सेक्सुयल आर्ट प्रकाशित छन् । श्री ५ को सरकार सूचना विभागबाट प्रकाशित त्रैमासिक **नेपाल**मा मिथिलासम्बन्धी लेख र **पन्चायत झलक**मा मूर्तिकला र खत्रीको खुल्दुली प्रकाशित छन् । साथै **हिमचुली** पत्रिकामा केही कविता, नेपाल भाषातर्फ 'सितुयो कन्हे झी' र 'मचा' पत्रिकामा केही पद्य र रा.प्र.प्र.को **प्रज्ञा** त्रैमासिकमा पनि केही रचना प्रकाशित भएका छन् ।[२१]

**अपर्ण, हाँक विकास, सहकारी, नकच्चरो लालीगुराँस, समर्पण, मायालु, कलियुग, लज्जावती, पञ्चायत द भ्वाइस, धर्मभूमि, किरण,** भक्तपुर विकास सहयोग संघको खोत्टङमा, नेपाल भाषाको **स्वनिगः पल्यस्वाँ जः**, पाटन क्याम्पसको पत्रिका, शंकरदेव क्याम्पसको चकना वार्षिकमा, ललितपुर नगरपालिकाको ललितपुरमा, **ढुङ्गेधारा** र **तुण्डुकार समाज** वार्षिकमा, नेपाल भाषाको **विश्वभूमि इनाप, नेपाली** त्रैमासिक र **वैदिक उद्बोधन, झङ्कार, युगप्रेरणा, युग आह्वान** आदि थुप्रै पत्रपत्रिकामा मिश्रका रचनाहरू प्रकाशित भइसकेका छन् भने अमलेख साप्ताहिक पत्रिकामा उनको 'कथाः पाटी-पौवाहरूको' शीर्षकमा धारावाहिक रूपमा रचना प्रकाशित भइरहेको छ ।[२२]

पुस्तकाकार कृतितर्फ उनको प्रथम प्रकाशन 'सीताहरण' खण्डकाव्य हो । यो कृति २०१७ सालमा प्रकाशित भएको थियो । २०१८ मा प्रकाशित 'रामराज्य' खण्डकाव्य मिश्रको दोस्रो कृति हो । उनको तेस्रो 'राष्ट्रिय मूर्तिकला' नामक

---

[२१] ऐजन ।

[२२] ऐजन ।

कलासम्बन्धी कृति हो । यो २०२३ सालमा लेखक स्वयम्ले प्रकाशित गरेका थिए । चौथो 'क्वाटिको रस' नामक काव्य २०३६ सालमा प्रकाशित भएको थियो । पाँचौ कृति 'हाम्रो कला संस्कृति एक विहंगम दृष्टि' जयजोशी प्रकाशनद्वारा २०४१ सालमा, छैटौं 'यहाँलाई परिचय गराउँ कि ? कविता २०४२ मा, सातौं धार्मिक कृति 'नेपाली संस्कृतिमा शिवमहिमा' मित्र करूण प्रकाशनद्वारा २०४३ सालमा, आठौं 'नेपाली संस्कृतिमा वाग्मती एक विहङ्गम दृष्टि' श्रद्धा प्रकाशनद्वारा २०४७ मा, नवौ 'वाग्मतीको विलाप' कवितासङ्ग्रह २०४९ मा दसौं कृति 'ललितपुरका सांस्कृतिक सम्पदा' २०५० सालमा, एघारौं 'कान्तिपुरी महानगरी' कवितासङ्ग्रह रमा प्रकाशनद्वारा २०५२ सालमा, बाह्रौ 'बंगलामुखीदेखि बद्रीनाथसम्म' २०५६ सालमा, तेह्रौ पुस्तकाकार कृति 'राजदरबारको हत्याकाण्ड' वि.सं. २०५९ सालमा, 'चौधौं सामान्य बन्दना माला' २०६० सालमा, 'मङ्गल वन्दना माला' २०६१ सालमा 'वन्दना पुष्पाञ्जली' २०६२ मा र मिश्रको सत्रौं कृति 'दश महाविद्या' वैदिक प्रतिष्ठानद्वारा २०६४ सालमा प्रकाशित भएको हो ।[२३]

## २.१३ पदक, सम्मान तथा पुरस्कार

करिब चार दशकदेखि साहित्य, संस्कृति र कलाको क्षेत्रमा सिर्जनात्मक लेखन् कार्यमा संलग्न बहुआयामिक प्रतिभा मदनमोहन मिश्रले थुप्रै पदक, सम्मान तथा पुरस्कार प्राप्त गरिसकेका छन् । उनले प्राप्त गरेका सम्मान र पुरस्कारमा गुणराज पुरस्कार अन्तर्राष्ट्रिय कविता प्रतियोगितामा नेपाल लिटररि सोसाइटीद्वारा द्वितीय पुरस्कार, २०५३ सालमा भैरव पुरस्कार, चन्द्रकृष्ण रेवती रमणानन्द पुरस्कार, चन्द्रकृष्ण पुरस्कार सहिद सप्ताह कविसम्मेलनमा दुई पटक श्री ५ महेन्द्रबाट मङ्गललक्ष्मी पुरस्कार (२०२४, २०२५, २०२७ र २०४८) र एक पुस्तकमा मन्तव्य बक्स, साहित्य मुलुखा स्वर्ण पदक, सनातन धर्म सेवा समितिद्वारा अभिनन्दन, भक्तपुर विकास सहयोग संघ काठमाडौंबाट सम्मानपत्र आदर्श कन्या मा.वि. द्वारा २०६३ मा कदरपत्र र भारतीय पूर्व महाहिम राजदूत भगवान् सहायबाट २०१४ मा लिथोमेशिन उपहार आदि रहेका छन् ।[२४]

---

[२३] मदनमोहन मिश्रबाट प्राप्त मौखिक सूचनाबमोजिम ।

[२४] ऐजन ।

# तेस्रो – परिच्छेद

## मदनमोहन मिश्रको व्यक्तित्व

व्यक्तित्व भनेको जैविक रचना, मूल प्रवृत्ति र आर्जित गुणहरूको समन्वित रूप हो । यसको निर्माणमा वंशपरम्परा र वातावरणको भूमिका रहन्छ । तसर्थ वंशपरम्परा र वातावरण व्यक्तित्वका मूल घटक हुन् । वंशपरम्पराबाट निर्मित मानसिकताबाट व्यक्तिचेत बन्छ र वातावरणको क्रिया प्रतिक्रियाबाट त्यसको विकास हुन्छ ।

व्यक्तित्वका दुई पाटा हुन्छन्- आन्तरिक व्यक्तित्व र बाह्य व्यक्तित्व । आन्तरिक व्यक्तित्व व्यक्तिको भित्री गुणसँग सम्बन्धित हुन्छ, जसलाई आन्तरिक सौन्दर्य पनि भन्न सकिन्छ । बाह्य व्यक्तित्व मूलतः व्यक्तिको बाह्य पक्षसित सम्बन्धित हुन्छ । यसले बाहिरी रूपलाई जनाउँछ ।[१] मदनमोहन मिश्रको व्यक्तित्वविकासमा पनि वंशपरम्परा र वातावरण दुवै पक्षको गहिरो प्रभाव परेको पाइन्छ । सन्तानमा आनुवंशिक रूपमा हुँदै जाने व्यक्तित्वको रचनाले निश्चय नै समाजमा ठूलो भूमिका निर्वाह गरेको हुन्छ । यसरी आनुवंशिक व्यक्तित्वको प्रभावका साथसाथै कविको अन्तर्बाह्य दुवै व्यक्तित्वमा काठमाडौंको स्थानीय नेवारी संस्कृति र वातावरणले उनलाई सिर्जनातर्फ घच्घच्याएको पाइन्छ । यस परिच्छेदमा मिश्रको आन्तरिक र बाह्य दुवै व्यक्तित्वका साथसाथै तिनबाट विकसित साहित्यिक, सामाजिक, धार्मिक आदि व्यक्तित्वका बारेमा स्पष्ट पार्ने प्रयास गरिएको छ ।

### ३.१ आन्तरिक व्यक्तित्व

मान्छेमा जतिसुकै बाहिरी रूपको आडम्बर भए पनि उसमा आन्तरिक सौन्दर्य जनित गुणहरू भएनन् भने त्यो अपूर्ण नै हुन्छ । आन्तरिक सौन्दर्य भन्नु नै व्यक्तिमा अन्तर्निहित गुण हो, यसैलाई आन्तरिक व्यक्तित्व पनि भनिन्छ । व्यक्तिमा रहेको सिर्जनात्मक प्रतिभाले उसको आन्तरिक व्यक्तित्वलाई चहकिलो बनाउँछ । मान्छेलाई बाह्य रूपमा जे-जस्तो देख्न र भोग्न सकिन्छ त्यसभन्दा धेरै विशेषता उसभित्र लुकेर

---

[१] केशवप्रसाद उपाध्याय, समको दुखान्त नाट्य चेतना (काठमाण्डौं: नेपाल राजकीय प्रचाप्रष्ठिान ।

रहेका हुन्छन् । उसले सँगालेका ज्ञान, उसको विचार, भावना र अनुभूतिजन्य कुराबाट नै आन्तरिक व्यक्तित्वको गहिराइ बोध गर्न सकिन्छ ।

मिश्र सानो उमेरदेखि सहनशील र भावुक प्रकृतिका थिए । उनी निकै सरल, शान्त र निश्चल स्वभावमा रमाउने प्रकृतिका व्यक्ति हुन् । मिश्रको अन्तर्गत्माभन्दा बाहिरी सामाजिक वातावरणमा बढी रमाउने बानी छ । मिश्र मृदुभाषी र रसिक स्वभावका पनि देखिन्छन् । उनलाई नजिकबाट चिन्ने जोसुकैले पनि मन पराउने, आदर र सम्मान गर्ने गरेको बुझिन्छ । नरम बोलीवचन र आत्मीयतापूर्ण व्यवहारले उनी समाजका सबै मानिसहरूमाभ्र प्रिय बनेका पाइन्छन् ।[२] उनी दया, माया र करूणाका धनी छन् । उनमा कुनै किसिमको बाहिरी आडम्बर, तडकभडक र अर्काको सिको गर्ने बानी रहेको पाइँदैन । मदनमोहन मिश्र विश्वको वर्तमान असहज अवस्था देखेर बढी चिन्तिन छन् । साथै नेपालको आफ्नो मौलिक संस्कृति र धार्मिक सम्पदा, मठ, मन्दिर, पाटी-पौवा आदि लोप हुँदै गएकोमा त्यसको संरक्षणप्रति उनको बढी चासो देखिन्छ र यिनका लेखरचनाहरू पनि यसैसँग सम्बन्धित देखिन्छन् ।

अनुशासन मिश्रपरिवारको वंशाणुगत संस्कार भएकाले उनको व्यक्तित्वमा पनि त्यसको गहिरो प्रभाव परेको देखिन्छ । उनको विचारमा अनुशासनविनाको मान्छे लगामविनाको घोडा हो । मिश्रले पूर्वजहरूको धार्मिक-सांस्कृतिक संस्कारलाई छोडेका छैनन् र उनी कुल परम्पराअनुसारका धार्मिक अनुष्ठानहरूमा निष्ठापूर्वक लागि रहन्छन् । उनको ईश्वरप्रति अगाध आस्था रहेको पाइन्छ ।[३]

उपर्युक्त दृष्टान्तका आधारमा भन्नुपर्दा मिश्रको आन्तरिक व्यक्तित्व निकै आकर्षक, सिर्जनशील र उर्वर छ भन्न सकिन्छ ।

## ३.२ बाह्य व्यक्तित्व

मदनमोहन मिश्र होचो कदका देखिन्छन् । लाम्चो अनुहार भएका मिश्र सधैं प्रसन्न उज्यालो र हँसिलो मुद्रामा देखिन्छन् ।उनी रसिक स्वभावका पनि छन् ।

---

[२] मदनमोहन मिश्रसँगको कुराकानीका आधारमा ।

[३] ऐजन ।

बच्चादेखि नै सागसिस्नो जे भए पनि मिठोसित टन्न खाने, सात्विक भोजन गर्ने र बाहिर जथाभावी नखाने उनको बानी छ ।[४]

मिश्र बाहिर जाँदा दौरासुरूवाल, कमिजसुरूवाल लगाउँछन् भने घरको पहिरन धोती कमिज भएको देखिन्छ । उनका शिरमा सधैं नेपाली टोपी सजिएको हुन्छ । उनी प्रायः क्रिम रङ्गका कपडाहरू मन पराउँछन् भने यस पोशाकमा सजिएर हिँड्दा उनको व्यक्तित्व पनि आकर्षक देखिन्छ । बाहिरी स्वरूप जस्तो भए पनि उनी अत्यन्त सरल गम्भीर स्वभावका व्यक्ति हुन् । उनी प्रायः सादा पोशाकमा र उच्च विचारमा नै रमाएका देखिन्छन् ।[५] नेत्रगोचर आकृतिलाई नै वस्तुतः बाह्य व्यक्तित्व भनिन्छ । आन्तरिक व्यक्तित्व अजर-अमर प्रकृतिको हुन्छ भने बाह्य व्यक्तित्व रूपाकृतिसँग सम्बद्ध भएकाले यो क्षणिक प्रभावी हुन्छ ।

## ३.३ साहित्यिक व्यक्तित्व

करिब चार दशकदेखि साहित्यिक कार्यमा संलग्न बहुआयामिक प्रतिभा मदनमोहन मिश्रले नेपाली साहित्यको विकासमा महत्वपूर्ण उत्तरदायित्व बहन गरेका छन् । उनी साहित्यिक व्यक्तित्वका धनी छन् । उनको स्रष्टा व्यक्तित्वलाई कवि, निबन्धकार, गीतकारको रूपमा राखी यहाँ छुट्टाछुट्टै रूपमा चर्चा गरिन्छ ।

### ३.३.१ कवि व्यक्तित्व

संस्कृत व्याकरणको कवृ वर्णने धातुबाट निष्पन्न भएर वर्णन गर्ने स्वभाव भएको व्यक्तिलाई बुझाउने कवि शब्दले सृष्टि रचना गर्ने ब्रह्मादेखि लिएर मानवसमुदायका प्रकृतिप्रेमी र भावुक विशिष्ट व्यक्तिहरूलाई समेत लक्षित गर्छ । साधारण कुरालाई अलौकिकजस्तो बनाएर काव्यको रूपमा व्यक्तगर्ने शैली भएको शिक्षित व्यक्ति नै वास्तवमा कवि ठहर्छ । मानवीय जीवनका आदर्शहरूको शङ्खघोष गर्ने कविहरूको संख्या दिनानुदिन बढ्दै गएको छ । यसै परिप्रेक्ष्यमा कवि मिश्र पनि वार्णिक छन्दका प्रिय कविका रूपमा देखिन्छन् । वार्णिक छन्दमूलक रचना या काव्यहरू नै यससम्बन्धी उनको व्यक्तित्वका परिचायक हुन् ।[६]

---

[४] श्रीमती चन्द्वदनबाट प्राप्त जानकारी बमोजिम ।

[५] मदनमोहनबाट प्राप्त जानकारी बमोजिम ।

[६] मदनमोहन मिश्रबाट प्राप्त जानकारी बमोजिम ।

मिश्रमा कवि व्यक्तित्व नै प्रखर देखिन्छ । उनले कविताबाट नै आफ्नो लेख यात्रा सुरू गरेका थिए । नेपालमा प्रजातन्त्रको प्राप्तिपछि विविध साहित्यिक सम्मेलनहरू हुन्थे । कवि मदनमोहन मिश्र पनि त्यस्ता साहित्यिक सम्मेलनमा भाग लिने गर्दथे । सम्मेलनमा कविहरूले सुनाएका रचनाबाट प्रभावित भएर कविता आफू लेख्ने जोश चलेको कुरा उनी बताउँछन् । मिश्रको प्रायःजसो साहित्यिक व्यक्तित्वसँग संगत हुने गर्दथ्यो । त्यसैले यस्ता साथीहरूको लगातारको सम्पर्क, आफ्नो मिहिनेत, परिश्रम, अभ्यास र अग्रज कविका कविताको अध्ययनबाट आफ्नो कविव्यक्तित्व प्रखरतातिर उन्मुख भएको कुरा उनी बताउँछन् ।[७] मिश्रमा बालकृष्ण समको 'चिसो चुल्हो' महाकाव्यको प्रभाव परेको कुरा पनि उनी बताउँछन् । मिश्र २००३ सालमा खुलेको मंगल पुस्तकालयमा सधैंजसो जाने गर्दथे र त्यहाँ विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय साहित्यकारका कृति रचनाहरू अध्ययन गर्दथे ।यही मंगल पुस्तकालयमा राखिएको 'कामायनी' हिन्दी काव्य पढेर त्यसको प्रभाव आफूमा परेको कुरा उनी बताउँछन् । कवि मदनमोहन मिश्र **काव्यकुञ्ज** साप्ताहिक कार्यक्रममा हरेक हप्ता कविता सुनाउने गर्दथे । यसरी मिश्रको अध्ययन र लेखन अभ्यासबाट कविप्रतिभा विकसित हुँदै गएको पाइन्छ ।

मदनमोहन मिश्रको पहिलो कविता 'बिहान' हो । उनको लामो साहित्यिक यात्रामा 'तेन्जिङ शेर्पाको कविता', 'साँढे', 'स्याल', 'कुकर', 'सिनेमा', 'रानीपोखरीको विलाप', 'हाँस्नैपर्छ' लगायतका र दर्जनभन्दा बढी बालकविता, ऋतुकविता, आह्वान कविता जस्ता फुटकर कविताहरू प्रकाशित भइसकेका छन् । ती कविताहरू **युवक, जनजागृति, अपर्णा, धर्मभूमि, किरण** (साँढे विशेषाङ्क) आदि पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । मिश्रले नेवारी र नेपाली दुवै भाषामा कविता रचेका छन् । यिनको नेपाल भाषामा लिखित 'नुगः खँ' कविता संग्रह २०५६ सालमा प्रकाशित भएको पाइन्छ । कवि मिश्रको कवि व्यक्तित्वको ज्वलन्त उदाहरणका रूपमा उनका एक दर्जनभन्दा बढी पुस्तकाकार कृतिलाई लिन सकिन्छ । मिश्रका 'सीताहरण' खण्डकाव्य २०१७ सालमा 'दोस्रो रामराज्य' खण्डकाव्य २०१९ सालमा प्रकाशित भएका थिए भने 'क्वातिको रस'

[७] ऐजन ।

काव्य २०३६ सालमा प्रकाशित भएको पाइन्छ । मिश्रको 'यहाँलाई परिचय गराउँ कि ?' कविता संग्रह २०४२ सालमा र 'वागमतीको विलाप' २०४९ मा वागमती बचाऊ अभियानद्वारा प्रकाशित भएको थियो । उनका 'कान्तिपुरी महानगरी' रमा प्रकाशनद्वारा २०५२ मा र 'राजदरबार हत्याकाण्ड' २०५८ जेठमा प्रकाशित भइसकेका छन् ।[८]

### ३.३.२ गीतकार व्यक्तित्व

गीत शब्द गायनकलासँग सम्बन्धित विधा हो । यस शब्दले बिस्तार-बिस्तार गीत भनिने एउटा साहित्यिक विधालाई बुझाउने शब्दको स्थान लियो र गाउन मिल्ने वा गाइने जति विधाहरूलाई यसले बुझाउन थाल्यो । गीत भन्नाले प्रायः जनसाधारणले विभिन्न भाषामा गाइने धर्म-संस्कृति, रितिरिवाज, चालचलन र लोकगाथाहरूमा आधारित हृदयस्पर्शी र जनमुखी अभिव्यक्तिप्रधान एउटा प्राचीन विधा बुझिन्छ ।[९] यस विधामा लेख्ने कवि गीतकार मानिन्छ ।

मदनमोहन मिश्र बहुमुखी प्रतिभाका धनी भएकाले गीतिरचनामा पनि उनले कलम चलाएका छन् । उनी शंखमूलमा जाँदा घाँसीले गाएको गीत सुनेर प्रभावित भई लेखनतिर आफू आकर्षित भएको बताउँछन् । मिश्र साहित्यिक र अध्यनशील व्यक्ति भएकाले उनी विभिन्न प्रकारका साहित्यिक सम्मेलनमा गएर त्यहाँ विविध गीतकारका गीतरचनाहरू सुन्ने र लेखन अभ्यास गर्ने गर्थे ।यसबाट उनी गीतलेखनप्रतिभा उन्मुख हुँदै गएको पाइन्छ । मिश्रले कतिपय गीतहरू नातेदारलगायत अन्य व्यक्तिलाई व्यङ्ग्य गरेर जिस्काएर रचना गरेको र ती गीतहरू प्रकाशित नभई त्यतिकै हराएको बताउँछन् । उनी यस क्षेत्रमा संगीता थापा, धर्मराज थापा, जनार्दन सम र डा. सुन्दरकृष्ण जोशीबाट प्रेरित र प्रभावित भएको पाइन्छ ।

मिश्रले २०२८ सालमा 'महेन्द्रको स्मृति' गीतिकविता लेखेका थिए । उनको भक्तिसंगीत रेडियो नेपालबाट पनि प्रसारित भएको पाइन्छ । मिश्रका अहिलेसम्मका पुस्तकाकार कृतिका रूपमा गीतिरचनाहरू त देखिएका छैनन् । तर बालगीत, रोटीको

---

[८] मदनमोहन मिश्रबाट प्राप्त मौखिक सूचना बमोजिम ।

[९] दुण्डिराज पहाडी, "गीतविधा र नेपाली गीतको संक्षिप्त टिपोट" नेपाली गीतसंग्रह (काठमाडौं: चाँदनी प्रकाशन प्रा.लि. २०५९) पृ. ५१ ।

गीत, तेन्जिङ शेर्पाको गीत, मिठाइको गीत लगायतका फुटकर गीतहरू झङ्कार, युगप्रेरणा लगायतका थुप्रै पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् । तापनि हाल ती कुनै पनि उपलब्ध छैनन् ।

### ३.३.३ निबन्धकार व्यक्तित्व

नि उपसर्ग र बन्धधातुमा धञ् प्रत्यय लागेर बनेको हो । अभिव्यक्तिशिल्पका दृष्टिले आत्माभिव्यञ्जनको सशक्त अभिव्यक्ति प्रकार मानिन्छ । यसरी हेर्दा निबन्धलाई लिखित रूपमा देखापर्ने उन्मुक्त विचारधाराको अभिव्यक्तिगत विधा मान्न सकिन्छ । विश्वमा दार्शनिक चिन्तनको विकास सँगसँगै निबन्ध विधाको पनि विकास भएको पाइन्छ । पूर्वीय परम्पराभन्दा पाश्चात्य जगत्मा नै यो विधा बढी लोकप्रिय भएको पाइन्छ । नेपालीमा पनि यो विधा पश्चिमकै उपहारका रूपमा सम्प्राप्त देखिन्छ ।

मदनमोहन मिश्रको साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये निबन्धकार व्यक्तित्व पनि एक हो । मिश्रको निबन्धकार व्यक्तित्व गीतकारिता र काव्यकारिताबाट खारिँदै र परिष्कृत हुँदै विकसित भएको हो । मिश्र लक्ष्मीप्रसाद देवकोटाको निबन्ध-शैलीबाट बढी प्रभावित भएको कुरा बताउँछन् ।[१०] उनको भनाइअनुसार लक्ष्मीप्रसाद देवकाटोको 'लक्ष्मी निबन्ध संग्रह' पढेर निबन्ध लेख्ने प्रेरणा उनलाई प्राप्त भएको थियो । साथै उनी कमलमणि दीक्षित, ठाकुर मानन्धर र पुरातत्व विभागका ऋद्धिबाबा जोशीबाट पनि प्रेरणा प्राप्त गरेको बताउँछन् ।[११] बहुमुखी प्रतिभा मिश्र हालसम्म विभिन्न बान्कीका निबन्धविधामा प्रवृत भएको देखिन्छ ।

नेपाली पत्रिकामा प्रकाशित 'दुपाटटोल' नामक निबन्धात्मक लेख यस विधातर्फको मिश्रको पहिलो प्रयास हो । हालसम्मको समयावधिभित्र उनका करिब तीन दर्जन जति लेखनिबन्धहरू प्रकाशित भएका छन् । मिश्रका अन्य रचनाहरू पनि निबन्धात्मक कोटिका फेला पर्दछन् । यी लेख-निबन्धहरू युग प्रेरणा झंकार, अमलेख साप्ताहिक, किरण लगायतका साहित्यिक पत्रपत्रिकामा छरिएर रहेका छन् । अनेकथरी यी निबन्धहरूमा निबन्धकारका पनि विविध प्रवृत्ति र प्रेरणा देखापर्दछन् ।

---

[१०] मदनमोहन मिश्रसितको कुराकानीका आधारमा ।

[११] ऐजन ।

## ३.४ साहित्येतर व्यक्तित्व

### ३.४.१ सामाजिक व्यक्तित्व

मदनमोहन मिश्र मानवतावादी एवं सचेत राष्ट्रप्रेमी साहित्यकार हुन् । उनमा सामाजिक चेतनाको भावना प्रबल रहेकाले उनका रचनाहरूमा सामाजिक सुधारको स्वर प्रशस्त पाइन्छ ।

समाजको हकहित वा उन्नतिका लागि प्रयोगमा आउने व्यक्तिगत खुबीलाई नै सामाजिक व्यक्तित्व मान्न सकिन्छ । समाजको सुख दुःखबाट प्रेरणा पाएका मिश्र समाजलाई जीवनको एउटा घटक तŒव मान्दछन् ।[१२] समाजको आलोचनाबाट डराउने व्यक्ति नै आफ्नो चरित्रका विषयमा सावधान रहन्छ भन्ने मान्यता राख्ने मिश्र विद्यार्थी जीवनमा आफ्नो टोलका घरघरमा गई बालबालिकालाई शिक्षा प्रदान गरी सामाजिक व्यक्तित्वको निर्माणमा पदार्पण गरेका थिए । विभिन्न लोकरचना,गीत, कविता, हास्यव्यङ्ग्य सुनाएर समाजलाई प्रभावित पार्दै आएका मिश्र विद्यार्थी अवस्थामा पनि विभिन्न सामाजिक गतिविधिमा संलग्न हुन्थे ।

मिश्र मूलतः २०१० सालदेखि शिक्षण पेसामा लागेर शैक्षिक सेवामा निरन्तर समर्पित हुँदै २०२८ सालमा शिक्षक जीवनबाट अवकाशप्राप्तपछि पनि राजधानीमा आयोजना गरिएका विभिन्न साहित्यिक र अनुसन्धनात्मक रचना तथा अभिव्यक्तिका गतिविधिहरूमा संलग्न हुँदै आएको पाइन्छ । मुख्यतया उनको विचारशक्ति नै समाजको उद्बोधक छ र उनी आफ्नो विचार बिजुलीको प्रवाहजस्तै सम्प्रेषणीय ठान्छन् र यही विचारद्वारा समाजका विकृति, विसङ्गति र व्याप्त गलत प्रवृत्तिको निर्भीक र निडर रूपमा विरोध गर्दै समाजसुधारको लागि आग्रह गर्दछन् ।[१३]

आर्थिक अवस्था कमजोर भएर पनि अरूलाई प्रोत्साहन गर्दै अरूका कार्यको सह्राना गरी समाजमा चेतना फैलाउन चाहने मिश्र सामाजिक हितको लागि जस्तोसुकै कार्य गर्न पनि पछि पर्दैनन् । उनले समाजमा मुर्दा बोक्नेदेखि लिएर पाटी, पौवा,

---

[१२] मदनमोहन मिश्रसँगको कुराकानीको आधारमा ।

[१३] नरेन्द्र बहादुर अमात्यबाट प्राप्त जानकारी बमोजिम ।

मन्दिर, बाटोघाटो निर्माणमा निःस्वार्थ स्वयम् सेवक भएर कार्य गरेको पाइन्छ ।[14] आफ्नो टोल र समाजको विकासकार्यमा निरन्तर जुटिरहने मिश्र बद्रीनाथ नेपाली धर्मशाला निर्माण तथा अर्थ संकलन समितिको सदस्य समेत रहेका थिए । यसले उनको सामाजिक प्रतिष्ठा निकै उँचो रहेको छ । यसरी शैक्षिक चेतनाको बृद्धि र समाजसेवाका कार्यहरूले उनको सामाजिक व्यक्तित्वको सम्मान रहेको देखिन्छ ।

### ३.४.२ धार्मिक व्यक्तित्व

मदनमोहन मिश्र धार्मिक आचरणमा बढी विश्वास गर्दछन् । घर-परिवारको धार्मिक परिवेश र धार्मिक ग्रन्थहरूको अध्ययनका कारण सानै उमेरदेखि उनको व्यक्तित्व धार्मिक बन्दै गयो । मिश्र बाल्यावस्थादेखि नै ईश्वरप्रति बढी विश्वास राख्थे र ईश्वरको आराधना र स्तुतिपाठ आदिमा तल्लीन हुन्थे । उनको भनाइअनुसार उनी अध्ययनकालमा गङ्गास्नान देवीदेवतादर्शन, कथाश्रवण, यज्ञयाग आदिमा सहभागी हुनुका साथै धार्मिक पुस्तकहरूको अध्ययन र  चिन्तनमनन आदि क्रियाकलापहरूमा लाग्दै धार्मिक व्यक्तित्व निर्माणमा संलग्न थिए । व्यवहारमा आइपर्ने पुराणवाचन, पूजापाठ, तीर्थयात्रा, भजनकीर्तन आदि धार्मिक कार्यक्रममा सहभागी हुँदा आफ्नो धार्मिक व्यक्तित्व प्रखर हुँदै गएको कुरा उनी स्वीकार्दछन् ।[15] मिश्रका पिता पण्डित मधुसूदन मिश्र कथावाचन, पुराणवाचन, पूजाआजा, भजनकीर्तन आदि धार्मिक कार्य सञ्चालन गर्ने धार्मिक प्रवृत्तिका भएकाले पनि उनमा स्वभावतः धार्मिक प्रभाव बढ्दै गएको पाइन्छ । बालबालिकादेखि नै पण्डित भएर पुराणवाचन, कथावाचन पूजाआजा आदि धार्मिक सामाजिक कार्यमा अघि बढ्न चाहने मिश्र २००६ सालदेखि नै धार्मिक क्षेत्रमा भागवत् पाठ, कथाप्रवचनलगायत सप्ताह समेत सञ्चालन गर्दै आएको बताउँछन् ।[16] धार्मिक आचरणद्वारा नै सौभाग्य र ऐश्वर्य वृद्धि हुन्छ भन्ने मिश्र विशेषगरी पारिवारिक धार्मिक वातावरणबाट अभिप्रेरित देखिन्छन् । शिक्षकजीवनमा प्रवेश गरेपछि पनि संस्कृत वाङ्मयको मर्यादा र आचरणबमोजिम चल्दै आएका मिश्र सामाजिक वातावरण, घरायसी धार्मिक मर्यादा र शास्त्रीय चिन्तनमा बढी संलग्न रहेको स्पष्ट हुन्छ । यसैकारण यिनको कलम पनि हाम्रो 'बागमती संस्कृति',

---

[14] ऐजन ।

[15] मदनमोहन मिश्रसँगको कुराकानीका आधारमा ।

[16] मदनमोहन मिश्रसितको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी बमोजिम ।

'सामान्यवन्दना माला', 'बन्दना पुष्पाञ्जली' जस्ता दर्जनभन्दा बढी धार्मिक अनुसन्धनात्मक कृति लेखन तथा संकलन-सम्पादनका अतिरिक्त धर्म र ईश्वरप्रतिको वैज्ञानिक विश्लेषणतर्फ पनि उन्मुख भएको पाइन्छ । उनको भनाइअनुसार धार्मिक आचरणको लक्ष्य मानसिक संयम हो । मनको अशान्तिका अवस्थामा गरिएका धार्मिक आचरण पनि व्यर्थ सावित हुने कुरामा उनी विश्वास राख्छन् । साथै दानपुण्य, पूजाआजा, यमनियम आदि सम्पूर्ण धार्मिक साधनहरू मनशान्तिका निमित्त नै गरिन्छन् । यही विचारधारा नै उनको धार्मिक प्रवृत्तिभित्रको मनोवैज्ञानिक पक्ष हो । मिश्र पुरूषार्थका साथसाथै भाग्यवादमा पनि बढी विश्वास गर्छन् । धार्मिक आचरणद्वारा नै भाग्यनिर्माण हुन्छ र तपस्या वा साधनाद्वारा नै ईश्वर प्राप्ति हुन्छ भन्ने आत्मविश्वास उनमा पाइन्छ ।[१७]

### ३.४.३ सम्पादक व्यक्तित्व

साहित्यकार मदनमोहन मिश्रका अन्य व्यक्तित्वहरूसँगै उनको सम्पादक व्यक्तित्व पनि गाँसिएको छ । हरेक क्षेत्रमा संलग्न हुन रूचाउने बहुमुखी प्रतिभा मिश्र सम्पादन कार्यबाट पनि अलग रहन सकेनन् । उनले २०१४ सालमा सम्पादन कार्यको आरम्भ गरेका थिए । मिश्रले 'धर्मभूमि' र 'उपहार' पत्रिकाको सम्पादन गरेको पाइन्छ । 'धर्मभूमि' र 'उपहार' दुवै पत्रिका हस्तलिखत थिए र मिश्र विद्यार्थी अवस्था र शिक्षक जीवनमा विभिन्न साहित्यिक पत्रपत्रिकाको अध्ययन र सम्पादक साथीसँगीको सम्पर्कबाट साहित्यिक पत्रिका सम्पादन गर्न रूचि बढेको बताउँछन् । 'धर्मभूमि' र 'उपहार' दुवै पत्रिका दुई अंक मात्र प्रकाशित भएका थिए । दुवै पत्रिका दुई अंकमात्र प्रकाशित भए पनि मिश्र यस अवधिमा सफल सम्पादक रहेका थिए ।[१८] आर्थिक लगायत विविध समस्याले गर्दा दुवै पत्रिका लामो समयसम्म प्रकाशनमा आउन सकेनन् । 'धर्मभूमि' र 'उपहार' पत्रिकाको सम्पादन गरेर उनले साहित्यको विकासमा महत्वपूर्ण जिम्मेवारी वहन गरेको पाइन्छ ।

---

[१७] ऐजन ।

[१८] ऐजन ।

### ३.४.४ शिक्षक व्यक्तित्व

आफूले जानेबुझेको विषयवस्तुलाई औपचारिक वा अनौपचारिक रूपमा जे-जसरी भए पनि सिकाउने वा सम्प्रेषण गर्ने व्यक्ति नै शिक्षक मानिन्छ । वास्तवमा गलत बाटोबाट सहीबाटोतिर, अँध्यारोबाट उज्यालोतिर, अज्ञानताबाट ज्ञानतिर, कुसंस्कारबाट सुसंस्कारतिर संसारबाट परमगतितिर डोऱ्याउन सक्ने कर्ता नै शिक्षक हो । शिक्षकले जीविकाको लागि अपनाइने पेशाअनुसार निर्धारित पाठ्यवस्तु र समयभन्दा अतिरिक्त सिकाउनु र सिक्नु नै शिक्षण कार्यको सार्थकता हो ।

मदनमोहन मिश्रमा शिक्षाप्रति अगाध प्रेम भएका कारण रानीपोखरी संस्कृत पाठशालामा पढ्दै गर्दा उनी आफ्नो छिमेकीको एउटा घरमा गई विद्यार्थी पढाउने गर्दथे । उनी आफूले जानेको कुरा सकभर अरूलाई सिकाउन चाहन्थे । आफ्नो समाजका सबैले शिक्षा प्राप्त गर्न पाउनुपर्छ भन्ने उनको धाराणा रहेको थियो । उनी आफूले जानेको कुरा विद्यार्थीलाई सिकाउन पाउँदा गौरवान्वित हुन्थे र उनी शिक्षक हुनुलाई गौरवपूर्ण विषय मान्थे ।[१९] हुन पनि त्यतिखेरका शिक्षक सामान्य र समाजको प्रमुख व्यक्तित्व मानिन्थे । साक्षरता प्रतिशत कम भएको तत्कालीन समयमा उनको यो सोचाइ गलत थिएन । त्यसै अनुरूप उनी उत्साहित हुँदै गएर पढ्दै र पढाउँदै पनि गए ।

मिश्रको औपचारिक शिक्षणसिकाइ कार्य २०१० सालमा बालविद्याश्रम स्कुलबाट प्रारम्भ भयो । उनले उक्त विद्यालयमा २०१०-२०११ सम्म शिक्षण गरे । उनले शान्ति विद्याश्रममा दुई महिना र निलवाराहीमा एक वर्ष अध्यापन गरे । त्यसपछि उनले आदर्श कन्या निकेतनमा २०१३ सालदेखि २०२८ सालसम्म शिक्षण कार्य गरे र २०२८ सालदेखि मिश्रले शिक्षण कार्यबाट अवकाश जीवन बिताएको पाइन्छ । यसरी बालविद्याश्रमको अध्यापन कार्यबाट आफ्नो शिक्षक व्यक्तित्व निर्माण गर्दै अगाडि बढेका मिश्र आफूले पढाएका साहित्यसम्बन्धी अनुभवहरूलाई समेटेर लेखरचनाहरू प्रकाशित गर्दै पनि जान्थे । यसले गर्दा उनको शिक्षण प्रवृत्ति खारिँदै गएको र सिर्जनाशक्ति पनि बढ्दै गएको पाइन्छ । मिश्र शान्त वातावरण र शान्त अवस्थामा

---

[१९] ऐजन ।

विद्यार्थीहरूमा विषयबोध गराउन सकिने कुरा बताउँछन् ।[20] मिश्र कन्या निकेतन मा.वि. र नीलबाराही स्कुलका संस्थापक सदस्यसमेत रहेका छन् ।

शिक्षण कार्यको प्रतिफलविना शिक्षक व्यक्तित्व अपूर्ण रहने हुँदा मिश्रको शिक्षक जीवनको सफलताको अन्तरालभित्र उनका शिष्यहरूको प्रगति पनि गनिन्छ । आफ्नो लामो शिक्षण अवधिभित्र उनको धेरै शिष्यहरू प्राध्यापक वा विभिन्न प्रशासनिक पदमा पुगेर उनका शिक्षक व्यक्तित्वको प्रतिफलको प्रमाण बनेका छन् ।

### ३.४.५ अभिनयात्मक व्यक्तित्व

मदनमोहन मिश्रका अन्य व्यक्तित्वसँगै अभिनयात्मक व्यक्तित्व पनि प्रखर रहेको पाइन्छ । बहुआयामिक प्रतिभा मिश्रले विविध क्षेत्रमा संलग्न रही आफ्नो व्यक्तित्वको पहिचान गराएका छन् ।

मिश्रकी माता माहेश्वरी मिश्रले विवाहमा रत्यौली खेल्ने गरेकाले माताको अभिनयात्मक प्रभाव आफूमा परेको कुरा उनी बताउँछन् । उनी बाल्यावस्थादेखि नै समाजमा देखाइने सडकनाटकहरूमा भाग लिने गर्दथे । मिश्र आफूभन्दा अग्रज कलाकारको अभिनय हेरेर विविध अभिनयात्मक कार्यक्रममा भाग लिने गरेकाले आफ्नो अभिनयात्मक क्षमता विकसित भएको बताउँछन् ।[21] मिश्र क्यारिकेचर गर्नमा पनि पोख्त छन् । उनी विविध व्यक्तिको दुरूस्त क्यारिकेचर गर्न सक्दछन् । मिश्रले बालकृष्ण समको क्यारिकेचर उनकै अगाडि गरेको र आफ्नो क्यारिकेचर दुरूस्त देखेर समले प्रोत्साहन गरेको कुरा उनी बताउँछन् । बहुमुखी प्रतिभा मिश्रले रेडियो नेपालमा २०१७-२०२८ सम्म जीवन डबू कार्यक्रम सञ्चालन गरेका थिए । अभिनयकलामा पोख्त मिश्रले रेडियोरूपक तथा टेलिफिल्ममा अभिनय गरी आफ्नो अभिनयात्मक क्षमता प्रदर्शन गरिसकेका छन् ।

[20] मदनमोहन मिश्रबाट प्राप्त मौखिक जानकारी बमोजिम ।

[21] ऐजन ।

### ३.५ नेपाल भाषासेवी व्यक्तित्व

मदनमोहन मिश्रले नेपाली भाषा साहित्य सँगसँगै नेपाल भाषा साहित्यमा पनि महत्वपूर्ण योगदान दिएका छन् । उनको मातृभाषा नेवारी भएकाले नेपालभाषा साहित्यप्रति उनको अगाध प्रेम रहेको पाइन्छ[२२] र नेपाल भाषामा उनी सिद्धहस्त देखिन्छन् । मिश्र नेपाल भाषा संस्कृतिमा हुर्केबढेकाले स्थानीय संस्कृतिको प्रभावले उनको बालसुलभ प्रतिभा नेपालभाषी साहित्यिक सिर्जनातर्फ आकर्षित हुन पुगेको पाइन्छ । मिश्रका साथीसँगी नेवार रहेका र उनीहरू नेपाल भाषामा साहित्य रचना कार्यमा संलग्न रहेकाले आफू त्यसतर्फ जागरूक भएको बताउँछन् ।[२३] मदनमोहन मिश्रको नेपाल भाषामा लेखिएको पहिलो रचना वि.सं. २००८ सालमा प्रकाशित 'बिहान' भन्ने कविता हो । यो कविता नेपाली भाषामा पनि प्रकाशित भएको थियो । मिश्र संस्कृति र सांस्कृतिक सम्पदाका प्रेमी भएकाले खस्किँदो सांस्कृतिक परम्परा तथा नासिदो सांस्कृतिक सम्पदादेखि धेरै नै चिन्तिन देखिन्छन् । उनका संस्कृति र साँस्कृतिक सम्पदासँग सम्बन्धित नेपाल भाषामा लेखिएका थुप्रै फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् । मिश्रका नेपाल भाषामा लेखिएका 'वाग्मतीया खोसः', 'कान्तिपुरया विलाप' (खण्डकाव्य), 'नुगः खँ' (कवितासंग्रह), 'नेपाल संस्कृतिया छगू झलक' 'गद्य', 'नौयात हना पौ' (व्यङ्ग्य), 'क्वाः धासा' (हास्यव्यङ्ग्य), 'गजिगुलुया म्हगसे पशुपतिनाथ' (हास्यव्यङ्ग्य कथा) प्रकाशित भएका छन् र उनी नेपाल भाषा साहित्यको विकासमा निरन्तर लागिरहेका छन् ।

### ३.६ पुरोहित व्यक्तित्व

मदनमोहन मिश्रका व्यक्तित्वका विविध पाटाहरूमध्ये पुरोहित व्यक्तित्व पनि एक हो । मिश्र नेवारी ब्राह्मण परिवारमा जन्मिएकाले यो उनको पुर्ख्यौली पेसा मानिन्छ ।मिश्रका पुर्खाहरू यजमानी गर्दै आएकाले उनले पनि यो कार्य गर्दै आएको पाइन्छ । मिश्रका पिताले कथावचन, पुराणवाचन, पूजाआजा, भजनकीर्तन आदि कार्य सञ्चालन गर्ने भएकाले उनमा स्वभावतः यो प्रभाव बढ्दै गएको पाइन्छ ।

---

[२२] मदनमोहन मिश्रसँगको कुराकानीका आधारमा ।

[२३] ऐजन ।

बालककालदेखि नै पुरोहित भएर विविध धार्मिक कार्य सञ्चालन गर्ने मिश्रले २००६ सालदेखि नै भागवत्पाठ, कथाप्रवचन लगायत आफ्ना यजमानका घरमा हुने विभिन्न शुभकार्य सञ्चालन गर्दै आएको पाइन्छ । मिश्रका पुर्खा जनकपुरबाट काठमाडौं बसाइ सरेर आएपछि उनका स्थानीय जजमानले नै घरजग्गामा निःशुल्क दिएको कुरा मिश्र बताउँछन् । करिब २००६ सालदेखि हालसम्म नै मिश्रले निरन्तर रूपमा यजमानी गरिरहेको पाइन्छ ।

## ३.७ जीवनी, व्यक्तित्व र साहित्यलेखनबीच अन्तः सम्बन्ध

मदनमोहन मिश्र धार्मिक, नैतिक चरित्रवान् कुशल व्यक्तित्व हुन् । आफ्नो घरपरिवारको धार्मिक अनुशासित परिवेशबाट हुर्केका मिश्रका रचनाहरूमा साहित्य, धर्म, संस्कृति र अध्यात्मवादप्रतिको तीव्र मोह प्रकट भएको पाइन्छ । साहित्यकारहरूले आफूले देखेभोगेका जीवनजगतबाट नै विषयवस्तुको चयन गरी साहित्यिक रचनाहरू सिर्जना गर्ने हुँदा कवि मिश्र पनि त्यस वास्तविकताबाट अलगिएका छैनन् ।

प्रारम्भिक अध्ययनकालीन जीवनमा उनी आफ्नै ठाउँको सामाजिक साँस्कृतिक परिवेशबाट प्रभावित थिए । त्यतिबेला समाजका सुखदुःख र विविध समस्यालाई आफैले देख्न र भोग्न पाएका हुनाले मिश्रका रचनामा तत्कालीन समाजको यथार्थ चित्रण प्रतिबिम्बित छ । खासगरी मिश्र नेपालको राजनैतिक, सामाजिक र आर्थिक परिवेशबाट प्रभावित छन् । मिश्रका कविता-काव्यहरूमा अन्याय, शोषण, भ्रष्टाचार, विकृति, विसङ्गतिको विरोध गरिएको पाइन्छ । मिश्रका धेरैजसो रचनाहरू लोप हुँदै गएका प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षणसम्बन्धी रहेका छन् । मिश्रले आफ्नो व्यक्तिगत जीवन र देशमा घटेका अकल्पनीय घटनालाई पनि रचनाको विषयवस्तु बनाएका छन् । कविको आफ्नै अनुभव र अनुभूतिसँग गाँसिएका कथा-व्यथाहरूको वर्णन गरिएका रचनाले पनि कवि मिश्रको जीवनी र साहित्यिक लेखनबीचको अन्तः सम्बन्धलाई दर्शाएको कुरा स्पष्ट छ । मिश्रका लेखरचनामा देशको धार्मिक, साहित्यिक र साँस्कृतिक परिवेशअनुरूप नै धर्म, संस्कृति, हिन्दूदर्शन र नेपाली भाषा साहित्य आदिबाट छनोट गरिएका विषयवस्तुहरूको दिग्दर्शन पाइन्छ । राष्ट्रियता, साँस्कृतिक प्रेम, आध्यात्मिक चेतना, स्वतन्त्रता र समानताको चाहना, मानवता आदि विभिन्न

विषयवस्तुमा छरिएका उनका रचनाहरू नै साहित्यकार मिश्रको व्यक्तित्वका प्रतिफल पनि हुन् ।

यसरी मिश्रका रचनाहरूमा आफ्नो जीवनका अनुभव र अनुभूतिका साथै समाजका वस्तुस्थितिको यथार्थ चित्रण भएको सिद्ध छ । उनका अधिकांश रचनाहरूमा सामाजिक असल पक्षको समर्थन, विसङ्गति र विकृतिको विरोध तथा सामाजिक सुधारको स्वर पाइन्छ । यही लामो अवधिको जीवनभोगाइको बीचबाट विकसित उनको साहित्यिक व्यक्तित्वमा मूलतः कवि व्यक्तित्व, त्यसपछि गीतकार व्यक्तित्व र निबन्धकार व्यक्तित्व पनि सहसिर्जनात्मक रूपमा अघि बढेको देखिन्छ । अतः लामो परिश्रम दीर्घसाधना र उत्साहवर्धक रूपमा साहित्यसिर्जनामा समर्पित रहेका मदनमोहन मिश्रको जीवनी व्यक्तित्व र साहित्यिबीच अन्तः सम्बन्ध स्थापित भएको देखिन्छ ।

# परिच्छेद – चार

## मदनमोहन मिश्रको कृतित्वको अध्ययन

### ४.१ खण्डकाव्य

### क) परिचय

खण्डकाव्य प्रवन्ध-काव्यको एउटा रूप हो । रूद्रटले सर्वप्रथम महाकाव्य र खण्डकाव्यलाई क्रमशः महान् काव्य र लघुकाव्यको रूपमा उल्लेख गरेको कुरा डा. हिमांशु थापाले साहित्य परिचयमा प्रस्तुत गरेका छन् । विश्वनाथले महाकाव्यको एकदेशीय रूप नै खण्डकाव्य हो भनेका छन् । अर्को शब्दमा खण्डकाव्यमा महाकाव्यको एकदेशीयता हुन्छ ।[१] यस सम्बन्धमा वालचन्द्र शर्मा भन्छन् : कथानकबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो काव्य नै खण्डकाव्य हो ।

महाकाव्यमा जीवन र जगत्को विराट् रूप प्रस्तुत गरिएको हुन्छ । यसमा मानवजीवनको सम्पूर्णता र सर्वाङ्गीणता अभिव्यक्त भएको हुन्छ । खण्डकाव्यमा जीवन र जगत्को कुनै एक पक्षको चित्रण र विश्लेषण गरिएको हुन्छ । सारांशमा खण्डकाव्यमा मानवजीवनको एक पक्षको चित्रण हुन्छ, एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा यथार्थताको विश्लेषण हुन्छ । यसरी खण्डकाव्यमा मानवजीवनको विराट् स्वरूपको एउटा खण्डविशेषको प्रस्तुति हुन्छ । खण्डरूपमा भए पनि खण्डित भएको हुदैन । यो आफैमा अखण्डित हुन्छ ।[२] अर्को शब्दमा यो आफैमा पूर्ण हुन्छ । यसप्रकार खण्डकाव्यका तत्वमा कथा, पात्र र वातावरणमा एकदेशीयता हुन्छ । यस दृष्टिले खण्डकाव्यमा जीवनको कुनै एक पक्षको काव्यात्मक प्रस्तुति हुन्छ । कविता-विधाको मध्यम रूपका यिनै विविध ढाँचा र कविताकै आधारभूत विधागत तŒवलाई समेत ध्यानमा राख्दा खण्डकाव्यका आधार तŒवहरू निम्न देखापर्दछन् ।

---

[१] हिमांशु थापा, **साहित्य परिचय** साझा प्रकाशन, २०२६ पृ. ५७ ।

[२] ऐजन ।

## ख) शीर्षक

साहित्यका सबै विधाका कृतिहरूको कुनै न कुनै नामकरण गरिएको हुन्छ । त्यही नामकरण नै कृतिको शीर्षक हो । काव्यकृतिको आङ्गिक संरचनामा शीर्षक शीर्षस्थानमा रहन्छ । यसले कुनै पनि सिङ्गो रचनाको प्रतिनिधित्व गरेको हुन्छ । खण्डकाव्यको शीर्षक पात्रविशेषका नाम, नायक, नायिकाका नाम या दुवैमध्ये कुनै एकको नामका आधारमा, खण्डकाव्यको मुख्य विषयवस्तु वा भावका आधारमा, पात्र नाम र विषयवस्तुको मिश्रण गरेर र यी आधारमध्ये केहीलाई वा सबैलाई मिसाएर राखिएको हुन्छ ।[३]

## ग) भाषाशैली

साहित्य एक भाषिक कला हो । भाषाको सौन्दर्यपूर्ण प्रयोगलाई नै साहित्यिक भाषाशैली भन्ने गरिन्छ । कविताको मझौला रूप खण्डकाव्यमा पनि भाषाको सौन्दर्यपूर्ण प्रयोग अपेक्षित नै रहन्छ । खण्डकाव्यको भाषाशैलीले खण्डकाव्य अपेक्षित लयात्मक श्रुतिमाधुर्यका साथै त्यसका कथ्य विषय वस्तु एवं भावविचारको सौन्दर्यपूर्ण अर्थगत संरचनाको वाहक पनि हुनुपर्ने हुन्छ ।[४] काव्यमा काव्यात्मक उचाइ थप्ने स्रष्टाको निजी पहिचान दिने काम पनि भाषाशैलीभित्र  पर्दछन् ।

## घ) लयविधान

कवितालाई श्रुतिमाधुर्य, श्रुतिरम्य बनाउन तथा विधागत निजत्व प्रदान गर्न लयको अहं भूमिका रहेको हुन्छ । लय कविताविधाका साथै त्यसका एक उपविधाका रूपमा रहने खण्डकाव्यको पनि एक मुख्य तŒव हो । लय वर्णसमूहका प्रयोगका स्तरदेखि थालिई पद, पदावली आदिका वीचबीचका उपविराम, विराम हुँदै वाक्य, पङ्क्ति र पाउका स्तरमा पुगी त्यसले एक साङ्गीतिक लहरका रूपमा श्रुतिमाधुर्य

---

[३] महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, (काठमाडौं: इन्टलेकचुअल्ज बुक प्यालेस, २०६४, पृ. ४८ ।

[४] ऐजन ।

सृजना गर्दै श्लोक वा अनुच्छेदका स्तरमा आफ्नो निश्चित ढाँचा प्रस्तुत गर्दछ ।[५] नेपाली खण्डकाव्यमा प्रयुक्त लयढाँचा दुई किसिमको हुन्छ बद्धलय र मुक्त लय । कविताका श्लोकका प्रत्येक पाउमा निश्चित वर्णमात्रा, मात्रा वा वर्णको नियमित वितरणमा आधारित रहने लय बद्धलय हो र श्लोक वा अनुच्छेदका प्रत्येक वाक्य वा पङ्क्तिमा वर्णमाला वा मात्रा वा वर्णको उन्मुक्त वितरणमा आधारित रहने लय मुक्त लय हो ।

### ङ) भावको आख्यानीकरण वा आख्यानविकल्पी विषयगत शृङखलाबद्ध भावप्रवाहात्मक प्रवन्ध विधान

खण्डकाव्यमा कविले जीवनको एकांशलाई झल्काउन सक्ने खालको मुख्य आख्यानको वा सूक्ष्म आख्यानको प्रयोग गर्न पनि सक्छ र नगर्न पनि सक्छ । खण्डकाव्यमा भावप्रवाहको प्रधानता रहने गरी जीवनका एकांशलाई ढाक्ने किसिमको स्थूल वा सूक्ष्म आख्यानको प्रयोग वाञ्छनीय हुन्छ ।[६] मुक्तक वा फुटकर कवितामै सूक्ष्म आख्यान वा अन्तरआख्यान आउने हुँदा खण्डकाव्यमा पनि कुनै न कुनै रूपमा आख्यान तŒव घुसेकै हुन्छ । यस्ता आख्यानक मूल तŒव हुन् आदि- मध्य र अन्त्यका तीन भागमा कार्यकारण शृङखलामा उनिएका घटनाहरूका योगबाट विकसित बनेको कथावस्तु, नायकनायिका, खलनायक, सहायक पात्र, पात्री आदिको चरित्रयोजना र देशकाल वातावरणको झलक दिने परिवेशविधान । खण्डकाव्यमा मझौला आयामको भावप्रवाहलाई जहाँ स्थूल वा सूक्ष्म आख्यानको प्रयोग नै नगरी प्रस्तुत गरिन्छ । त्यहाँ विषयवस्तु एवं तत्सम्बन्धी भावप्रवाहलाई श्रृङखलाबद्ध ढङ्गले प्रस्तुत गर्ने अन्तर्योजना भने गर्नै पर्छ ।[७] यसैले भावको आख्यानीकरण वा आख्यानविकल्पी विषयगत श्रृङखलाबद्ध भावप्रवाहको प्रवन्धविधान खण्डकाव्यको एक मुख्य तŒव हो ।

---

[५] ऐजन ।

[६] ऐजन ।

[७] ऐजन ।

## च)    प्रबन्धविधानस“ग सम्बद्ध सर्गयोजना

खण्डकाव्यमा जीवनका एकांशलाई झल्काउने खालका भावको आख्यानीकरण वा आख्यानविकल्पी विषयगत श्रृङखलाबद्ध भावप्रवाहात्मक अभिव्यक्तिको प्रबन्ध विधानसँग सम्बद्ध सर्गयोजना श्लोक वा अनुच्छेदबाटै थालिन्छ । कुनैकुनै खण्डकाव्यमा त्यस्ता श्लोक वा अनुच्छेदहरूका योगबाट बन्ने सर्ग वा सर्गभित्रका उपसर्गको योजना मिलाइएको प्रबन्धविधान पनि हुन सक्दछ भने कुनै खण्डकाव्यमा सर्गरहित प्रबन्धविधान पनि हुन सक्दछ । कुनैकुनै खण्डकाव्यको सर्गयोजना श्लोक वा अनुच्छेदभित्रका निरन्तरित पङक्तिप्रवाहमै पनि आधारित हुन सक्दछ ।

## छ)    विषयवस्तुगत भावविधान

विषयवस्तुगत भावविधान पनि खण्डकाव्यको एक मुख्य तŒव हो । खण्डकाव्यको विषयवस्तु प्रकृति, मानवसमाज, धर्मसंस्कृति, इतिहास पुराण राजनीति, अर्थनीति, शिक्षा, स्वास्थ्य आदिजस्ता अनेक पक्षमध्ये कुनै एक हुन सक्दछ । यस्तो कथ्यसामग्रीलाई खण्डकाव्यमा आख्यानात्मक वा आख्यानविकल्पी संरचना, उपयुक्त कथनपद्धति, सौन्दयपूर्ण भाषाशैली, श्रुतिमधुर लयढाँचा, सर्गयोजना, बिम्बालङकार-योजना आदिका माध्यमबाट कलात्मक रूपमा व्यक्त गरिएको हुन्छ र कुनै खास भाव र विचारलाई खण्डकाव्यमा विषयवस्तुगत कथ्यका रूपमा प्रकट गरिएको हुन्छ । त्यसप्रकारको भाव वा विचारको कलात्मक विन्यासलाई भावविधान भनिन्छ ।[८]

## ज)    उक्तिढा“चा

उक्तिढाँचा पनि खण्डकाव्यको एक महत्वपूर्ण तŒव हो । खण्डकाव्यात्मक कथ्यको कथन वा उक्तिलाई निम्नरूपमा वर्गीकृत गरिएको पाइन्छ - कविउक्ति र कविनिबद्ध वक्ताको उक्तिमा आधारित पद्धति र सोझै कविकथन, आख्यानीकृत कविकथन र नाटकीकृत कविकथनमा विभाजित हुन सक्ने पद्धति ।[९]

---

[८] ऐजन ।

[९] ऐजन ।

## झ) विम्ब प्रतीकविधान र अलङ्करणका प्रविधि

खण्डकाव्यमा कथन गरिएको मुख्य भाव वा विचारकै सहचर छायाजस्तो भई आउने अर्को अर्थलाई बिम्ब भनिन्छ । पूर्वीय संस्कृत साहित्यशास्त्रमा बताइएका अर्थालङ्कारको एउटा प्रयोगलाई नै अर्को शब्दमा बिम्बविधान भन्ने गरिन्छ । खण्डकाव्यमा दुईथरी बिम्ब भेटिन्छन् - कृतिव्यापी र स्थानीय विम्ब ।[10] खण्डकाव्यमा प्रयुक्त शब्द वा अर्थ वा दुवैका माध्यामबाट अर्थ बढी प्रभावकारी रूपमा झल्कनु नै प्रतीकविधान हो । विम्ब प्रतीक र अलङ्करणका विविध प्रयोगले खण्डकाव्यको अर्थ वा भावलाई प्रभावकारी तुल्याएको हुन्छ ।

## ञ) आयाम

कुनै पनि साहित्यिक कृतिका लम्बाइ, चौडाइ र गहिराइजस्ता तीन आयाम हुन्छन् । खण्डकाव्य पनि यिनै तीन आयामको समष्टि रूप हुने गर्छ । पङ्क्तिसंख्या, श्लोक वा अनुच्छेद, पृष्ठसंख्या आदिका फैलावटमा खण्डकाव्यको लमाइको आयाम आधारित हुन्छ भने लयढाँचाका पाउ वा भित्री पङ्क्तिका बनोटका विस्तारसँग यसका चौडाइको आयाम सम्बन्धित हुन्छ ।[11] यिनै लमाइ र चौडाइका आयाममा गरिएको मूल कथ्य वा भावविचारका व्यञ्जनात्मक वा कलात्मक कथनको गुणस्तरसँग खण्डकाव्यको गहिराइ वा उचाइको आयाम सम्बन्धित हुन्छ ।

---

[10] महादेव अवस्थी **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, पृ. ५१

[11] ऐजन ।

## नेपाली खण्डकाव्यको परम्परा

नेपाली साहित्यमा पहिलो खण्डकाव्यकार उदयानन्द अर्ज्यलिलाई मानिन्छ र उनको खण्डकाव्य 'वेतालपच्चिसी' हो । दोस्रो खण्डकाव्यकारका रूपमा वसन्त शर्मालाई मानिन्छ । वि.सं. १८८४ सालमा शर्मापछि यदुनाथ पोखरेल र रघुनाथ पोखरेल भट्टका काव्यमा खण्डकाव्यको आभास पाइन्छ भने त्यसको लगतै खण्डकाव्यको गति भानुभक्त र मोतीरामतर्फ लम्केको पाइन्छ । भानुभक्तको 'भक्तमाला' र 'बधुशिक्षा' मा खण्डकाव्यको रूप भेटिन्छ । भानुभक्तपछि केही समयसम्म नेपाली साहित्यको खण्डकाव्यमा उल्लेखनीय व्यक्ति र कृति देखापरेनन् । राणाकालको प्रवलता र विरूपताले साहित्य सिर्जना अस्तायो तथापि वीरशम्सेरको राज्यकालमा कवि मोतीराम भट्ट साहित्यिक क्षेत्रमा लागे । मोतीराम भट्टको 'प्रल्हाद भक्तिकथा', 'गजेन्द्रमोक्ष', 'उषाचरित्र', र 'पिकदूत' गरी मुख्यत सानाठूला चारवटा खण्डकाव्य भेटिन्छन् । नेपाली काव्य साहित्यमा लेखनाथको प्रवेशपछि यसले विशिष्टता र मधुरता ग्रहण गरेको छ । नेपाली काव्यजगत्मा लेखनाथपछि भने थुप्रै खण्डकाव्यहरू लेखिएको पाइन्छ । लेखनाथको 'ऋतुविचार' देवकोटाको 'दुष्यन्त-शकुन्तला भेट' 'सीताहरण', 'मुनामदन', सिद्धिचरण श्रेष्ठको 'उर्वशी' एवम् माधव घिमिरेको 'गौरी' 'राजेश्वरी' आदि प्रमुख छन् ।

नेपाली साहित्यको खण्डकाव्य विधामा थुप्रै साहित्यकारहरूले कलम चलाएका छन् भने उनीहरूले खण्डकाव्य लेखेर नेपाली साहित्यको विकासमा महत्वपूर्ण योगदान दिएका छन् तापनि सामाजिक, आर्थिक, राजनैतिक आदि विविध कारणले उनीहरू मध्येका कतिपय खण्डकाव्यकारहरू ओझेलमा परेको पनि देखिन्छ । मदनमोहन मिश्र पनि यस्तै ओझेलमा परेका एउटा विशिष्ट व्यक्तित्व हुन् । नेपाली साहित्यको लेखनमा निरन्तर साधनारत मिश्रले हालसम्म करिब ३ दर्जनजति कृति रचना गरिसकेका छन् । उनका रचना विविध भाषा र विविध विधाका रहेका छन् । उनका यिनै रचनाहरूमध्ये 'राजदरबारको हत्याकाण्ड', 'क्वाटिको रस', 'कान्तिपुरी महानगरी', 'वागमतीको विलाप', काव्य र 'यहाँलाई परिचय गराऊँ कि' ? कविताको विश्लेषण तल गरिएको छ ।

## ४.२ 'राजदरबारको हत्याकाण्ड' खण्डकाव्यको अध्ययन

### क) परिचय

'राजदरबारको हत्याकाण्ड' मदनमोहन मिश्रले वि.सं. २०५८ सालमा रचना गरी वि.सं. २०५९ सालमा प्रकाशित गरेको काव्य हो । यो काव्य वि.सं. २०५८ जेष्ठ १९ गते राजदरबारमा भएको बीरेन्द्रको वंशविनाशलगायत राजपरिवारका अन्य सदस्यको हत्यासँग सम्बन्धित छ । कविले दरबारमा भएको हत्याकाण्डबाट शोकविह्वल भई यो खण्डकाव्य रचना गरेका हुन् । यो कवि मिश्रको शोककाव्य नेपाली काव्यजगत्को एक महत्वपूर्ण काव्यका रूपमा रहेको छ ।

### ख) शीर्षक

'राज' 'दरबार' र 'हत्याकाण्ड' गरी तीन शब्दको योगबाट बनेको राजदरबारको हत्याकाण्ड शीर्षक अभिधात्मक छ । जसको अर्थ राजाको दरबारमा भएको हत्याकाण्ड-सम्बन्धी घटना भन्ने बुझिन्छ । शीर्षकले बताएअनुसार नै काव्यमा वि.सं. २०५८ जेष्ठ १९ गते नेपालको नारायणहिटी राजदरबारमा भएको तथ्य घटनालाई वर्णन गरिएको छ । विषयवस्तुलाई बुझाउने काव्यको शीर्षक उपयुक्त र सार्थक छ ।

### ग) संरचना

प्रस्तुत शोककाव्य चार पंक्तिलाई एक श्लोक मानेर १२६ श्लोक, पृष्ठ ४६ र ५०८ पंक्तिको संख्यामा संरचित छ । अन्त्यानुप्रास मिलेका सबै श्लोकमा कविले कारूणिक मनोवेग प्रस्तुत गरेका छन् । यस काव्यमा सर्गविभाजन भने गरिएको छैन ।

### घ) विषयवस्तु

यस काव्यले वि.सं. २०५८ जेष्ठ १९ गते नेपालको नारायणहिटी राजदरबारमा भएको हत्याकाण्डलाई मूल विषयवस्तुको रूपमा चयन गरेको छ । शोककाव्यमा दरबारभित्र रहस्यमय तरिकाबाट बीरेन्द्रको वंश समाप्त पार्नुका साथै उनका दिदी,

भिनाजु भाइबुहारी र अन्यको हत्या हुने गरी भएको कारुणिक एव पीडादायी घटनालाई मूल स्रोत मानिएको छ । कविले कालो इतिहासलाई कालान्तरसम्म राख्ने उद्देश्यले र कहिले यस्ता महाकालका घटना नघटून् भन्दै मानिस जसरी स्वतन्त्र रूपमा जन्मन्छ त्यसैगरी मृत्युवरण गर्न पाओस्, कहाली लाग्दा, सम्झदा शरीर जिरिङ्ग हुने खालका घटना कहिले नघटून् र मानिस भएर कानुनको पालना गर्न सकून्, धर्मशास्त्र नीतिशास्त्रलाई आधार बनाउन अकर्तव्य कहिलै नगरून् भन्ने उद्देश्य पनि प्रस्तुत शोककाव्यभित्र समायोजित छ । कुन महाअपराधीले यो घटना घटायो र केका निमित्त घटायो जस्ता शङ्कास्पद प्रश्नहरू पनि ठाउँ ठाउँमा भेटिन्छन् । रक्सीको प्यालाले मत्त भएको मानिसले त्यत्रो नरसंहारक राइफल कसरी उठायो र आफ्ना परमपूजनीय मातापिताको छातीमा गोली कसरी हान्यो भन्ने शंकास्पद जटिल प्रश्न यसभित्र उठाइएका छन् । ढुङ्गाको हृदय भएकाहरू कसरी राजदरबारभित्र हुर्कन पुगे र नेपाली जनताले अवतारपुरूषका रूपमा मान्दै आएको राजदरबारमा कसरी यो विध्वंशकारी घटना घटयो जस्ता प्रश्नहरू निरूत्तरित बनेका छन् । रानाभाट आयोगद्वारा गरिएको अध्ययनअनुसार केही सत्यतथ्य बाहिर आउनुपर्ने हो भनी कवि महाआश्चर्यमा परेका छन् । राजारानीका पार्श्वती भनाउँदाहरूले यमराजकै भूमिका खेलेकि ? भनी कवि प्रतिप्रश्न गर्दछन् । रक्ताम्य भएका लासहरू आर्यघाटमा पुऱ्याउँदा एकातिर नेपाली जनताको मुटु फुटेको छ । कसैले कतै पनि क्षमा दिन नसक्ने अपराध घटाउनेप्रति आक्रोश बढेको छ । देश र नरेशको सुरक्षाको ठेक्का लिएर उभिएका सयौं सेनाहरूले कता हेरेर त्यत्रो नरसंहारक कालो वस्तु कोद्वारा किन दिइएको हो अचम्म मान्दै कविको दुःखेको मुटुबाट करूण भावहरू छचल्किएका छन् । राजा वीरेन्द्र, रानी ऐश्वर्य, छोरा दीपेन्द्र, छोरा निराजन र छोरी श्रुति सबै समाप्त बनाउने यो अपराधको पराकाष्टा हो । दरबारभित्रका मरेका लासहरूको पार्थिव शरीरलाई देशमा कर्फ्यु लगाएर मसान घाटतर्फ लगियो जुनकुरा रहस्यात्मक घटना बनेको छ । यत्रो परिवार नास्न कसले कति चन्दा दियो ? हीरामोती मानिक्यजस्ता अमूल्य वस्तु रहेका को को सरिक भए ? ती देशका वञ्चक हुन् । राष्ट्र घातक हुन भन्दै कवि आक्रोशित छन् ।

हाम्रो हिन्दू धर्म र परम्पराअनुसार बा-आमाको काजक्रिया गर्ने छोरा हुनुपर्थ्यो शोकाञ्जली दिने बन्धुबान्धव हुनुपर्थ्यो कसैलाई पनि राखिएन र फूपू फुपाजुसमेत गए । कवि यसलाई कारुणिक नाटकको रूपमा प्रस्तुत गर्दछन् । नेपालमा हुने हिंसाका शृङखलाहरूमा राजदरबार हत्याकाण्ड अपराधको पराकाष्ठा मानिएको छ । कहिले कवि भाग्यमा विश्वास गर्दछन् । बाबुआमाको संस्कारका लागि समेत छोरा रहन पाएनन् । कसको के कति स्वार्थ छ ? यति हतार किन गरियो ? तिलाञ्जली दिने समेत नभएर घाटको चिता समेत् चिन्तायुक्त छ । वाग्मती नदी विषाक्त बनेकी छिन् । बाजामा रोदन क्रन्दन छ । देश कल्याणको शिक्षा छैन । कुन सिकारीले दरबार नै रित्तो हुने गरी शिकार गऱ्यो ? त्यस्ता नरसंहारक सिकारीलाई महामृत्युको सजाय दिनुपर्ने हो । के राणाभाटले बोलेका शब्दहरू सही हुन् त ? प्रफुल्ल मुद्रा र हाँसोका माध्यमबाट उनले घटनालाई  भवितव्य सावित गर्न गरेको प्रयास देख्दा कवि ज्यादै दु:खित बनेका छन् । कविको अन्तर्हृदयले भन्छ अव सिङ्गो नेपाल पनि स्वाहा पार्न समेत के बेर ? यो कहालीलाग्दो घटना देखेपछि कविले मान्छे नै नभएको तर मान्छेका आकृति मात्र भएका जीवहरू कर्तव्यविहीन छन् भन्ने शङ्का गरेका छन् । अधिकार मात्र खोजी गर्ने तर कर्तव्यप्रति रतिभर वास्ता नगर्ने मानिसलाई किन मानिस भन्ने जस्ता आशङ्का व्यक्त गर्दै अनि सत्पात्रका दृष्टिले यो देश शून्य छ भन्दै कविले काव्य समापन गरेका छन् ।

## ङ) छन्दविधान

कवितालाई श्रुतिमाधुर्य, श्रुतिरम्य तथा विधागत निजत्व प्रदान गर्न छन्दको अहम् भूमिका हुन्छ । छन्द शब्द संस्कृतको 'छद्' धातुबाट बनेको हो जसको अर्थ प्रसन्न गर्नु, बाँध्नु र रक्षा गर्नु हो । यही 'छद्' धातुमा 'आसन' प्रत्यय लाग्नाले छन्द शब्द बन्दछ । छन्दको माध्यमबाट कविताले प्रसन्नता प्रदान गर्दछ, भावलाई निश्चित सीमामा बाँध्दछ र भावको रक्षा गर्छ ।[१२] 'छन्द' भनेको कविताको लय हुँदाहुदै पनि परम्परागत रूपमा छन्द भन्नसाथ कविताका सबैखाले लयलाई नसमेटेर शास्त्रीय

[१२] देवी नेपाल, **छन्द पराग,** (काठमाडौं: भुँडीपुराण प्रकाशन, २०६२) पृ. १ ।

नियमअनुसार गणव्यवस्था गरी भावनालाई अभिव्यक्त गर्ने कविताको लयलाई मात्र समेट्ने गरिन्छ ।

क्रमशः 'म' गण, 'स' गण 'ज' गण 'स' गण, दुई 'त' गण र अन्त्यमा एउटा दीर्घ हुने उन्नाइस अक्षरको छन्दलाई शार्दूलविक्रीडित' भनिन्छ ।[१३] यसको छ र बाह्र अक्षरमा विश्राम हुन्छ । यसले नेपाली कवितामा 'लोकछन्द' कै रूप लिइसकेको छ । जुनसुकै भावमा सुहाउने र अति नै मनोहर लयात्मक पद्यको सिर्जना हुने हुनाले यो अति नै लोकप्रिय छन्द बन्न पुगेको छ । जस्तैः

खोक्र पेट अनाज भेट नहुने नाङ्गा र भोका उठ
कोदाला उठ बन्चरा र हँसिया नाम्ला र डोका उठ
साहूका करकापका कठिनता भोग्नेहरू हो उठ
ताकेका जिमिदारले युवतिका लोग्नेहरू हो उठ

युद्धप्रसाद किश्र (छन्दको सुगन्ध)

यस छन्दको गण म स ज स त त गुरू हुन्छ भने गण संकेत
।।ऽ ऽऽ। ऽऽ। ऽ हुन्छ ।

'राजदरबारको हत्याकाण्ड' खण्डकाव्य पनि 'शार्दूलविक्रीडित' छन्दमा रचिएको छ । जस्तैः

नाटकनिम्ति भनेर जो मुख बन्यो साँच्चै महाकाल त्यो ।,
कुन काका कुन बाबु बाँकि गरियो छोरा समेतै गयो ।
के हुन् पाप र पुण्य स्त्री बध गरे राजा र रानी गए
साँच्चै ती इतिहास धर्म मिटिदा साँच्चै अनर्थै भए ॥

(राजदरबारको हत्याकाण्ड)

[१३] ऐजन ।

नेपाली जनजिब्रोमा राम्ररी भिजेको यस छन्दको प्रयोगले खण्डकाव्य सम्पूर्ण र सहजबोध्य भएको छ । म स ज स त त गुरू गणबाट निर्मित यस छन्दको अपेक्षा पूरा गर्न कविले वर्णविन्यासलाई कतै-कतै सीमाउल्लङ्घन गरेका छन् । जस्तैः

रानीको पनि लौ मुहार गइयो रक्ताम्य पारीदियो
रैफल् पिस्तुल त्यो शतन्घि हतियार कस्लाई कस्ले दियो ।

यहाँ 'रैफल्' मा 'ल' को खुट्टा काट्नु हतियार्मा 'र' को खुट्टा काट्नु कसलाई कस्ले र 'कसले' लाई कस्ले जस्ता त्रुटिहरू खण्ड काव्यकारले गरेका देखिन्छ ।

## च) रसविधान

शब्दकोशमा 'रस' शब्दका अनेक अर्थ पाइन्छन् । लोकव्यवहार र साहित्य तथा शास्त्रमा पनि यसको प्रयोग विभिन्न अर्थमा भएको छ । व्युत्पत्तिगत अर्थ लिने हो भने 'रस्यते असौ रस' अनुसार रस त्यस्तो पदार्थ हो जसको आस्वादन होस् । रसास्वादनको काम गर्ने हुनाले जिब्रोको एक नाम 'रसना' पनि हुन्छ । रस त्यस्तो तरल पदार्थ हो जसलाई चुस्न चाट्न सकिन्छ । रस त्यस्तो सारभूत तत्व पनि हो जो वस्तुको हृत्केन्द्रमा आत्माको रूपमा रहन्छ ।[१४] काव्य वा साहित्यमा रसको प्रयोग विशिष्ट अर्थमा हुन्छ । यहाँ पनि यो आस्वाद्य नै हुन्छ । काव्यसन्दर्भमा रसको तात्पर्य त्यस्तो रमणीय र आह्लादकारी अनुभूतिसँग छ, जसले मानवहृदयमा कुनै न कुनै तरल भाव संवेदनालाई जगाओस् ।[१५] यसको आस्वादन संवेदनशील हृदयले गर्दछ । आफ्नै हृदयमा रहेको स्थायीभावबाट आलम्बनको आधारमा विकसित भएर आस्वादको कोटिमा पुगेको मानवसमुदायको अन्तरअवस्थालाई रस मानिएको कुरा काव्यशास्त्रवाट बुझिन्छ । 'राजदरबारको हत्याकाण्ड' नामक खण्डकाव्यको मुख्य रस करूण नै छ । यो खण्डकाव्य पूर्णरूपमा करूणमय छ । कतै कतै यसमा रौद्र रसको पनि अनुभूति गर्न सकिन्छ । यस काव्यमा सम्पूर्ण जनताको शोकलाई समेटिएको छ । करूण रसको स्थायीभाव मानिने यस शोकसँग सम्बन्धित विभाव, अनुभाव र सञ्चारी भावहरूको

---

[१४] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त,** (काठमाडौं: साझा प्रकाशन, २०४४) पृ. १८ ।

[१५] ऐजन ।

व्यापक अनुभूति पनि यस काव्यमा गर्न सकिन्छ । यस घटनाअनुसार सम्पूर्ण नेपाली जनतालाई शोकको अनुभूति हुन्छ । दरबारको नरसंहारकारी घटनाबाट सम्पूर्ण पाठक र श्रोता करूणामा डुब्ने स्थिति यस काव्यमा रहेको छ । जस्तैः

रानी आज पछाडि पारि लगियो छोरा र बैन्ही अनि
निर्जीव भैकन आर्यघाट पुगिदाँ अन्तिम सलामी पनि ।
बादल् गर्जनुसाथ दागबत्तीका सन्दर्भमा भो अनि
मखमल्को जुन त्यो पलङ् छ र यहाँ साह्रो मुढा नै बनी ।

(राजदरबारको हत्याकाण्ड पृ. २३)

क्रोध स्थायी भाव भएको रस रौद्र रस हो । प्रस्तुत काव्यमा पनि कतै कतै रौद्र रस प्रयोग भएको पाइन्छ । दरबारमा भएको हत्याकाण्डको छानविन गरी सत्य तथ्य बाहिर नल्याइएकोमा क्रोधको अनुभूति हुन्छ । शोकपूर्ण उक्त घडीमा सत्य तथ्यपूर्ण छ भन्दै गलत रिपोर्ट सार्वजनिक गरिएकोले सम्पूर्ण पाठकवृन्दमा क्रोध भाव उत्पन्न हुने स्थिति रहेको छ । जस्तैः

भन्ला भन्न त सत्य तथ्य छ रिपोर्ट आवाज उच्छृङ्खल
बोलै या अनि शक्तिशालि जुन भाट् बोली कहाँ रोक्दछ ।
अंग्रेजी पनि भट्भट्याउँछ भने त्यो त कहाँ मूर्ख छ
मुस्कानै त बढी रहेछ जसको यो नै महाश्चर्य छ ॥

(राजदरबारको हत्याकाण्ड पृ. ३१)

### छ) अलङ्कार विधान

शरीरलाई सिंगार्ने धातुसम्बन्धी वस्तुलाई गहना भनिन्छ भने लिखित साहित्यलाई सिंगार्ने वा उत्कर्षमा पुऱ्याउने काव्यधर्मलाई अलङ्कार भनिन्छ ।[१६] यसैले अलङ्कार शब्दलाई विच्छेद गरेर हेर्दा अलम् + कारको स्थितिमा पुग्छ । अलम् शब्दको अर्थ पर्याप्तरूपमा भन्ने हुन्छ र कार शब्दको अर्थ गर्ने भन्ने हुन्छ । यी दुवै शब्द मिलेर

[१६] विश्वनाथ, कविराज, **साहित्यदर्पण,** (वाराणरवीः चौखम्बा संस्कृतसंस्थान, इ.सं. १९०९) दशौं परिच्छेद, पृ. ४६ ।

बनेको अलङ्कार पदले कुनै पनि वस्तुलाई आफ्नै स्वरूपममा पर्याप्त वा पूर्ण बनाउने भन्ने अर्थ निस्कन्छ । यसरी शुष्क वा विरसिला अर्थहरूलाई पर्याप्त रूपमा अलङ्कृत गर्ने काव्यधर्महरूको नाम हो अलङ्कार ।

अलङ्कार दुई प्रकारका छन्: शब्दालङ्कार र अर्थालङ्कार । शब्दालङ्कार पाँच प्रकारका छन् भने अर्यालङ्कारलाई आठ वर्गमा विभाजित गरेको पाइन्छ ।

'राजदरबारको हत्याकाण्ड' खण्डकाव्यमा पनि अन्त्यनुप्रास, उपमा, सन्देह, वृत्यानुप्रासजस्ता अलङ्कारको प्रयोग गरिएको छ ।

### अन्त्यानुप्रास

पाउको आधा वा पाउको अन्तमा अन्तिम अक्षर पूर्णरूपले मिलेमा अन्त्यानुप्रास हुन्छ ।[१७] यस्तो अलङ्कारको प्रयोगले 'राजदरबारको हत्याकाण्ड' काव्य लयात्मक बनेको छ । जस्तै:

साँच्चै यो ऋतु ग्रीष्म मध्य पनि हो गलबन्दि छैनन् ऊनी
घाँटीमा जुन राम नामि कपडा श्रृङ्गार अन्तिम बनी
सारा दर्शक दृष्टिमा जल भर खादार फूल वर्षिए
ती राजा शबका मलामि गिरिजा आक्रोशले तर्सिए ॥

(राजदरवारको हत्याकाण्ड पृ. २३)

यहाँ पहिलो पाउको अन्तिम अक्षर दोस्रो पाउको अन्तिम अक्षरमा 'नी' वर्णको आवृत्ति पाइन्छ भने दोस्रो र तेस्रो पाउका अन्तिममा 'ए' वर्णको आवृत्तिले अन्त्यानुप्रास साथ मिलेको छ ।

### वृत्यनुप्रास

एक व्यञ्जनको एक पटक वा अनेक पटक आवृति तथा अनेक व्यञ्जनाहरूको उसै क्रममा वा क्रमबिना एक पटक वा अनेक पटक आवृत्ति भएमा हुने वृत्यनुप्रासको प्रयोगले काव्य रमाइलो बनेको छ । जस्तै:

---

[१७] केशवप्रसाद उपाध्याय **पूर्वी साहित्य सिद्धान्त,** चौ.सं. (काठमाडौं: साझा प्रकाशन, २०६१) पृ. ११३ ।

कुन काका कुन बाबु बाँकि गरियो छोरा समेतै गयो
के हुन् पाप र पुण्य स्त्री बध गरे राजा र रानी गए ।

यहाँ 'क' 'ब' 'प' र 'र' व्यञ्जनहरूको क्रम र क्रमविना अनेक पटक आवृत्ति भएको छ ।

**उपमा**

उपमेय र उपमानका बीच रूप, गुण, क्रिया आदिको समानता देखाइएमा हुने उपमा अलङ्कारको पनि प्रस्तुत खण्डकाव्यमा प्रयोग गरिएको छ । जस्तैः

गिर्दैनन् कहिँ गिद्ध झैं छ अहिले के गर्छ फेरि यहाँ,
साँच्चै यो धृतराष्ट्र झैं भइरहयो सोचाइ राम्रो कहाँ ।

(राजदरबार हत्याकाण्ड पृ. ३०)

यहाँ गिर्दैनन् र धृतराष्ट्र उपमेय र गिद्ध र सोचाइ उपमानका रूपमा आएका छन् ।

**सन्देह**

वस्तुहरूका बीच देखिने समानतावश संशय उत्पन्न भएको देखाइएमा सन्देह अलङ्कार हुन्छ ।[१८] 'राजदरबारको हत्याकाण्ड' खण्डकाव्यमा पनि उक्त अलङ्कारको प्रयोग गरिएको छ । जस्तैः

ढुङ्गा हौ कि फलाम हौ? भन तिमी द्यौता कसोरी भनू
देखायौ किन दृश्य आज यसरी यौता कुकर्म भनूँ ।

(राजदरबार हत्याकाण्ड)

**ज) बिम्ब र प्रतीक विधान**

[१८] केशवप्रसाद उपाध्याय **पूर्वीय साहित्य सिद्धान्त**, पृ. १२२ ।

बिम्ब शब्द लाक्षणिक हो र जीवन जगतको व्यापक क्षेत्रबाट बिम्बका रूपमा सामग्रीहरू सङ्कलन गरिन्छ । बिम्बले कवितालाई सुन्दर बनाउनका साथै अर्थलाई व्यञ्जनाधर्मी तुल्याउँछ । कथ्यले प्रस्तुत गर्ने प्रतिच्छाया वा पूरकका रूपमा आउने सहवर्ती अर्थ बिम्ब हो र जीवनजगतका विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुन सक्छ ।[19] यसैले अनुपस्थित वस्तुका माध्यमले सावयव प्रस्तुति गर्नु बिम्ब हो । त्यस्तै कुनै पनि अनुपस्थित वस्तुलाई अर्को उपस्थित वस्तुद्वारा झल्काउने कुरा पनि प्रतीक हो । तर बिम्ब फराकिलो र प्रतीक सीमित हुन्छ ।[20]

कविताद्वारा कुनै कुराको आभास वा झलक दिन कविहरू विभिन्न किसिमका बिम्बको प्रयोग गर्दछन् । बिम्ब वा प्रतीकको प्रयोगबाट कविता काव्य सुन्दर र उदात्त बन्दछ भने यसैको कारणबाट अर्थमा आलङ्कारिक चमत्कार उत्पन्न हुन्छ । कवि मदनमोहन मिश्रले पनि 'राजदरबारको हत्याकाण्ड' खण्डकाव्यमा अनेकौ प्रतीक र बिम्बहरूको प्रयोग गरी काव्यलाई सुन्दर, आलङ्कारिक, स्तरिय एवं सुरूचिपूर्ण बनएका छन् ।

यस खण्डकाव्यमा मिश्रले नारायणलाई सत्पात्रको रक्सी (अम्मली व्यक्ति) कालोपदार्थ (नक्कली), धृतराष्ट्र (अज्ञानी पुरूष) देवर्षि नारद (प्रमुख सञ्चारक), क्यान्सर (देशको कुकर्म), भगवान् (परोपकारी मानवतावादी व्यक्ति), कुकुर (अज्ञानी व्यक्ति), नन्दी भृङ्गी (सहयोगी), प्रचण्ड चण्ड (दान वंशी), ब्रहमाण्डपती (न्यायकर्ता) हिरो (नायक), मसान (मुद्रास्थल), संस्कार (मानवीय कर्म), श्रीपेच (उच्च सम्मान), सौतेनी (दुःखदायी) र 'पशु' लाई अशिक्षित मानिसको बिम्बको रूपमा प्रयोग गरेका छन् ।

## **झ) भाषाशैली**

कविता वा काव्यहरूमा भाषाको अत्यन्त ठूलो स्थान हुन्छ । किनकि भाषाका माध्यमबाट नै कवि आफ्नो भावाभिव्यक्ति गर्न सफल हुन्छ । राजदरबारको हत्याकाण्ड खडकाव्यमा प्रयोग भएको भाषामा शब्द र अर्थ दुवै सौन्दर्यपूर्ण छन् । यस काव्यमा

---

[१९] वासुदेव त्रिपाठी र अरू (सम्पा) **नेपाली कविता,** भाग ४, चौ.सं., (काठमाडौंः साझा प्रकाशन, २०४६) पृ. २१ र २२ ।

[२०] ऐजन ।

तत्सम शब्दको आधिक्य पाइन्छ भने तद्भव र आगन्तुक शब्दको पनि यसमा व्यापक प्रयोग गरिएको छ । प्रस्तुत काव्य राजदरबारमा भएको सत्य घटनामा आधारित भएकाले यसको भाषा अभिधात्मक र सुबोध छ । सबै पाठकले यो काव्य सजिलै बुझ्न सक्छन् । कतै पनि क्लिष्ट शब्दको प्रयोग पाइदैन ।

## नेपाली हास्यव्यङ्ग्यको परम्परा

शक्तिवल्लभ अर्यालदेखि आरम्भ भएको नेपाली हास्यव्यङ्ग्य लेखनले धेरै घुम्ती र मोडहरू पार गरिसकेको छ । नेपाली साहित्यको विधागत स्वरूप नबनिसकेको अवस्थादेखि नै हास्यव्यङ्ग्य शैली अपनाएर लेख्ने गरिएको पाइन्छ । साहित्यमा प्रयुक्त गद्य, पद्य छन्द जस्ता विविध शैलीहरूमध्ये हास्यव्यङ्ग्यगात्मक शैलीलाई एउटा विशिष्ट शैली मानिन्छ ।[२१] हास्यव्यङ्ग्य कुनै एउटा साहित्यिक सिर्जनाका रूपमा नटाक्सिई गद्य, पद्य दुवै क्षेत्रमा मात्र होइन कथा, कविता, काव्य, महाकाव्य, निबन्ध, उपन्यासका साथै गम्भीर राजनैतिक, सामाजिक र सामयिक चिन्तनका लेखनमा समेत प्रयोग भएको पाइन्छ ।

पूर्वमा व्यङ्ग्यलाई काव्यको आत्मा मान्ने सोचबाट अघि बढेर मानवीय दुष्प्रत्तिको लेट्नु काड्ने सशक्त अभिव्यक्तिकौशल मानिन्छ । त्यसैगरी पश्चिममा पनि सामाजिक र वैयाक्तिक विसङ्गतिमाथि निर्मम प्रहार गर्ने अभिव्यञ्जनाकै कौशल मानिन्छ ।[२२] व्याख्या विश्लेषण जतासुकैबाट गरे पनि हास्यव्यङ्ग्यले जहाँ पनि र जेमा पनि सङ्गति खोज्दछ भन्ने मूलभूत दृष्टिविन्दुलाई पूर्वीय र पाश्चात्य दुवैतिरका चिन्तक एवं विश्लेषकहरूले स्वीकारेको पाइन्छ ।

हाँसो मानवीय कमजोरीप्रतिको सहानुभूति र व्यङ्ग्य विसङ्गत र विद्रूप स्थितिमाथि सुधारको आग्रह हो । समाजमा व्याप्त कुरीति, कुसंस्कार, विकृति र विकारलाई उच्छेद गरी सङ्गति निर्माण गर्नु हास्यव्यङ्ग्यको प्रमुख उद्देश्य हो ।[२३]

---

[२१] नरनाथ लुइँटेल **नेपाली हास्यव्यङ्ग्य निबन्ध**, (काठमाडौँः विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६५) पृ. ... ।

[२२] ऐजन ।

[२३] ऐजन ।

समाजका र व्यक्तिका निजी व्यवहारमा पनि थुप्रै असङ्गत कुराहरू हुने गर्दछन् । समाजलाई साँच्चिको मान्छे हुन नदिने ती असङ्गत कुराहरूप्रति हास्यव्यङ्ग्यले तीव्र असहमति जनाउँछ । मिठासपूर्ण र मनोरञ्जनपूर्ण विद्रोहलाई वाणी दिन्छ । यो विद्रोह ध्वंशका निम्ति होइन निर्माण र सुधारका निम्ति अघि बढ्छ । अतः हास्यव्यङ्ग्यको मूल उद्देश्य सामाजिक कुरीति, सरकारी कुनीति, व्यक्ति विकृति र सबै विरोधाभासलाई परिहासपूर्वक नास पार्ने, मन र मस्तिष्कलाई हास्यरसले शक्ति प्रदान गरी मनोरञ्जनसाथ जीवन रसिलो, हँसिलो रमाइलो पार्ने, मानिसलाई सही मानिस बन्न र सुन्दर समाजको सृजना गर्नमा सघाउन रचनात्मक सहयोग प्रदान गर्ने आदि रहेका छन् ।[२४] मदनमोहन मिश्रको ‘क्वातिको रस’ पनि यस्तै प्रकारको काव्य हो ।

## ४.३ ‘क्वातिको रस’ काव्यको अध्ययन

### क) परिचय

‘क्वातिको रस’ मदन मोहन मिश्रको २०३६ सालमा प्रकाशित हास्यव्यङ्ग्यात्मक काव्य हो । यो नेपाली व्यङ्ग्यात्मक काव्यपरम्पराको महत्वपूर्ण उपलब्धि मानिन्छ । मझौला आकारको २० पृष्ठ सङ्ख्या र ९५ शलोक सङ्ख्या रहेको यस काव्यमा सरकारी संयन्त्रका शिक्षा, स्वास्थ्य, यातायात, पानी लगायतका विविध क्षेत्रमा हुने अनियमिततालाई देखाउने कार्य गरिएको छ र यस्तो कार्यमा संलग्न व्यक्तिप्रति व्यङ्ग्यप्रहार गरिएको छ ।

### ख) शीर्षक

यस सङ्ग्रहको ‘क्वातिको रस’ शीर्षक व्यञ्जनात्मक देखिन्छ । व्यञ्जनात्मक रूपमा समाजमा व्याप्त भ्रष्टाचार, त्रुटि, दोष, विकृति, विसङ्गतिलाई देखाउदै यसको शीर्षक चयन गरिएको छ । अभिधात्मक रूपमा क्वाटिको रसको अर्थ गेडागुडीको मिश्रणगरी पकाएको रस हो र यसले व्यञ्जनात्मक रूपमा समाजमा व्याप्त भ्रष्टाचारको मिश्रणलाई संकेत गर्दछ । साथै यसले समाजका हरेक क्षेत्रमा हुने

---

[२४] ऐजन ।

भ्रष्टाचार, विकृति र विसङ्गतिलाई क्वाटिका रूपमा लिई त्यसप्रति व्यङ्ग्य गरेको छ । क्वाटिको रसरूपी विकृति र विसङ्गतिको जालोमा जनता नफसून् र क्वातिमा मिश्रण गर्ने भटमास, केराउ, चना, मास वकुलाको छुट्टै अस्तित्व भएझैं गरिब जनताको पनि आफ्नै छुट्टै अस्तित्व होस् भन्ने सन्देशतिर पनि यस शीर्षक सङ्केत गरेको छ ।

## ग) संरचना

'क्वाटिको रस' काव्यभित्र 'स्वर्गमा कुबेरको बजेट भाषण', 'झोलुङ्गे पुल' र 'थगु सालया सिरपा' गरी तीन उपशीर्षकहरू रहेका छन् । यस काव्यमा 'स्वर्गमा कुबेरको बजेट भाषण' उपशीर्षकमा ७६ श्लोक, 'झोलुङ्गे पुलमा' ७ श्लोक र 'थुगु सालया सिरपा' उपशीर्षकमा १२ श्लोक गरी जम्मा ९५ श्लोक ३८० पंक्ति र पृष्ठ २० रहेका छन् ।

## घ) विषयवस्तु

'क्वातिको रस' काव्यले सरकारी संयन्त्रका शिक्षा, स्वास्थ्य, अर्थ, यातायात, पानी आदि सम्पूर्ण क्षेत्रमा हुने भ्रष्टाचार, त्रुटि, दोष र विकृति विसङ्गतिलाई विषयवस्तु बनाएको छ । बजेट बनाउँदा पदाधिकारीहरू देशको हितविपरीत आन्तरिक भागबण्डामा सीमित हुने, जंगल फडानी र काठ तस्करीले गर्दा इनार, खोला, ताल सुकेर पानीको अभाव हुनु, सानो निहुँमा आन्दोलन बन्द, हडताल गरी अराजकता फैलाउनु, निष्पक्ष रूपमा पानी वितरण नगर्नु, जनसंख्यावृद्धि हुनु, विदेशी संस्कृतिको प्रभाव बढ्नु, नेपाली संस्कृतिको लोप हुनु, बेरोजगारी, गरिबी, अशिक्षा, असमानता जस्ता विकृति र विसङ्गतिबाट सर्वसाधारण जनता पीडामा पर्नु आदि राष्ट्रिय समस्याहरूको जुन बोध मिश्रले गरे त्यही नै यस काव्यको विषयवस्तुको मूल आधार हो ।

राष्ट्रका हरेक क्षेत्रमा बढ्दो भ्रष्टाचारसँग सम्बन्धित काव्यको विषयवस्तु एक कालको र एक देशको मात्र नभई सार्वकालिक र सर्वदेशीय बन्न पुगेको छ । सरकारी निकायमा बसेका व्यक्तिहरू अधिकारको दुरूपयोग गरी आफ्नो स्वार्थबाट अभिप्रेरित

भएको पाइएको छ । राष्ट्रको बजेट निर्माण गर्दा उनीहरू राष्ट्रको विकासको लागि भन्दा आन्तरिक भागबन्डामै सोच्ने हुनाले राष्ट्रिय सम्पत्ति सदुपयोग नभै राष्ट्रको द्रुततर विकासमा यिनी तगारो बनेका छन् भन्दै विभिन्न पौराणिक कथाका पात्रहरूलाई प्रतिकात्मक रूपमा राखी प्रभावशाली ढंगबाट वजेट निर्माण नगर्दा हुने विकृति विसङ्गतिलाई प्रष्ट रूपमा देखाइएको छ । पानी, सरसफाई स्वास्थ्य, शिक्षा, संस्कृति आदि विभिन्न क्षेत्रमा रकम विनियोजन गर्दा पदाधिकारी द्रव्य लोलुप भएका र सही रूपमा र निःस्वार्थपनको कमीले गर्दा राष्ट्र र निमुखा जनताले भोग्नुपर्ने पीडा र राष्ट्रलाई दरिद्र अवस्थामा पुऱ्याउने कार्य भैरहेको देख्दा राष्ट्रप्रति माया ममता भएका कविको कोमल हृदयमा आघात भएको अनुभव प्रस्तुत काव्यका प्रत्येक पंक्ति र श्लोक-श्लोकमा प्रतिध्वनित भएको पाइन्छ । स्वार्थपूर्तिको लागि हुने अराजक गतिविधि, आधुनिकताको नाममा विदेशी संस्कृतिको आकर्षण आदिले गर्दा नेपाली संस्कृति हराउदै गएकोमा कवि दुःखित भएको पाइन्छ । त्रुटिपूर्ण पद्धतिप्रति असन्तुष्ट हुदै यस पद्धतिलाई हटाउन वैज्ञानिक नीति ल्याउनुपर्ने धारणा कविले यहाँ व्यक्त गरेका छन् । भागबन्डा मुनाफा स्वार्थ त्यागेर निमुखा जनताको आवश्यकता परिपूर्ति गर्न निस्वार्थ भावनाले राष्ट्रनिर्माणमा लाग्नुपर्ने विचार कविले यहाँ व्यक्त गरेका छन् । साथै भ्रष्टाचार र विकृति विसङ्गतिका विरूद्ध सबै सचेत हुनुपर्ने धारणा पनि अभिव्यक्त गरिएको छ ।

### ङ) लयढा“चा र कथनपद्धति

'क्वातिको रस' मुक्त लयढाँचाको उपयोगगरी रचिएको काव्य हो । सार्वकालिक सर्वदेशीय भ्रष्टाचार, विकृति विसङ्गतिको व्यङ्ग्यात्मक अभिव्यक्तिका निम्ति कविले यसमा मुक्त लयढाँचाको प्रयोग गरेका छन् ।

प्रस्तुत काव्यमा सरकारी संयन्त्रका शिक्षा, स्वास्थ्य, पानी, यातायात, अर्थ लगायतका विविध क्षेत्रमा हुने भ्रष्टाचार कमीकमजोरीसम्बन्धी विषयवस्तुको कथन कविनिबद्ध वक्ताको उक्ति र कविकथन दुवै रूपमा प्रस्तुत भएको छ । 'स्वर्गमा कुवेरको

बजेट भाषण' शीर्षकमा कविनिबद्ध वक्ताको उक्ति र 'झोलुङ्गे पुल' र 'थुगु सालया सिरपा' उपशीषर्कमा कविकथनको प्रस्तुति पाइन्छ ।

## च) बिम्ब र प्रतीकविधान

'क्वातिको रस' काव्यमा मिश्रले व्यापक बिम्ब र प्रतीकको प्रयोग गरेका छन् । काव्यका उपशीर्षकहरू नै प्रतीकात्मक रहेका छन् । 'क्वाति रस' शीर्षक विकृति विसङ्गतिको मिश्रणको प्रतीकको रूपमा आएको छ । स्वर्गमा कुबेरको बजेट भाषण उपशीर्षक पनि प्रतीकात्मक छ । स्वर्ग भन्ने शब्दले नेपाललाई जनाउँछ भने कुबेर अर्थ र अर्थमन्त्रीका रूपमा रहेको छ भने बजेट भाषण उनले राष्ट्रका नाममा प्रस्तुत गर्ने बजेट बुझिन्छ । यसका साथै प्रस्तुत काव्यमा स्वर्ग (सुखशान्तिको) नारद (कुरौटे), उर्वशी (सुन्दरी), लक्ष्मी (धन), कुबेर (धनाढ्य) कुकुर (अज्ञानी), यमराज (राङ्गो), महन्त (इन्द्रिय निग्रह व्यक्ति) चेला (सहयोगी) जस्ता बिम्ब र प्रतीकहरूको प्रयोग गरिएको छ ।

## छ) भाषाशैली

'क्वातिको रस' काव्यको भाषाशैली सरल, सहज र सुबोध छ । यसमा बोधगम्य र अत्यन्त मार्मिक भाषाको प्रयोग गरिएको छ । कविको विचारधारा सलल बगेको छ । व्यक्तिगत गालीगलौज कतै देखिदैन । यस काव्यमा 'स्वर्ग', 'पाप', 'पुण्य', 'ब्रम्हा', 'पाताल', 'डाकिनी' जस्ता संस्कृत शब्द, रिपोर्ट, ट्यांकि, मिटर हाइड्रोसिल जस्ता अंग्रेजी शब्द र बोक्सी, चाक, झोक्की, धक्कु जस्ता ठेट नेपाली शब्द र भाजु, कयता, जस्ता नेवारी शब्दको पनि प्रयोग गरिएको छ ।

## ४.४ 'कान्तिपुरी महानगरी' काव्यको अध्ययन

### क) परिचय

मदनमोहन मिश्रको 'कान्तिपुरी महानगरी' भित्र कविताका मझौला रूप अन्तर्गत पर्ने सातवटा कविताहरू संकलित छन् । वि.स. २०५२ सालमा प्रकाशित प्रस्तुत काव्य कवि मिश्रको साहित्यकारिताको १७ औं कृति हो । रमा प्रकाशन ललितपुर यस कृतिको प्रकाशक रहेको छ । काव्यात्मक मूल्यका दृष्टिले यो कृति उनको समग्र साहित्यिक यात्रामध्येकै उत्कृष्ट सिर्जना भएको कुरा यसको अध्ययनबाट स्पष्ट हुन्छ ।

### ख) शीर्षक

प्रस्तुत काव्यको 'कान्तिपुरी महानगरी' शीर्षक 'कान्तिपुर' र 'महानगरी' दुईवटा शब्दको योगबाट बनेको छ । कान्तिपुरले राजधानी काठमाडौं र महानगरले काठमाडौं महानगरपालिकालाई जनाउँछ । शीर्षकले बताएअनुसार यस काव्यमा काठमाडौं महानगरपालिकाका प्राकृतिक सांस्कृतिक सम्पदा, बाटो, पानी प्रदूषण लगायत विविध पक्षको चित्रण गरिएकोले विषयवस्तुसँग सम्बन्धित यसको शीर्षक सार्थक रहेको छ ।

### ग) संरचना

सात वटा विविध उपशीर्षकमा संरचित प्रस्तुत 'कान्तिपुरी महानगरी' टुक्रा काव्यको प्रथम 'कान्तिपुरी महानगरी' शीर्षकभित्र चार पंक्तिलाई एक श्लोक मानेर हेर्दा जम्मा ६० श्लोक र पंक्तिसंख्या २४४ रहेका छन् । दोस्रो 'यहाँलाई परिचय गराऊँ कि' ? नामक शीर्षकभित्र श्लोकसंख्या राखिएको छैन भने पंक्तिसंख्या १२५ रहेका छन् । तेस्रो 'वागमतीको विलाप' नामक शीर्षकमा चार पंक्तिलाई १ श्लोक मानेर गणना गर्दा यसमा जम्मा ५६ श्लोक र २२४ पंक्ति छन् । चौथौ 'डाक्टर बिरामी पेसेन्ट विरामी' नामक शीर्षकमा ६ श्लोक र २६ पंक्ति रहेका छन् । पाँचौ 'झोलुङ्गे पुल' नामक शीर्षकमा ७ श्लोक ३२ पंक्तिसंख्या रहेका छन् । छैठौ 'कालु पाँडेको सपना' नामक

शीर्षकमा ५३ श्लोक र २१२ पंक्ति छन् भने सातौ 'कान्तिपुरको विलाप' नामक शीर्षकमा ३१ श्लोकसंख्या र १२४ पंक्तिसंख्या रहेको पाइन्छ । साथै यस काव्यको जम्मा पृष्ठसंख्या ६४ रहेको छ ।

## घ) विषयवस्तु

'कान्तिपुरी महानगरी' काव्यमा प्राकृतिक साँस्कृतिक सम्पदा, शहरिया फेसन, यातायातका साधनहरू, विभिन्न प्रकारका खाद्य तथा अखाद्य सामग्रीहरू, बाटो, पानी, प्रदूषण, धर्म, कला संस्कृति र यसमा देखिएका विकृति र विसङ्गतिलाई काव्यको विषयवस्तुगत मूल आधार बनाइएको छ । प्राकृतिक एवम् सास्कृतिक सम्पदाको संरक्षण गर्न र महानगरलाई सुन्दर शान्त बनाउन जनचेतना जगाउने उद्देश्य पनि काव्यमा समायोजित भएको पाइन्छ । काठमाडौं उपत्यकाको सेरोफेरोमा केन्द्रित यस काव्यमा विविध विकृति र विसङ्गतिलाई केलाउने कार्य गरिएको छ ।

सात वटा विविध शीर्षकमा संरचित प्रस्तुत काव्यको पहिलो शीर्षक 'कान्तिपुरी महानगरी' मा कविले काठमाडौंको जनसंख्यावृद्धि, प्रदूषित वातावरण, सहरिया फेसन, धर्म संस्कृतिमा आएको विकृति, मौलिकपनाको अभाव, धार्मिक एवम् साँस्कृतिक सम्पदाको विनाशजस्ता विविध पक्षलाई केलाउदै कविले यसप्रति असन्तुष्टि व्यक्त गरेका छन् । प्राकृतिक साँस्कृतिक सम्पदाको संरक्षणतर्फ ध्यान नदिई काठमाडौंलाई सिंगापुर बनाउछौं भन्ने महापुरूषप्रति कविले व्यङ्ग्यभाव प्रस्तुत गर्दै धर्म, कला, संस्कृति र सम्पदाको संरक्षण गर्न सबैलाई आह्वान गरेका छन् ।

दोस्रो 'यहाँलाई परिचय गराऊँ कि' ? नामक शीर्षकमा मिश्रले चुनावमा नानाथरी प्रलोभन देखाएर भोट माग्ने, आश्वासन डर, त्रास देखाएर चुनाव जितेपछि विलासितापूर्ण जीवन बिताउने, नातावाद, कृपावादको प्रयोग गरी जनहितविपरीत कार्य गर्ने, मूर्तिचोरी विदेश निर्यात गर्ने विविध आपराधिक क्रियाकलापमा संलग्न नेताको कुरूपपना र खोक्रोपनलाई देखाउने काम गरिएको छ ।

तेस्रो 'वागमतीको विलाप' मा कविले वागमती नदीको दुःखद अवस्थाको चित्रण गरेका छन् । यसमा पवित्र तीर्थस्थल वागमती प्रदूषित हुँदै गएको यथार्थलाई देखाइएको छ । पवित्र तीर्थस्थल वागमतीको इतिहास प्रस्तुत गर्दै अहिले वागमतीप्रति आस्था हराउँदै गएको र विविध संघसंस्थाले ठगी खाने भाँडो बनाएकोमा कविले चिन्ता व्यक्त गरेका छन् ।

चौथो 'डाक्टर बिरामी पेसेन्ट बिरामी' नामक शीर्षकमा कविले डाक्टर पनि बिरामी पेसेन्ट पनि बिरामी भन्दै राष्ट्र र नेपाली जनतामा रहेको रोग, भोक, शोक, अशिक्षा, बेरोजगार जस्ता विसङ्गतिलाई देखाउने कार्य गरेका छन् ।

'झोलुङ्गे पुल' नामक शीर्षकमा मिश्रले चाकडी-चाप्लुसी र स्तुति गर्ने प्रवृत्तिलाई देखाउदै यसप्रति व्यङ्ग्य गरेका छन् ।

छैठौ 'कालुपाँडेको सपना' नामक शीर्षकमा पृथ्वीनारायण शाह र कालुपाँडेको रोचक संवादका माध्यमबाट पृथ्वीनारायण शाहले एकीकरण गरेको चार जात छत्तीस वर्णको सुन्दर शान्त फूलबारी नेपालका मौलिक कला, संस्कृति, प्राकृतिक साँस्कृतिक सम्पदा, भेषभूषा, हातहतियार आदि मेटिदै राष्ट्र विदेशी कला संस्कृतिमय भएकोमा कविले चिन्ता व्यक्त गरेका छन् ।

'कान्तिपुरको विलाप' शीर्षकमा मिश्रले कान्तिपुरको धर्म, संस्कृतिमा आएको विकृति नदीनाला, धारा-पँधेरा, मठ-मन्दिरजस्ता प्राकृतिक साँस्कृतिक सम्पदा प्रदूषणले गर्दा लोप हुने अवस्थामा पुगेकोले वीरगाथा र सौन्दर्यशोभा सबै राणाको इतिहाससँगै सती गएको भान कविमा भएको देखिन्छ । विभिन्न पार्टीका नेताले थरिथरिका भाषण गर्ने तर राष्ट्र र जनताको हितविपरीत कार्य गरेकाले देशको स्थिति नाजुक बन्दै गएको विचार व्यक्त गर्दै मौलिक कला संस्कृति र सम्पदाको संरक्षण गर्न सबै सचेत हुनुपर्ने धारणा कविले व्यक्त गरेका छन् ।

**ङ) छन्दविधान**

'कान्तिपुरी महानगरी' कवितासङ्ग्रह तोटक र शार्दूलविक्रीडित छन्दका साथै गद्यलयको प्रयोगसमेत गरी रचिएको उत्कृष्ट रचना हो ।

### तोटक छन्द

चारवटा 'स' गणले बनेको बाह्र अक्षरको छन्दलाई तोटक भनिन्छ । यसमा तीन र छ अक्षरमा विश्राम गरिन्छ । यसको गण सङ्केत ।।ऽ ।।ऽ ।।ऽ ।।ऽ हुन्छ । यो उत्साह सिर्जना गर्ने वा चेतना जागृत गराउने भाव भएको रचनामा बढी सुहाँउछ ।[२५] प्रस्तुत काव्यको पहिलो उपशीर्षक 'कान्तिपुरी महानगरी' मा पनि यही तोटक छन्दको प्रयोग गरिएको छ । जस्तैः जति छन् मति ती सब पुण्यवती ।

अमराबति भो दुरगन्धबती
नदिका तट भन्छन नाक थुन
अमराबतिको यहि मूल धन

### शार्दूलविक्रीडित छन्द

'म' गण, 'स' गण, 'ज' गण, 'स' गण दुई 'त' गण र अन्त्यमा एउटा दीर्घ हुने उन्नइस अक्षरको छन्दलाई शार्दूलविक्रीडित भनिन्छ ।[२६] यसको छ र बाह्र अक्षरमा विश्राम हुन्छ । प्रस्तुत काव्यको 'बागमतिको विलाप', 'कालुपाँडेको सपना' र 'कान्तिपुरको विलाप' नामक शीर्षकमा यही छन्दको प्रयोग गरिएको छ । जस्तैः

मेरा ती हरियाली सारि कसले आएर च्यातीदियो ।
बुट्टा फूलहरूसमेत नहुँदा यो घाउ झन् चर्कियो
डाक्टर को छ यहाँ? सर्जन भए झाँक्री तथा झारफुके
छैनन् आज यहाँ चिकित्सक कुनै बाँकी भए कान्फुके ।

कान्तिपुरको विलाप (पृष्ठ ३)

### मुक्त छन्द

---

[२५] देवी नेपाल **छन्द पराग**, पृ. ४२ र ८१ ।

[२६] ऐजन ।

शास्त्रीय छन्दको बन्धनबाट मुक्त छन्दलाई मुक्त छन्द भनिन्छ । मुक्त छन्द निकै पछिदेखि विकसित भएको मान्यता हो । मुक्त छन्दको अभिप्राय छन्दहिनता वा छन्दमुक्तता नभएर परम्पराबद्धभन्दा भिन्न पाराले अभिव्यक्त अभिव्यक्त अन्तर्लयात्मक काव्य रचना हो ।[२७] पद्यकवितामा जस्तो गद्य कवितामा नियमबद्ध शास्त्रीय छन्दविधान नभए पनि मुक्त छन्द भने अवश्यै हुन्छ ।

मिश्रको 'कान्तिपुरी महानगरी' टुक्रा काव्यका 'डाक्टर बिरामी पेसेन्ट बिरामी 'झोलुङ्गे पुल' र 'यहाँलाई परिचय गराउँकि' नामक उपशीर्षकमा पनि यही मुक्त छन्दको प्रयोग गरिएको छ । जस्तैः

महादेवका जन्ति बाख्रा भन्नु अवश्य हुन्न ।
जथाभावी बोले तापनि जँड्या भन्नु हुन्न ।

यहाँलाई परिचय गराऊँ कि ? (पृष्ठ १७)

प्रस्तुत काव्यमा मिश्रले छन्द मिलाउने, छन्दलाई प्राथमिकता दिने क्रममा शब्दलाई जवर्जजस्ती हलन्त बनाएका छन् । जस्तैः घर्का बाग्जाल, घाट्, साल्को, बन्मा, अपराध्, ठेकेदार्, रोग्, सरकार्, स्टील्, साग्, नेवार्, वेल्कम् आदि ।

## (च) रसविधान

'कान्तिपुरी महानगरी' खण्डकाव्यमा हास्य, करूण, बीभत्स र शान्त रसको प्रयोग गरिएको छ । यस काव्यमा प्रायः करुणरसको अनुभूति गर्न सकिन्छ :

### हास्यरस

हाँसो स्थायी भाव भएको रस हास्यरस हो । यही शास्त्रीय मान्यताअनुरूप कविले ठाँउ-ठाँउमा हास्यरसको प्रयोग गरेका छन् । जस्तैः

यहि वाँदरको छ स्वतन्त्र पुरी
यहि शान्ति पुरी यहि कान्तिपुरी

---

[२७] खगेन्द्र प्रसाद लुइँटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** (काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०) पृ. १४८ ।

दरबार र मन्दिरकै छ पुरी

अमरावति कान्तिपुरी नगरी

कान्तिपुरी महानगरी (पृ. ११)

**करूणरस**

शोक स्थायी भाव भएको रस करूणरस हो । प्रस्तुत 'कान्तिपुरी महानगरी' नामक खण्डकाव्यमा प्रमुख रूपमा अनुभव गरिने करूणरस व्यापक बनेर रहेको छ । 'कान्तिपुरको विलाप' र 'वागमतीको विलाप' शीर्षकका दुवै कवितामा करूण विषयवस्तुको संयोजन उचित मात्रामा गरिएको छ । जस्तैः

मेरै सन्तति हुन् नदी उपनदी वेहालमा छन् सब

जसका हाड र मासु खत्तम भए कङ्काल हुन् ती अब

मेरो संस्कृतिसँग छैन जसको सम्बन्ध केही यहाँ

त्यस्ताले किन गर्छ मन्परि यहाँ यो राष्ट्रको अंगमा ।

वागमतीको बिलाप (पृ. २४)

**बीभत्स रस**

जुगुत्सा स्थायी भाव हुने रस बीभत्सरस मानिन्छ । घिनलाग्दा वस्तुहरूबाट नै जुगुत्साको उद्दीपन हुन्छ । 'वागमतीको विलाप' शीर्षकको रचनामा कान्तिपुर महानगरी र यहाँका प्रदूषित नदीनालाप्रति कविको जुगुत्साको भावना रहेको छ । जस्तैः

भन्थे कान्तिपुरी त स्वर्गपुरी नै खोला भए ढल् सरी

वैतर्णी सरि पानि हेर कहिं ता कुन् पापको भोगहरि

वागमतीको विलाप (पृ. २५)

**शान्त रस**

वैराग्य स्थायी भएको रस शान्तरस हो । कविले प्रस्तुत काव्यको कतिपय ठाउँमा शान्तरसको प्रयोग गरेका छन् । कान्तिपुरी महानगरी लगायत अन्य शीर्षकका रचनामा कविले शान्तरसको अनुभूति गरेका छन् । जस्तैः

यहिँ साधु र सन्त अनेक थिए

सब साधनमा अति व्यस्त थिए

कति पूजनमा हरि चिन्तनमा
कति सज्जन छन् उपकार महाँ

'कान्तिपुरी महानगरी (पृ. ५)

यी माथिका रसबाहेक कविले प्रस्तुत काव्यमा अन्य रसको पनि ठाउँ ठाउँमा अनुभूति भएका छन् । काव्य पढ्दा पाठकलाई नौवटै रसको अनुभूति हुन्छ ।

## छ) बिम्ब र प्रतीकविधान

बिम्ब वा प्रतीकहरूको प्रयोगबाट कविता सुन्दर र उदात्त बन्दछ भने यसैको कारणबाट अर्थमा आलङ्कारिक चमत्कार उत्पन्न हुन्छ । बिम्बले भाव सम्प्रेषण गराउने र त्यसमा अदृश्य ध्वनि तथा गति उत्पन्न गराउने दुवै काम गर्दछन् । मिश्रले 'कान्तिपुरी महानगरी' काव्यमा शंकर (मानव संहारकर्ता), वनमारो (काठ तस्करी) ऋतुराज (नराधिपति), विष्णुमती, वागमती (पवित्र गंगा), वाँदर (चकचके मानिस) गिद्ध (रक्तपिपासु), डाक्टर (मानवसेवी), सन्तमहन्त (इन्द्रियनिग्रह गर्ने व्यक्ति), पशु (अज्ञानी), उज्यालो (प्रजातन्त्र), उपद्रव (फटाहा), आँखा (ज्ञान) पुराना कागज (पुराना मूल्य मान्यता) खसीबोका (दास-दासी), साधक (कर्मयोगी) ईश्वर (सृष्टिकर्ता), राणा (शोषक), संगम (एकता), भुक्तमान (दुःखी), राँगा-बोका (खराब व्यक्ति) जस्ता बिम्ब-प्रतीकको प्रयोग गरेका छन् ।

## ज) अलङ्कारविधान

अलङ्कारको शाब्दिक अर्थ गहना वा आभूषण हो । सुनचाँदीका गहनाले मानव शरीरको शोभा बढाउँछ भने भाषाको गहना मानिने अलङ्कारले साहित्यको सौन्दर्य बढाउँछ । अलङ्कारले कवितालाई चमत्कृत, सौन्दयपूर्ण, आकर्षक र प्रभावशाली तुल्याउने काम गर्छ ।[२८]

### अन्त्यानुप्रास

[२८] खगेन्द्र प्रसाद लुइँटेल **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, पृ. १४८ ।

जस्तैः

यहि वाँदरको छ स्वतन्त्रपुरी

यहि शान्तिपुरी यहि कान्तिपुरी

**वृत्यानुप्रास**

अब छैन धुवाँधुनि हेर यहाँ

अरू शेष भयो अब टेम्पु धुवाँ

**श्रुत्यनुप्रास**

कहिँ घुम्ति छ होटल पाक्छ पुरी

यहि नै भतुँर र पकौडि भरी

**उपमा**

जुन काल छ भैरव मूर्ति जहाँ

यम बाहन मार्दछ हेर यहाँ

**झ) भाषाशैली**

प्रस्तुत 'कान्तिपुरी महानगरी' खण्डकाव्यमा मिश्रले सुकुमार, सुकोमल र सरस, मधुर व्यङ्ग्यपरक, प्रतीकात्मक र विवरणात्मक भाषा शैली प्रयोग गरेका छन् । यसमा प्रयुक्त भाषाको वर्णयोजनाका तहमा अनुप्रासीय शैलीगत सौन्दर्य व्याप्त रहेको देखिन्छ । तत्सम्, तद्भव तथा आगन्तुक शब्दको सान्दर्भिक उपयुक्त प्रयोगले यसको भाषाशैलीलाई काव्यात्मक रम्यतायुक्त तुल्याएको छ । यसमा गरिएको छोटाछरिता शब्दको प्रयोगले यसको भाषालाई सरल र शैलीलाई सरस बनाएको छ ।

### ४.५ 'वागमतीको विलाप' काव्यको अध्ययन

#### क) परिचय

'वागमतीको विलाप' काव्य २०४९ सालमा प्रकाशित गरिएको हो । यो खण्डकाव्य मिश्रको काव्ययात्राको आठौं कृतिका रूपमा रहेको छ । उनका काव्यहरू मध्ये बहुचर्चित कृति वागमतीको विलाप नेपाली काव्यजगत्भित्र विशिष्ट उपलब्धिका रूपमा रहेको मान्न सकिन्छ । प्रस्तुत काव्य २०५३ सालमा अमेरिकाबाट अन्तराष्ट्रिय पुरस्कार समेत प्राप्त गर्न सफल भएको थियो ।

#### ख) शीर्षक

प्रस्तुत काव्यको 'वागमतीको विलाप' शीर्षक अभिधात्मक छ । 'वागमती र विलाप' दुईवटा शब्दबाट बनेको खण्डकाव्यको शीर्षक सुन्दा हेर्दा वा पढ्दा कुनै पनि पाठक/भावकका मनमा यस काव्यभित्र वागमतीको दुःखद प्रदूषित अवस्थालाई काव्यमय तुल्याई प्रस्तुत गरिएको हुनुपर्छ भन्ने अनुमान हुन्छ । बागमती नदीको करूण दर्दनाक अवस्था तथा कला, धर्म, संस्कृति, प्रकृति यस खण्डकाव्यको केन्द्रीय विषयवस्तु भएको हुँदा यसको 'वागमतीको विलाप' भन्ने शीर्षकविधान सार्थक र उपयुक्त बनेको छ ।

#### ग) संरचना

प्रस्तुत खण्डकाव्य चार पंक्तिलाई एक श्लोक मानेर जम्मा ५६ श्लोक २२४ पंक्ति र पृष्ठ संख्या १५ मा संरचित भएको छ । मझौला आकारको प्रस्तुत काव्यमा सर्गविभाजन भने गरिएको छैन । एउटै मात्र सर्ग रहेको काव्यमा अन्त्यानुप्रास मिलेका र सबै श्लोकहरूमा वागमती नदीको कारूणिक मनोवेग पनि प्रस्तुत भएको पाइन्छ ।

#### घ) विषयवस्तु

प्रस्तुत काव्यको मुख्य विषयवस्तु प्रदूषित भएको बागमतीको कारूणिक अर्न्तवेदना रहेको छ । यसका अतिरिक्त कला, धर्म, संस्कृति, प्रकृतिलाई पनि आत्मसात् गरिएको छ । साधक, शैव, वैष्णव बौद्ध सबैको चौधै अञ्चलमा प्रधान रहेको धार्मिक

तीर्थस्थल वागमती नदीलगायतका अन्य नदीहरूका हाड र मासु खत्तम भएर कंकाल मात्र बाँकी रहेकामा कविले दुःख व्यक्त गरेका छन् । पहिले स्वर्गसमान मानेर यस स्थलमा अनेकौ मठ-मन्दिर निर्माण भई श्रद्धाभक्ति गरी अनेकौ धार्मिक मेला लाग्ने सिद्ध तपस्वीको वासस्थान रहेको वागमतीवरपरको वनजङ्गल विनाश गरी त्यहाँ निर्माण वा गरिएका शिलामूर्तिहरू बेचेर वागमतीको सौन्दर्यशोभा र अस्तित्व मेटिन लागेकाले कविहृदयमा आघात परेको देखिन्छ । कैयौँ संघसंस्था र ठेकेदारहरूले यसको संरक्षण र सरसफाईको नाममा वागमती नदीलाई ठगी खाने भाँडो बनाएको र स्वार्थका खातिर ढुङ्गा, बालुवा, रूखसँगै विविध मूर्ति र शवभूमिलाई मान्छेले नामसारी गरेको देखेर कवि आज मान्छे अजम्बरी भइसकेकि भनी प्रतिप्रश्न गर्छन् । उहिले स्नान, ध्यान, तपर्ण दिने वागमतीको पानी छुन घिन लाग्ने भएको देखेर आजका सभ्य भनाउँदा मान्छेलाई पानी नचाहिने हो कि ? भनी प्रश्न गर्दै कविले राष्ट्रका प्राकृतिक एवम् साँस्कृतिक सम्पदा, मौलिक कला, धर्म, संस्कृति संरक्षणमा चासो नदिने राजनीतिको आवश्यकता नभएको विचार व्यक्त गरेका छन् । तटवर्ती क्षेत्रहरूमा रहेका मानगृह, निकुञ्ज, विविध मठमन्दिर लगायत वनजङ्गलको विनाश, ढल, फोहर र विषदार रसायनले गर्दा मरूभूमि समान बनेको काठमाडौं र वागमतीप्रतिको प्रेमभक्ति र नेपाल महात्म्यको अस्तित्व मेटिने अवस्था सिर्जना भएकोमा कविले चिन्ता व्यक्त गरेका छन् । साथै कविले वागमती नदीको प्रदूषण हटाई स्वच्छ, निर्मल र हराभरा बनाउन सबैलाई आवहान गरेका छन् ।

## ङ) छन्दविधान

अक्षर, अक्षरसंख्या एवं क्रम, मात्रा, मात्रा गणना, यति, गति आदिसँग सम्बद्ध विशिष्ट नियमद्वारा नियोजित एवं अनुशासित पद्यरचनालाई छन्द भनिन्छ ।[२९]

प्रस्तुत 'वागमतीको विलाप' काव्यमा छ र बाह्र अक्षरमा विश्राम हुने 'म' गण, 'स' गण, 'ज' गण, 'स' गण दुई 'त' गण र अन्त्यमा एउटा दीर्घ हुने उन्नाईस अक्षरको शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । जस्तैः

[२९] देवी नेपाल **छन्द पराग**, पृ. ८१ ।

बाला सुन्दर देख्दथे शरदमा सौन्दर्यले छाउँथ्यो
वर्षामा धमिलो भए पनि ममा श्रद्धा सबै राख्दथ्यो
बाँकी दश महिना त निर्मल भई खाल्डो त पार गर्दथे
ऐले भो मरूभूमि झैँ कति किनार कैयौँ त बाँझो भए

वागमतीको बिलाप (पृ. ९)

छन्दको अपेक्षा पूरा गर्न र छन्दलाई प्राथमिकता दिने क्रममा भने कविले शब्दलाई जबर्जस्ती हलन्त बनाएका छन् । जस्तैः घाट्, लाज्, प्राचीन्, कृत्रिम्, घर्, पुल्, वन्, साल्, कैलाश्कूट, नैतिक् आदि ।

## च) रसविधान

'रस्यतेऽसौ रस' यस व्युत्पत्तिबाट बनेको रस शब्दको अर्थ हुन्छ– त्यो वस्तु जसको आस्वाद गर्न सकिन्छ । साहित्यमा रसको महत्वपूर्ण स्थान छ ।[घण] रसवादी आचार्यहरू यसलाई काव्यको आत्मा मान्दछन् ।

'वागमतीको विलाप' खण्डकाव्यमा करूणरस अङ्गी र रौद्र, बीभत्स रसहरू अङ्ग रसका रूपमा देखिन्छन् । यिनै रस स्वादले गर्दा यो काव्य आकर्षक बनेको छ । यस काव्यमा प्रदूषित वागमतीको गुनासोमा मुख्य रूपमा करूण रस बगेको छ । जस्तैः

मेरै सन्तति हुन् नदी उपनदी बेहालमा छन् सब
जसका हाड र मासु खत्तम भए कंकाल हुन् ती अब
मेरो संस्कृतिसँग छैन जसको सम्बन्ध केही यहाँ
त्यस्ताले किन गर्छ मन्परि यहाँ यो राष्ट्रको अंगमा

वागमतीको विलाप (पृ. १)

वागमतीलगायतका खोलामा भएको प्रदूषण फोहरबाट उत्पन्न घृणामा बीभत्स रसको अनुभूति गर्न सकिन्छ । जस्तैः

भन्थे कान्तिपुरी त स्वर्गपुरि नै खोला भए ढल् सरी

[३०] केशव प्रसाद उपाध्याय, साहित्य प्रकाश चौ. सं. २२१

वैतर्णी सरि पानि हेर कहिँ ता कुन् पापको भोग् हरि
नासो ती इतिहासका घर सतल् मन्दिर् अनेकौ यहीँ
तृष्णा, भोग विलासका घरहरू आकाशचुम्बी पनि

वागमतीको विलाप (पृ. २)

वागमतीलाई विविध संघसंस्था, ठेकेदार जस्ता अघासुरहरूले ठगी खाने भाँडो बनाएकोमा रौद्र रसको अनुभूति हुन्छ । जस्तैः

साँच्चैका जुन ती अघासुरहरू ती घाटमाराहरू
सम्झन्छन् किन ती अजम्मरि यहाँ यी बाटमाराहरू
राष्ट्रै खान तयार देख्छु अझ लौ ती निर्विवेकीहरू
मेरो स्वच्छ प्रवाहको हक यहाँ गुम्दैछ फेरि अरू

वागमतीको विलाप (पृ. १४)

### छ) बिम्बालङ्कारविधान

बिम्बालङ्कारविधानका दृष्टिले हेर्दा प्रस्तुत 'वागमतीको विलाप' काव्यमा विभिन्न स्रोतका बिम्बगत सन्दर्भहरूको रमणीय र विचित्रतापूर्ण प्रयोग पाइनाका साथै विभिन्न अलङ्कारहरूको पनि सौन्दर्यपूर्ण प्रयोग पाइन्छ । प्रकृति, समाज, धर्म, सांस्कृतिक विभिन्न बिम्ब एवम् सन्दर्भको रमणीय प्रयोगसँगै वैदिक तथा अन्य स्रोतका सूक्ति र अन्त्यानुप्रास, वृत्यानुप्रास, मध्यानुप्रास जस्ता शब्दालङ्कार र उपमा, रूपक, सन्देह, प्रश्न समानान्तरता आदि अर्थालङ्कारको प्रयोगबाट काव्य सौन्दर्यपूर्ण रहेको छ ।

### ज) भाषाशैली

प्रस्तुत 'वागमतीको विलाप' खण्डकाव्यमा कवि मिश्रले सुकुमार, सुकोमल र सुमधुर भाषाशैलीको प्रयोग गरेका छन् । यसमा प्रयुक्त भाषाको वर्णयोजनाका तहमा अनुप्रासीय शैलीगत सौन्दर्य व्याप्त रहेको देखिन्छ । तत्सम शब्दप्रयोगको प्रधानता रहेको यस काव्यमा तद्भव तथा आगन्तुक स्रोतका शब्दको सान्दर्भिक उपयुक्त प्रयोगले यसको भाषाशैलीलाई काव्यात्मक रम्यतायुक्त तुल्याएको पाइन्छ । यसमा प्रयोग गरिएका छोटाछरिता शब्दको प्रयोगले यसको भाषालाई सरल र शैलीलाई सरस

बनाएको छ भने ठाउँठाउँमा गरिएको समासयुक्त एवं अनुकरणात्मक द्वित्व शब्दको प्रयोगले यसको कवितात्मक शैलीमा खँदिलोपन र साङ्गीतिक मिठास मरिएको पाइन्छ ।

## ४.६ फुटकर कविताका कविका रूपमा मदनमोहन मिश्र

### ४.६.१ यहा"लाई परिचय गराउ"कि? फुटकर कविताको अध्ययन

**क) परिचय**

'यहाँलाई परिचय गराऊँ कि'? २०४२ सालमा प्रकाशित फुटकर कविता हो । प्रस्तुत कवितालाई मिश्रले 'कान्तिपुरी महानगरी' टुक्रा काव्यमा पनि समाविष्ट गरेका छन् । यो मिश्रको फुटकर कवितामध्ये उत्कृष्ट रचना हो ।

**ख) शीर्षक**

प्रस्तुत कविताको शीर्षक 'यहाँलाई परिचय गराऊँ कि'? प्रश्नात्मक रहेको छ । यसमा प्रयोग गरिएको प्रश्नात्मक शीर्षकले वक्ताले श्रोतलाई कुनै व्यक्तिको परिचय गराऊँ कि भनेर सोधिएको बुझिन्छ । शीर्षक अनुसार नै कवितामा कुनै राजनैतिक कार्यकर्ताले आफ्ना नेताको परिचय गराएकाले यसको शीर्षक सार्थक रहेको छ ।

**ग) संरचना**

प्रस्तुत कवितामा श्लोकसंख्या राखिएको छैन । यसमा जम्मा १२५ पंक्तिसंख्या रहेका छन् यसरी हेर्दा यसको स्वरूप लामो कविताको जस्तो देखापर्छ ।

**घ) विषयवस्तु**

प्रस्तुत कवितामा राजनेताहरूको भ्रष्ट चरित्रलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । कविताको विषयवस्तु यथार्थ, सर्वकालिक र सर्वदेशीय रहेको छ । चामल, पानी, बाटोघाटोको व्यवस्था र विकास निर्माणका कार्य गर्छौं भनी विविध प्रलोभन देखाएर भोट माग्ने पछि सर्वसाधारण जनतालाई ठग्ने नेताहरूको विकृत रूपलाई कवितामा छर्लङ्ग पारिएको छ । राष्ट्रको नेतृत्व गर्ने र प्रशासन चलाउने हाम्रा नेताहरू जनताको हितमा काम गर्छौं भनेर नानाथरी आश्वासन र प्रलोभन देखाएर उच्च ओहदामा पुग्छन् । तर त्यहाँ पुगेर सहरमा ठूला-ठूला महल ठड्याई गाउँलाई बेवास्ता

गर्ने, उद्योग, व्यापार संस्था आफ्नो हातमा लिई भ्रष्टाचार गर्ने, विकासनिर्माणका कार्यलाई कागजमा मात्र सीमित राखेर आफ्नो भुँडी भर्न तल्लीन हुन्छन् । आफ्नो मौलिक धर्मसंस्कृतिप्रति बेवास्ता गर्ने, मूर्ति चोरी विदेश निर्यात गर्ने (चेलीबेटी बेखविखनमा र अनैतिक क्रियाकलापमा संलग्न हुने र नातावाद कृपावादको प्रयोग गर्ने) चेलीबेटी बेचविखनमा र अनैतिक क्रियाकलापमा संलग्न रहने जस्ता भ्रष्टाचारी नेताको यही खोक्रो रूपलाई कवितामा देखाइएको छ ।

### ङ) लयढा“चा र कथनपद्धति

सङ्गीत र काव्यको प्राणतŒवको रूपमा रहेको लयले कवितामा शब्द वा ध्वनिप्रवाहको ढाँचालाई पनि बुझाउँछ । कवितामा हुने विशिष्ट भाषिक विन्यासबाट लयको उत्पत्ति हुन्छ । पद्य कवितामा शास्त्रीय छन्द तथा गद्य कवितामा मुक्त छन्दले कवितालाई लयात्मक तुल्याउने काम गर्छ ।[३१]

आफ्नो सिर्जनालाई सजीवता प्रदान गर्न कविले पात्रको कल्पना गरी पात्रद्वारा कथ्य अभिव्यक्ति गर्ने पद्धतिलाई कथनपद्धति भनिन्छ । कथनका दुई पद्धति हुन्छन् । कवि-प्रौढोक्ति र कविनिबद्ध प्रौढोक्ति । यदि कवितामा कवि वक्ता भएर प्रस्तुत हुन्छ भने त्यसलाई कविप्रौढोक्ति भनिन्छ भने अन्य पात्रद्वारा कविताको रचना गरिन्छ भने त्यसलाई कविनिबद्धप्रौढोक्ति भनिन्छ ।[३२]

मिश्रले प्रस्तुत कवितामा आदिदेखि अन्त्यसम्म मुक्त लयढाँचाको प्रयोग गरेका छन् । नेताको भ्रष्ट चरित्र र क्रियाकलापको व्यङ्ग्यात्मक अभिव्यक्तिका लागि कविले यस प्रकारको लयढाँचाको प्रयोग गरेको देखिन्छ । यस कवितामा कवि वक्ता भएर प्रस्तुत भएकाले कविकथन वा कविप्रौढोक्ति ढाँचाको प्रयोग गरिएको छ । कवितामा कविले वक्ता भएर नेताहरूको विकृत रूपलाई छर्लङ्ग पारेका छन् ।

### च) बिम्ब र प्रतीकविधान

---

[३१] डा. खगेन्द्र प्रसाद लुइँटेल **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** पृ. १४८ ।

[३२] वासुदेव त्रिपाठी र अरू (समपा) **नेपाली कविता** (भाग ४), पृ. २० ।

मिश्रले प्रस्तुत कवितामा समाज, संस्कृति, धर्म, दर्शन, प्रकृति, राजनीतिलगायतका विभिन्न विषयका स्रोतबाट टिपिएका बिम्ब र प्रतीकको प्रयोग गरिएको पाइन्छ । कवितामा बाखा, जँड्याहा, पिशाच, पशुपतिनाथ, भुँडीवाल, स्वर्ग, अमरावती, कुकुर, आकाश, कोठी, बाघभैरब जस्ता विविध स्रोतका बिम्ब र प्रतीकको प्रयोगबाट कविता रमणीय बनेको छ ।

### छ) छन्दविधान

शास्त्रीय, लोकछन्द र मुक्त छन्दमध्ये मुक्त छन्द अहिलेको चर्चित र लोकप्रिय छन्द मानिन्छ । यो शास्त्रीय छन्दको बन्धनबाट मुक्त हुन्छ । यसमा नियमबद्ध शास्त्रीय छन्दविधान नभए पनि मुक्त छन्द भने हुन्छ । मुक्त छन्द परम्पराभन्दा भिन्न पाराले अभिव्यक्त अन्तर्लयात्मक काव्यरचना हो ।[घघ]

मिश्रको प्रस्तुत कविता मुक्त छन्दको प्रयोग गरी रचिएको छ । यस कवितामा श्लोकसंख्या राखिएको छैन भने १२५ वटा पंक्ति रहेको कविताभरि एउटै मात्र मुक्त छन्दको श्रुतिमधुर प्रयोग पाइन्छ । यही मुक्त छन्दको आयोजनाले कविता सरल र सुबोध्य रहेका छ ।

### ज) भाषाशैली

प्रस्तुत 'यहाँलाई परिचय गराऊँ कि?' कवितामा सरल, सरस, सुबोध र व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरिएको छ । तत्सम, तद्भव र झर्रा नेपाली शब्दको आकर्षक सन्तुलित उपयोगले कविता सुरम्य बनेको छ । शब्द, शब्दावली र वाक्यको उचित चयनकौशलको मिश्रले थोरैमा धेरै व्यक्त गर्ने सघन शैली यहाँ प्रतिफल हुन पुगेको छ ।

---

[३३] खगेन्द्र प्रसाद लुइँटेल **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, पृ. १४८ ।

## ४.७ 'कामना' कविताको अध्ययन

प्रस्तुत 'कामना' कविता मदनमोहन मिश्रका फुटकर कवितामध्ये एक हो । यो कविता २०४२ भाद्र २२ गतेको 'धर्मभूमि' पत्रिकामा प्रकाशित भएको थियो ।

यस कवितामा कविले मान्छे धार्मिक रूपमा आस्तिक या नास्तिक जेसुकै भएपनि उसको उद्देश्य र जीवनशैली फरक-फरक भएपनि गरीव, दीनदुःखी, असहाय, अपाङ्गप्रति हेलाको भाव नराखी सवैले आफ्नो कर्तव्य ठानेर सेवा गर्नुपर्ने विचार व्यक्त गरेका छन् । यस धर्तीमा बसोवास गर्न सबै मान्छे समान हुन् र सेवा नै धर्म हो भन्ने कुरालाई सबैले आत्मसात गरी अघि बढनुपर्ने कामना कविको रहेको छ । मान्छेले घमण्डी र स्वार्थी भावना त्यागेर सबैको हितकारी कार्य गर्नुपर्ने मानवतावादी विचार कविले यस कवितामा अभिव्यक्त गरेका छन् । चार पंक्ति मात्र रहेको प्रस्तुत फुटकर कवितामा कविले प्रथम पुरूषात्मक कविकथनको माध्यमबाट आफ्नो वैचारिक अभिव्यक्ति दिएका छन् । गद्यलयमा लेखिएको यस कविताको भाषाशैली सरल र सुबोध रहेको छ ।

## ४.८ 'भगवान के म चढाउँ?' कविताको अध्ययन

प्रस्तुत कविता वि.सं. २०४४ साल श्रावण ३१ गते ललितपुर नागरिक समिति ललितपुरद्धारा प्रकाशित 'धर्मभूमि' पत्रिकामा प्रकाशित भएको हो । मिश्रका फुटकर कवितामध्ये यो पनि एउटा उत्कृष्ट रचना हो ।

यस कवितामा कविले पानी, दूध, श्रीखण्ड, चन्दन, घ्यू, फूल, माला, धूप लगायतका सम्पूर्ण सामग्रीहरू नक्कली र दूषित भएकाले भगवान् तिमीलाई के चढाऊँ? भनी प्रश्न गरेका छन् । कविले भगवान्लाई समेत शुद्ध वस्तु चढाउन नपाएकोमा दुःख व्यक्त गरेका छन् । जनसंख्यावृद्धि, वनविनाश र फोहर प्रदुषणले गर्दा खानेपानी, जडिबुटीको अनिकाल पर्दै गएको र सम्पूर्ण वस्तुहरूमा शुद्धताको अभाव भएको भन्दै कविले यसतर्फ सचेत हुन सवैलाई आह्वान गरेका छन् । ८ श्लोकसंख्या र ३७ पंक्तिसंख्या रहेको यस फुटकर गद्यात्मक कविताको भाषाशैली सरल रहेको छ ।

## ४.९ ॅसा“ढे’ कविताको अध्ययन

प्रस्तुत फुटकर कविता ‘अर्पण’ पत्रिकामा २०२५ सालमा प्रकाशित व्यङ्ग्यात्मक कविता हो । अभिधात्मक रूपमा कविले साँढेको अहन्तालाई यहाँ देखाएका छन् । यस कवितामा साँढेले आफू शिवको वाहन, स्वतन्त्रताको महाजन, पशुको नायक, कामदेवको साथी हुँ भनेर आफ्नो अहन्ता प्रदर्शन गरेको छ । साथै मानिसहरूले शिवलिङ्गको दर्शन गर्नुभन्दा पहिले मेरै दर्शन गर्नुपर्छ, मेरा शरीरका कुनै पनि अङ्ग काम लाग्छन् र मेरो सालिक नेपालमा मात्र नभएर भारतमा पनि व्यापक छ भन्दै आफ्नो महानता र घमण्ड प्रदर्शन गरेको पाइन्छ । व्यञ्जनात्मक रूपमा साँढेलाई तानाशाहको प्रतीकका रूपमा राखेर मै ठूलो हुँ भन्दै जथाभावी गर्ने, कर्तव्यको पालना नगर्ने, जनता र राष्ट्रको हितविपरीत कार्य गर्ने तर सबैले मेरो सम्मान गर्नुपर्छ, मैले जे गर्दा पनि ठीक मान्नुपर्छ मेरो निर्देशनमा चल्नुपर्छ भनी घमण्ड गर्ने र रवाफ देखाउने व्यक्तिप्रति यस कवितामा व्यङ्ग्य गरिएको छ । खासगरी यो कविता १०४ वर्ष शासन गर्ने राणाशासकहरूप्रति लक्ष्यित देखिन्छ । र उनीहरूका क्रियाकलापप्रतिको विद्रोह पनि यहाँ पाइन्छ । गद्यलयात्मक रुपको र ४७ पंक्ति रहेको यस कविताको भाषा सुमधुर रहेको छ ।

## लेखनिबन्ध

मदनमोहन मिश्रको साहित्यिक व्यक्तित्वका विविध आयाममध्येको एउटा आयाम निबन्धकार व्यक्तित्व पनि हो । हालसम्म उनका तीन दर्जनजति निबन्धहरू प्रकाशित भइसकेको कुरा निबन्धकारबाट जानकारीमा आए पनि हाल ती सबै उपलब्ध छैनन् । अतः उनका उपलब्ध केही लेखनिबन्धात्मक कृतिहरूको यहाँ संक्षिप्त परिचय दिइएको छ ।

### ४.१० नेपाली संस्कृतिमा शिवमहिमा

प्रस्तुत कृति मित्र करूण प्रकाशनद्धारा २०४३ सालमा प्रकाशित भएको थियो । कला र संस्कृतिमा अनुसन्धान र अन्वेषण गर्दै आएका मिश्रले यस ग्रन्थमा पशुपतिक्षेत्रका पुराणमा वर्णित पावन कुण्डहरू वागमतीतीरमा रहेका अन्य देवमूर्तिहरू र समाजसेवाका प्रतीक देवालय र धर्मशालाका साथै प्राचीन संस्कृत वाङ्मयका र नेपाली भाषा वाङ्मयका अभिलेख र पशुपतिपुराणमा वर्णित पशुपतिसम्बन्धी ताम्रमुद्रा र हुलाक टिकटहरूको समेत परिचय प्रस्तुत गरेका छन् । पशुपतिनाथको स्तुतिसहित लोकसाहित्य र नेपालका ६४ शिवलिङ्ग रहेका पावन तीर्थ र त्यस क्षेत्रका शिलालेख र ताम्रपत्रहरूले प्राचीनकालको धार्मिक परम्परा र हाल लुप्तप्रायः भएको क्षेत्र तथा स्थानको पत्ता लगाउन, नेपालको प्राचीन संस्कृतिको परिचय दिनुका साथै हाम्रो आर्य संस्कृतिलाई बढी अवगत गराउनसमेत यस कृतिले सहयोग पुऱ्याउने देखिन्छ ।

### ४.११ हिमवत्खण्डका भक्ति, शक्ति र संस्कृति

पूरा २०० पेजको यो सचित्र रचनामा मिश्रले आध्यात्मिक, धार्मिक, साँस्कृतिक एंव भौगोलिक दृष्टिले समेत ज्यादै महत्व राख्ने विभिन्न देवस्थल, तीर्थस्थल एवं सम्बन्धित अभिलेखहरूको अध्ययन अनुसन्धान गरेका छन् । उनले यसमा देवदेवी, गणेश, ढुङ्गेधारा, जलद्रोणी आदि समसामयिक विषयहरू छनौट गरेका छन् । यस पुस्तकमा देवदेवी स्थलहरूको विवरण सहित कुनलाई पूजा-आराधना गरे के फल प्राप्ति हुन्छ भन्ने उल्लेख गरिएको छ । साथै शक्तिपीठ र गणेश मन्दिरहरूको आकर्षक ढंगले वर्णन गरिएको छ । यस्तै ढुङ्गेधाराको नाम र स्थान दिई कति लोप भए कति

बिग्रेको अवस्थामा छन् सो दर्साईएको छ । यस कृतिमा नेपालको स्थापत्य कलामा पञ्चमकारको प्रभाव र विशेषगरी मैथुनसम्बन्धी विवरण सरल भाषामा व्यक्त गरिएको छ ।

### ४.१२ नेपाली संस्कृतिमा वागमती एक विङ्गम दृष्टि

प्रस्तुत पुस्तक २०४७ सालमा श्रद्धा प्रकाशन ललितपुरद्वारा प्रकाशित भएको हो । यो मिश्रको निबन्धात्मक ग्रन्थ अन्वेषणीय र सङग्रहणीय रहेको छ ।

प्रस्तुत पुस्तकमा मिश्रले वागमती किनारस्थित ऐतिहासिक महत्वका स्थानहरूको वर्णन गरी जनसमक्ष ल्याउनुका साथै त्यस वेलाका निर्माणकर्ताहरूको अनुकरणीय देन र स्वार्थरहित आकांक्षाको परिचय दिएका छन् । यस पुस्तकमा ऐतिहासिक महत्वका स्थानहरू मुख्यतः वागमती घाट र त्यसको वरिपरिका आर्यघाट, शंखमूल, पुरोहित घाट, कालमोचन घाट, पचलीघाट, कुँवर कान्छाघाट, टेकु दोभान र त्यसको पारितिरको राजतीर्थघाट इत्यादिका शिलालेखहरूमा कोरिएका अमूल्य सूचना सामग्रीहरूको परिचय दिइएको छ । यसमा गौरवमय प्राचीन सांस्कृतिक धरोहरको आधुनिक रूप कस्तो दयनीय अवस्थामा छ भन्ने देखाउनुका साथै यसको संरक्षणको लागि सम्बन्धित निकायको ध्यानाकर्षण समेत गरिएको छ ।

### ४.१३ हाम्रो कला र संस्कृति एकविहंगम दृष्टि

प्रस्तुत हाम्रो मौलिक कला र संस्कृतिसम्बन्धी निबन्धात्मक ग्रन्थ मदनमोहन मिश्रको उत्कृष्ट रचना हो । यो कृति २०४१ सालमा प्रकाशित भएको हो । यस ग्रन्थमा हाम्रो संस्कृतिको बारेमा गहन कुराहरूमाथि प्रकाश पारिएको छ । यस रचनामा हाम्रा मन्दिर तथा मूर्तिहरू र मौलिक सांस्कृतिक तीर्थस्थलहरूको खोज अनुसन्धान गरी यिनीहरूको परिचय गराइएको छ । परापूर्वकालदेखि नै देवदेवीका फरक-फरक ढङ्गका मूर्ति र मन्दिर निर्माण गर्ने चलन रहिआएको यस्ता मन्दिरभित्र, मन्दिर र वरिपरि, द्वारका दायाँबायाँका विविध देवदेवी र तिनका वाहनको मूर्ति निर्माण गर्ने प्रचलनका साथै कुन मन्दिरमा कुन देवदेवी र वाहनको मूर्ति स्थापना गर्नुपर्छ अनि यो प्रचलन कहिलेदेखि सुरू भयो भन्ने कुराको खोजअनुसन्धान यसमा पाइन्छ ।

देवदेवीसँग सम्बन्धित हस्तमुद्राहरू चित्रसहित प्रस्तुत गर्दै यसको प्रचलन र उपयोगिताका वारेमा यस ग्रन्थमा प्रकाश पारिएको छ । यसमा देवदेवीका रङ्गहरू र कलामा वर्णित चिन्हको चर्चा गर्दै यसको अर्थ र महत्व स्पष्ट पारिएको छ । साथै कामकलाका आसनको समेत चर्चा यसमा पाइन्छ । यसरी कला र संस्कृतिसम्बन्धी विविध जानकारी सरल भाषामा गराइएकाले कला र संस्कृतिप्रति चासो राख्ने सबैको विशेष जानकारीका लागि यो महत्वपूर्ण उपलब्धिका रूपमा रहेको छ ।

## ४.१४ राष्ट्रिय मूर्तिकला एक अध्ययन

प्रस्तुत पुस्तकमा मिश्रले मन्दिर तथा मूर्तिहरूको वारेमा विश्लेषण गरी पाठकसमक्ष त्यसको जानकारी गराएका छन् । यस पुस्तकमा काठमाडौं उपत्यका र यसका वरिपरि रहेका चर्चित मन्दिर र त्यस मन्दिरमा रहेका विविध शैलीका काठ, ढुङ्गा तथा माटाका मूर्तिहरूको खोज अनुसन्धान गरी लेखकले त्यसको परिचय गराएका छन् साथै विविध कला र कलाकारको सम्बन्ध, नेपालमा चलिआएका मौलिक रीतिथितिहरू, सांस्कृतिक चाडपर्व, कलात्मक भ्यालढोका र त्यसमा कुँदिएका मूर्ति र तिनसँग सम्बन्धित चालचलनको चर्चा पनि यसमा गरिएको छ । प्रस्तुत निबन्धात्मक ग्रन्थको अधययनबाट कला र संस्कृतिमा अभिरूचि राख्ने सबैलाई सहयोग पुग्ने देखिन्छ । चार वर्ण छत्तीस जातको फूलबारी रहेको नेपालका विविध जातजाति र भाषाभाषीमा रहेका मौलिक सांस्कृतिक चाडपर्व, रीतिथितिहरू र परापूर्वकालदेखि नेपालमा चलिआएका मौलिक मन्दिर, मूर्ति निर्माण लगायतका विविध कलाकौशलको जानकारी गराउनु र यसको संरक्षण गर्न जनचेतना जगाउनु यसको मुख्य उद्देश्य देखिन्छ र यस्ता सम्पूर्ण कुराको जानकारी सरल भाषामा गराइएकाले सवै पाठकका लागि यो रचना सुबोध्य र उपयोगी रहेको छ ।

## ४.१५ राष्ट्रिय मूर्तिकला

नेपाली कला र संस्कृतिको खोज अनुसन्धान गरी यसको संरक्षणमा लागिपरेका मिश्रले आफ्नो प्रस्तुत रचनामा मूर्ति निर्माण गर्ने परम्पराको खोज-अनुसन्धान गरी त्यसको जानकारी पाठकलाई गराएका छन् । यसमा नेपालमा रहेका शक्ति र शाक्तभूमि, काष्ठमूर्तिनिर्माण एवम् मन्दिरमा कुँदिएका कामकला आदि विषयलाई निकै

गहन रूपमा अधययन गरिएको छ । साथै नेपाली वास्तुकलामा तान्त्रिक मत र स्थापत्य कलामा पञ्चमकारको उल्लेख गर्दै यसको प्रभाव र महत्व देखाइएको छ ।

## ४.१६ कला र संस्कृति एक चिन्तन

प्रस्तुत निबनधात्मक कृति मदनमोहन मिश्र आफैले २०३० सालमा प्रकाशित गरेका हुन् । प्रस्तुत रचनामा मिश्रले नेपालमा प्रचलित विभिन्न कला र सांस्कृतिक विषयलाई लिएर यसमा गहन चिन्तन प्रस्तुत गरेका छन् । नेपालमा लिच्छबि, मल्ल, शाह हुँदै आधुनिककालसम्म प्रचलित विभिन्न कलाकौशलका साथै हाम्रो मौलिक संस्कृतिसम्बन्धी अवधारणाको सही जानकारी यसमा गराइएको छ । साथै कला र संस्कृतिको महत्व र यसको विकासप्रक्रियाको पनि यसमा उल्लेख गरिएको छ र विभिन्न देवदेवीका किम्वदन्ती यसमा प्रस्तुत गरिएको छ । मिश्रले नेपालमा रहेका प्रचलित मन्दिरहरू अवस्थित स्थान, मन्दिरको बनावटशैली, मन्दिरभित्र र परिसरमा रहेका मूर्ति, मूर्तिको आकारप्रकारका साथै देवदेवीको शक्ति, देवदेवीको पूजाआराधनाबाट भक्तजनमा प्राप्त हुने शक्ति र देवदेवीलाई चढाइने सामग्रीको पनि यसमा उल्लेख गरिएको छ । यस्ता विविध विषयवस्तुको जानकारी सरल भाषामा रोचक ढंगले गराइएको यो कृति कला र संस्कृतिसम्बन्धी विविध ज्ञान प्राप्त गर्नको लागि महत्वपूर्ण रहेको छ ।

## ४.१७ ललितपुरका सांस्कृतिक सम्पदा

प्रस्तुत 'ललितपुरका सांस्कृतिक सम्पदा' नामक निबन्धात्मक कृतिमा निबन्धकार मदनमोहन मिश्रले ललितपुर जिल्लामा रहेका मठ-मन्दिर, पाटीपौवा, ढुङ्गेधारा, दरबार लगायतका सम्पूर्ण सांस्कृतिक सम्पदाहरूको खोज-अनुसन्धान गरी तिनीहरूको जानकारी पाठकसमक्ष गराएका छन् । ललितपुर जिल्लाको धरोहरका रूपमा रहेका यस्ता सम्पदा, देवस्थल, तीर्थस्थल एवं सम्बन्धित अभिलेखहरूको सारसंक्षेप यसमा प्रस्तुत गरिएको छ । यसमा ललितपुरका सम्पदाको खोजअनुसन्धान गरी तिनको परिचय दिइएको छ । सांस्कृतिक सम्पदाको संरक्षण गर्न जनचेतना जगाउने दृष्टिले पनि यो पुस्तक निकै उपयोगी देखिन्छ ।

## ४.१८ ‵कथा पाटी-पौवाहरूको’

प्रस्तुत निबन्धात्मक लेख साप्ताहिक ‘अमलेख’ पत्रिकामा धारावाहिक रूपमा प्रकाशित भैरहेको छ । यस लेखमा काठमाडौं महानगरमा रहेका पाटीपौवाको खोजअनुसन्धान गरी तिनीहरूको परिचय गराइएको छ । पाटीपौवाहरूका निर्माणकर्ता, पाटीपौवा अवस्थित रहेका स्थान र पाटीपौवाको आकार-प्रकार र तिनको महत्व, तिनसँग सम्बन्धित किम्वदन्ती यसमा प्रस्तुत गरिएको छ । प्रस्तुत लेखमा पाटीका विशेषता उल्लेख गर्दै नगरको शोभा रहेका पाटीहरूको विनाश हुदै गएकोमा दुःख व्यक्त गर्दै हाम्रा कलात्मक पाटीपौवाहरूको खोजी गरी यिनीहरूको संरक्षण गर्नुपर्ने अवधारणा यसमा प्रस्तुत गरेको पाइन्छ ।

## ४.१९ नेपाली वास्तुकलामा तान्त्रिक मतको प्रभाव

प्रस्तुत निबन्धात्मक लेख २०२४ सालमा ‘युगआव्हान’ पत्रिकामा प्रकाशित भएको हो । यसमा नेपालका गृहस्थाश्रममा रहेका सम्पूर्ण सम्प्रदाय र हाम्रो वास्तुकला सबैमा परेको तन्त्रको प्रभाव कस्तो छ त्यसलाई देखाउन खोजिएको छ । साधारण घरनिर्माणदेखि लिएर मठ-मन्दिर र ठूला-ठूला महल दरबार निर्माण गर्दा पनि तन्त्र अनुसार निर्माण गर्ने हुनाले यसको महत्व बढ्दै गएको कुरा यसमा उल्लेखित छ । यस निबन्धमा मन्दिरमा बनाएका विभिन्न मुद्राका मूर्ति, द्वार, वेदी, मन्दिरका तोरण, कलश, गजुर सबै तन्त्रका माध्यमबाट बनाइएका हुन्छन् भन्ने कुराको जानकारी पाइन्छ । ज्योतिष ग्रन्थहरूमा उल्लेख गरिएको घर बनाउँदा प्रयोग गर्ने नियमको पनि यसमा चर्चा पाइन्छ र काडमाडौंका विभिन्न चर्चित मन्दिरको परिचय दिदै ती सबैमा प्रयोग गरिएको तान्त्रिक नियमको पनि यसमा चर्चा गरिएको छ ।

## ४.२० मल्लकालीन मूर्तिकला एक दृष्टिकोण

यस निबन्धात्मक लेखमा मिश्रले मल्लकालमा निर्माण भएका मूर्तिकला र कौशलको खोज-अनुसन्धान गरी यससम्बन्धी आफ्नो विचार प्रस्तुत गरेका छन् । मल्लकालमा बनेका विभिन्न मठ-मन्दिर, मूर्ति, सत्तल र पाटीपौवाको खोजी गरी परिचय गराउदै तिनको निर्माणशैली के-कस्तो थियो भन्ने जानकारी यसमा दिएको

पाइन्छ । मल्ल राजाको तन्त्रशास्त्रमा विशेष अभिरूचि भए पनि त्यसबाहेक उनीहरू श्रृङ्गारिक भक्तिमा पनि ध्यान दिन्थे भन्ने कुरा त्यस समयमा निर्माण भएका मूर्तिकलाको अध्ययनबाट स्पष्ट पारिएको छ । साथै गरूडसम्कन्धी किम्वदन्ती र अष्टमङ्गलका विषयवस्तुहरू जस्तैः श्रीवत्, कमल, ध्वजा, कलश, चामर, मस्त्ययुग्म, छत्र, दाहिने शंख आदिका विशेषता र महत्वलाई यसमा स्पष्ट पारिएको छ ।

### ४.२१ हाम्रो संस्कृतिमा गणेश

यो निबन्धात्मक लेख 'झंकार' पत्रिकामा प्रकाशित भएको हो । यस रचनामा गणेशको महत्व दर्साइएको छ । हिन्दू धर्मावलम्वीहरूले मात्र नभएर बौद्ध धर्मालम्बीहरूले पनि गणेशको व्यापक पूजा आराधना गर्ने र गणेशपूजाविना कार्य सिद्ध हुदैन भन्ने मान्यता दुवै धर्ममा रहेको प्रसङ्ग पनि यसमा रहेको छ । साथै गणेशपूजासम्बन्धी विभिन्न समप्रदायका चालचलन उल्लेख गर्दै गणेशमूर्तिस्थापना सम्बन्धी विभिन्न किम्बदन्तीहरूको चर्चा समेत यसमा गरेको पाइन्छ ।

# परिच्छेद – पा“च

## उपसंहार

मदनमोहन मिश्र सिर्जनाको सशक्तता र कवित्वले खारिएका साहित्यिक स्रष्टा हुन् । उनी साहित्यकार र पूर्वीय वाङ्मयका अध्येता हुनुका साथै नेपाली र नेपाल भाषामा आबद्ध लेखरचनाहरूका स्रष्टा पनि हुन् । वि.सं. २००८ सालदेखि कविता लेखनबाट सुरू भएको मिश्रको साहित्यिक यात्रा नेपाली साहित्यको कथा, समालोचना र नाटक जस्ता केही विधाबाहेक गीत, कविता, निबन्ध र अनुसन्धानमूलक लेखरचनाजस्ता प्रायः सबै विधामा विस्तारित छ । त्यसमा पनि कलासँस्कृतिसम्बन्धी अनुसन्धानात्मक लेखन प्रतिभाले नै सिर्जनाको बढी क्षेत्र ओगटेको कुरा सिद्ध छ ।

मदनमोहन मिश्रको व्यक्तित्व बहुमुखी छ । आन्तरिक र बाह्य दुवै व्यक्तित्वका धनी मिश्रमा आन्तरिक व्यक्तित्व नै सशक्त र बहुआयामिक भएको कुरा अनुभव गरिएको छ । उनको साहित्यिक व्यक्तित्व स्रष्टा र द्रष्टाका रूपमा दुई हाँगामा विभाजित रहेको छ । उनको स्रष्टा व्यक्तित्व गीतकार, कवि र निबन्धकारको रूपमा तथा द्रष्टा व्यक्तित्व अन्वेषक र सम्पादक आदिका रूपमा विभाजित र विस्तारित छ ।

नेपाली साहित्यमा मिश्रको स्रष्टाव्यक्तित्व खास गरी कवि व्यक्तित्वका रूपमा प्रकाशित छ भने अन्य व्यक्तित्वलाई पनि कम मूल्यमा आँक्न सकिँदैन । कविको व्यक्तित्व भन्नु नै उसका कविताको जीवन्त प्रस्तुति हो । कविताहरू जति सजीव र अनुकरणीय हुन्छन् कविको कवि व्यक्तित्व पनि त्यति नै चहकिलो बन्छ । यस दृष्टिले नै मिश्रका कविताहरू अनुकरणीय यथार्थपरक र व्यङ्ग्यात्मक छन् । जसले गर्दा उनको कवि व्यक्तित्व सफल रहेको कुरा सिद्ध हुन्छ । उनको आशुकवित्व पनि कवि व्यक्तित्वको पोषक बनेको छ । किनकि उनी कुनै पनि नयाँ वातावरण र अवसरमा तुरून्त कविता रचना गरेर सुनाउन सक्छन् । उनका सहपाठी, शिष्य वा उनलाई जान्ने बुझ्ने जो कसैले पनि यो यथार्थलाई नकार्न सक्दैनन् ।

गाउँले किसान, बालक, भरिया, आदिका सुख दुःखको भावभूमिमा लेखिएका उनका गीत सबैको हृदय छुने खालका देखिन्छन् । यस्ता गीतको समाजमा छुट्टै महत्व र लोकप्रियता रहने हुँदा यी समाजका लागि मनोरञ्जनको विषय पनि बनेका हुन्छन् । यसबाट मिश्रको गीतकार व्यक्तित्व मानवउपयोगी र सामाजिक चेतनाको उत्प्रेरक बनेको कुरा सिद्ध छ । स्रष्टा मिश्रको निबन्धकार व्यक्तित्व पनि विशिष्ट किसिमको छ । कवि व्यक्तित्व र गीतकार व्यक्तित्वको सृजनाकारिताबाट खारिंदै र परिपुष्ट हुँदै विकसित भएको निबन्धकार व्यक्तित्वले मिश्रको निबन्धगत प्रवृत्ति र रचनाकारितालाई नै प्रतिनिधित्व गर्छ । मदनमोहन मिश्र साहित्यमा कला, धर्म र सँस्कृतिको प्रभाव देखाउँदै त्यसको सामाजिक उपयोगिता सिद्ध गर्न सिपालु छन् । उनका धेरैजसो रचनाहरू अन्वेषणपूर्ण छन् । उनले नेपाली मौलिक कला, सँस्कृति, पाटीपौवा, धारा र धार्मिक स्तोत्रको अन्वेषण र संकलन गरी रचना निर्माण गरेका छन्, जसले नेपाली साँस्कृतिक सम्पदा संरक्षणमा जनचेतना जगाउने कार्य गरेको पाइन्छ ।

मदनमोहन मिश्रको सम्पादक व्यक्तित्व पनि सफल देखिन्छ । उनले 'धर्मभूमि' र 'उपहार' साहित्यिक पत्रिकाको सम्पादन गरी नेपाली भाषा-साहित्यमा पनि योगदान गरेका थिए ।

मदनमोहन मिश्रको बाह्य व्यक्तित्व समाजसेवी, पण्डित, गृहस्थ र शिक्षक आदिको माध्यमले विकसित हुँदै समाज र राष्ट्रको मार्गदर्शक पनि बन्न पुगेको छ । मिश्रको सामाजिक व्यक्तित्व सशक्त देखिन्छ । उनले समाजका हरेक कार्यमा सहभागी भई समाजसेवा गरेको देखिन्छ । उनका रचनामा व्यक्त हुने समाजसुधारका अभिव्यक्तिहरू, शैक्षिक चेतनाका स्वरहरू र सामाजिक कार्यहरूले उनको सामाजिक व्यक्तित्व गरिमामय बनेको छ ।

मिश्रको धार्मिक वा पुरोहित व्यक्तित्व समाजमा प्रतिष्ठित छ । विद्यार्थी जीवनदेखि नै गङ्गास्नान, देवीदेवता दर्शन, कथाश्रवण, धार्मिक पुस्तकहरूको अध्ययन र रचनात्मक गतिविधिहरूमा संलग्न हुँदै जाँदा उनको धार्मिक व्यक्तित्व स्थापित भएको हो । मिश्र धर्मशास्त्र, इतिहास, पुराण आदिका ज्ञाता भएको कुरा सिद्ध छ । मिश्रको अर्को महत्वपूर्ण शिक्षक व्यक्तित्व खारिएको छ । आफ्नो लामो शिक्षक जीवनमा शिक्षणकलासम्बन्धी अनुभवहरू बटुलिसकेका मिश्रका विद्यार्थी अहिले विश्वविद्यालयीय

सेवामा मात्र नभएर राष्ट्रका विभिन्न महत्वपूर्ण निकायहरूको उच्च ओहोदामा समेत कार्यरत छन् । यसलाई मिश्रको शिक्षक व्यक्तित्वकै प्रतिफल मान्न सकिन्छ ।

यी सबै कोणबाट हेर्दा मिश्र बहुमुखी व्यक्तित्ववान् प्रमाणित हुन्छन् । उनको बहुआयामिक व्यक्तित्वको प्रभाव समाजका अनेक क्षेत्रमा विस्तारित छ र यसले मिश्रको साहित्यिक यात्रालाई जीवन्त बनाउँदै गरिमामय प्रतिष्ठा पनि दिएको छ । यिनै व्यक्तित्वहरूका माध्यमबाट माथि उठेका मिश्र आफू मात्र साहित्यसर्जक होइनन् प्रत्यक्ष रूपमा नवोदित प्रतिभाहरूलाई साहित्यसिर्जनातर्फ उन्मुख गराउने उत्प्रेरक पनि बनेका छन् ।

फुटकर कवितादेखि खण्डकाव्यसम्मको लेखनमा सशक्त कलम चलाउने मदनमोहन मिश्रका विभिन्न आयामका कृति र रचनाहरूमा विविध काव्यप्रवृत्ति देखापरेको छ । उनका कविताहरूमा अनुभूतिको बेजोड प्रवाहका साथै कलाको पनि राम्रो संयोजन भएको छ । उनले शास्त्रीय वार्णिक छन्द र गद्यलयलाई आफ्ना कविताहरूमा राम्ररी केलाएका छन् । उनका कविता प्राञ्जल, सरल, सुबोध भाषा र गम्भीर भावले पूर्ण छन् । देशप्रेम, प्रकृतिप्रेम, मानवप्रेम, निष्काम कर्म, त्याग, स्वाभिमान, धर्म, संस्कृति र राष्ट्रभक्ति जस्ता विभिन्न भावमा फैलिएका यिनका कविताहरू सुन्दर पठनीय र ग्रहणीय छन् । उनले आफ्ना सिर्जनामा मूलरूपमा अन्याय, अत्याचार, भ्रष्टाचार, विकृति, विसङ्गति र सामाजिक शोषणप्रति क्रान्तिकारी बनेर तिखो प्रहार गरेका छन् भने मानवता, स्वतन्त्रता र समानताको सन्देश दिन पनि कवि चुकेका छैनन् । नेपाली र नेपाल दुवै भाषाका कवितामा समान कलम चलाउने मिश्रले आजको आधुनिक साहित्यमा बहुप्रचलनमा रहेका गद्य र छन्दोबद्ध दुवैथरि कविताहरू लेखेका छन् । उनी पद्यभन्दा बढी गद्यलय कविताहरू लेख्छन् । उनले आफ्ना कवितामा प्राय प्रचलनमा रहेका शार्दूलविक्रीडित, तोटक, मन्दाक्रान्ता आदि छन्दको प्रयोग गरेका छन् ।

निष्कर्षमा भन्नुपर्दा निम्नमध्यमवर्गीय परिवारमा जन्मिएर पनि आफ्नो नैसर्गिक प्रतिभा, आफ्नै अथक श्रम, साधना र निरन्तरको अभ्यासले बहुमुखी व्यक्तित्ववान् बनेका साहित्यकार मिश्रले कविता, गीत, निबन्ध आदि विविध साहित्यिक विधाका माध्यमबाट नेपाली भाषा र साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन् ।

# सन्दर्भ सामग्री सूची

## क)	पुस्तक


अवस्थी, महादेव, ***आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,*** काठमाण्डौः इन्टलेक्चुअल्ज बुक प्यालेस, २०६४, पृ. ४८-५२ ।

उपाध्याय, केशवप्रसाद, ***साहित्य प्रकाश,*** चौ.सं. ललितपुर, साझा प्रकाशन, २०४४ ।

उपाध्याय, केशवप्रसाद, ***पूर्वीय साहित्य सिद्धान्त*** काठमाण्डौः साझा प्रकाशन, २०६१ ।

थापा, हिमांशु, ***साहित्य परिचय,*** ललितपुरः साझा प्रकाशन, २०२६, पृ. ५७ ।

नेपाल, देवी, ***छन्दपराग,*** काठमाडौंः भुँडीपुराण प्रकाशन, २०६२ ।

पोखरेल, बालकृष्ण र अरू (सम्पा) ***नेपाली बृहत् शब्दकोश,*** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।

भट्टराई, घटराज, ***नेपाली लेखककोश,*** काठमाडौंः लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०२६ ।

मिश्र, मदनमोहन, ***क्वातिको रस,*** ललितपुरः आफै, २०३६ ।

________________, ***बागमतीको विलाप,*** ललितपुरः आफै, २०४९ ।

________________, ***यहाँलाई परिचय गराउँकि?,*** ललितपुरः आफै, २०४२ ।

________________, ***राजदरबारको हत्याकाण्ड,*** ललितपुरः आफै, २०५९ ।

________________, ***कान्तिपुरी महानगरी,*** ललितपुरः रमा प्रकाशन, २०५२ ।

________________, ***नेपाली संस्कृतिमा शिवमहिमा,*** ललितपुरः मित्रकरूण प्रकाशन, २०४३ ।

________________, ***हिमवत् खण्डका भक्ति शक्ति र संस्कृति,*** ललितपुरः रमा राजश्री प्रकाशन  २०५४ ।

________________, ***नेपाली संस्कृतिमा वाग्मती एक विहङ्गम दृष्टि,*** ललितपुरः श्रद्धा प्रकाशन, २०४७ ।

________________, ***हाम्रो कला संस्कृति एक विहङ्गम दृष्टि,*** ललितपुरः जयजोशी प्रकाशन, २०४१ ।

________________, ***राष्ट्रिय मूर्तिकला एक अध्ययन,*** ललितपुरः आफै, २०२६ ।

________________, ***राष्ट्रिय मूर्तिकला,*** काठमाडौंः साझा प्रकाशन, २०३७ ।

________________, ***कला र संस्कृति एक चिन्तन,*** ललितपुरः आफै, २०३० ।

लुइँटेल, खगेन्द्रप्रसाद, ***कवितासिद्धान्त र नेपाली कविताको इतिहास,*** काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०६१ ।

लुइँटेल, नरनाथ, ***नेपाली हास्यव्यङ्ग्य निबन्ध,*** काठमाडौंः विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६५ ।

विश्वनाथ, कविराज, ***साहित्यदर्पण,*** वाराणसीः चौखम्बा संस्कृतसंस्थान इ.सं १९०९ ।

त्रिपाठी, वासुदेव र अरू (सम्पा) ***नेपाली कविता (भाग ४)*** ललितपुरः साझा प्रकाशन, २०४६ ।

## ख) पत्रपत्रिका


मिश्र, मदनमोहन, ***कथा पाटी-पौवाहरूको',*** साप्ताहिक अमलेख, (२०६४), पृ. ३-४ ।

_______________, ***नेपाली वास्तुकलामा तान्त्रिक मतको प्रभाव,*** युग आह्वान, (२०२४), पृ. ४२-४६ ।

_______________, ***हाम्रो संस्कृतिमा गणेश, झंकार,*** (वर्ष १३, अङ्क २, २०२५) पृ. २-४ ।

_______________, ***कामना, धर्मभूमि,*** (२०२४ भाद्र २२ गते पृ. ४९ ।

_______________, ***भगवान के म चढाउँ, धर्मभूमि,*** (वर्ष २०४४, श्रावण ३१) पृ. २३-२४ ।

_______________***साँढे, अर्पण,*** (वर्ष ४, अङ्क ३, २०२५) पृ. १६ ।